# बोलावट- तपाईंमा धेरै छ

खम्बाहरूमा एउटा महत्त्वपूर्ण विषय तपाईंको बोलावट हो। तर हामी इमानदार बनौं। प्रायःजसो, हामी आफूलाई धेरै सक्षम अनुभव गर्दैनौं। हामी आफूले सोचेजति फलदायी र सफल किन छैनौ भनी सोच्दछौं। कहिलेकहीं हामी एकलो अनुभव गर्छौं र हामी प्रेम अनुभव गर्दैनौं र कहिलेकहीं प्रभुको आनन्द पनि हामीबाट निस्केर गएको जस्तो लाग्छ। येशूलाई आफ्ना चेलाहरूले पनि यस्ता लक्षणहरूको सामना गर्नुपर्नेछ भनी थाहा थियो। अनि यूहन्ना 15 अध्यायमा उहाँले तिनीहरूलाई सेवकाइ गर्न पठाउन अघि केही समय लिएर तिनीहरूका बोलावटसँग सम्बन्धित एउटा अति महत्त्वपूर्ण आत्मिक सत्यताको बारेमा तिनीहरूलाई तालीम दिनुहुन्छ। हामी पनि यदि परमेश्वरले हाम्रा लागि राखिदिनुभएका सबै कुरामा हिँड्न चाहन्छौं भने ती कुराहरू बुझ्नु आवश्यक छ। यूहन्ना 15 अध्यायमा उहाँले एउटा बोटको यो चित्र बनाउनुहुन्छ। यो केवल एउटा बोट हो, जहाँ हामी र येशू एकसाथ जोडिन्छौं र उहाँले दुईवटा शब्दहरू प्रयोग गरेर दुईवटा विचारउत्पन्न गर्नुहुन्छ। पहिलो शब्द '**रहनु**' हो र दोस्रो शब्द '**छिँवल्नु**'(छाँट्नु) हो। यदि हामी परमेश्वरले हाम्रा लागि राखिदिनुभएको सबै कुरामा हिँड्न चाहन्छौं भने हामीले 'उहाँमा रहनु' भनेको के हो त्यो जान्नुपर्छ र हामी उहाँद्वारा छाँटिनु भनेको के हो त्यो जान्नुपर्छ। पहिलो शब्द 'रहनु' वास्तवमा हामी उहाँसित एक छौं भन्ने कुरासँग सम्बन्धित छ। हामी उहाँसँगै छौं। मैले एक दिन एउटा फिल्म हेरिरहेको थिएँ र त्यो हराएको राज्य खोज्ने चार जना मानिसको कथा थियो र तिनीहरू जङ्गलको बाटो हिंड्दैथिए। तिनीहरूसँग एउटा नक्सा थियो। तर तिनीहरू नक्साको बारेमा त्यत्ति निश्चित थिएनन्। तिनीहरूले मनमा यस्तो सोचिरहेका थिए, "यदि हामीले त्यो हराएको राज्य फेला पार्न सक्यौं भने त्यहाँ गाडधन छ, शक्ति त्यहीं छ। हाम्रो जीवन अर्थपूर्ण हुनेछ र यदि हामीले यो हराएको राज्य फेला पार्न सक्यौं भने हामी धनी हुनेछौं। संसारका सबै आनन्द पाउनेछौं।" अनि जब म त्यो फिल्म हेरिरहेको हुन्छु, तब मनमनै सोच्दछु- धेरै ख्रीष्टियन अगुवाहरू पनि यस्तै प्रकारको सोचविचार गर्छन्। यदि मैले केवल परमेश्वरको राज्य फेला पार्न सकें भने, यदि कसैले मलाई परमेश्वरको राज्य देखायो भने, म जान्दछु, त्यहाँ मेरो सेवकाइका लागि आवश्यक पर्ने सबै अधिकार र स्रोत-साधनहरूको भण्डार छ। चेलाहरूले येशूलाई यस्तै प्रकारको प्रश्न गरेका थिए। तिनीहरूले भने, "प्रभु, तपाईंको राज्य कहाँ छ? तपाईं त्यो राज्य कहिले स्थापना गर्नुहुनेछ? हामी त्यो कसरी थाहा पाउनेछौं? हामी कसरी यसको हिस्सा बन्न सक्नेछौं?" अनि येशूले लूका 17 अध्यायमा यसरी यसको जवाफ दिनुभयो। उहाँले यो कुरा पद 20 मा भन्नुहुन्छ। येशूले भन्नुभयो, "परमेश्वरको राज्यको आगमन प्राकृतिक रूपमा देख्न सकिने कुरा होइन। न त मानिसहरूले 'हेर यो यहाँ छ' वा 'त्यहाँ छ,' नै भन्नेछन्, किनकि परमेश्वरको राज्य तिमीहरूभित्रै छ।"

'रहनु'- भनेको के हो भन्ने विषयमा यो एउटा अति नै महत्त्वपूर्ण सिद्धान्त हो। रहनु भनेको मैले खोज्नु पर्ने, कतै बस्नुहुने परमेश्वरसित मैले सम्बन्ध राख्नु होइन। तर परमेश्वरको राज्य मभित्र छ। पावलले आफ्ना पत्रहरूमा ख्रीष्ट ममा हुनुहुन्छ भनी बताए। म ईश्वरीय स्वभावको सहभागी पनि हुँ। ख्रीष्टलाई मरेकोबाट पुनर्जीवित पार्नुहुने आत्मा ममा बास गर्नुहुन्छ। एक जना मृतकलाई जीवित पार्न कतिसम्म शक्ति चाहिन्छ? त्यो शक्ति तपाईंभित्र छ। वास्तविक कुरा के हो भने, येशूले उहाँका चेलाहरू र हामीलाई यो सिकाइरहनुभएको छ, कि तपाईंभित्र तपाईंले कल्पना गर्न सक्नेभन्दा बढी कुराहरू छन्। तपाईंभित्र धेरै प्रेम छ। तपाईंभित्र धेरै फल छ। तपाईंभित्र धेरै आनन्द छ। तर त्यो प्रयोग गर्नका निम्ति तपाईं उहाँमा रहनुपर्छ साथै छाँटिनु पनि पर्छ।

बोट छाँट्ने वा छिँवल्ने कार्य फल अझ धेरै फलोस् भनेर गरिन्छ। फूलका बोटहरूलाई यसै गरिन्छ। ती काटेर वास्तवमा तपाईं तिनीहरूलाई अझ बढन र फल फलाउनका निम्ति तयार पारिरहनुभएको हुन्छ।

यूहन्ना 15 अध्यायमा येशूले आफ्ना चेलाहरूलाई पठाउन सिकाउनुहुन्छ, जसरी हामी पनि पठाइएका छौं। हाम्रो बोलावटको बारेमा महत्त्वपूर्ण आत्मिक सत्यता यही हो कि वास्तवमा हामीमा धेरै कुराहरू छन् जुन हामीले प्रयोग गर्न सिक्नुपर्छ। अनि उहाँले तीनवटा क्षेत्रको कुरा गर्नुहुन्छ। अझ धेरै फलदायी हुने, अझ धेरै सफल हुने, अझ धेरै प्रेम गर्ने, र अझ धेरै आनन्दित हुने। सबैभन्दा पहिले, अझ धेरै फलदायी हुने। तपाईंभित्र धेरै फल छन्। म जान्दछु, तपाईं आफूलाई अनुत्पादक अनुभव गर्दै हुनुहुन्छ। तपाईंले सेवकाइमा जे कुरा जुन हद वा सफलतासाथ हासिल हुने सोच्नुभएको थियो त्यस्तो प्रकारले हासिल गर्न नसकेको अनुभव भइरहेको हुन सक्छ। यूहन्ना 15 अध्यायमा येशू भन्नुहुन्छ,"तिमीहरूले धेरै फल फलाउनेछौ।" अनि तिमीहरूले धेरै फल फलायौ भने पिताको महिमा हुनेछ। तर तपाईं भन्नुहुन्छ, "तर किन म यसमा असफल भएको जस्तो लाग्छ?" वा कम्तिमा पनि, "मलाई किन सामान्य जस्तो लाग्छ?" यसको उत्तर 'रहनु' र 'छाँटिनु' मा छ। किनकि येशूले आफ्ना चेलाहरूलाई शिक्षा दिंदै भन्नुहुन्छ, "तिमीहरूले धेरै फल फलाउनेछौ, तर रहनु भनेको यस्तो हो।" तपाईंले माग्नुपर्छ। तपाईंले माग्नुपर्छ र त्यो तपाईंलाई दिइनेछ। जब उहाँले माग भन्नुहुन्छ तब उहाँले 'प्रार्थना गर' भन्नुभएको होइन। मलाई लाग्छ, उहाँले साझेदारीको तस्वीर दिइरहनुभएको छ। येशू भन्नुहुन्छ, "सुन, हामी सेवकाइमा सँगसँगै साझेदार हौं। जब तिमी माग्छौ, हामी त्यसका निम्ति मिलेर सँगै काम गर्छौं।" कहिलेकहीं जब हामी सेवकाइमा हुन्छौं, तब येशू हाम्रा साझेदार नबनेर बरु उहाँले हामीलाई जिम्मेवारी सुम्पनुभएको जस्तो लाग्छ। येशूले कहिल्यै पनि जिम्मेवारी सुम्पनुहुन्न। उहाँ सँगसँगै जोडिनुहुन्छ। नयाँ करारमा चेलाहरूसँग यसको ठूलो उदाहरण छ जब त्यहाँ हजारौं मानिसलाई खुवाउन परेको थियो। येशूले चेलाहरूलाई हेर्नुहुन्छ र भन्नुहुन्छ, "तिमीहरूले नै तिनीहरूलाई खुवाओ।" तिनीहरूको पहिलो प्रतिक्रिया त्यस कुरालाई जिम्मेवारी सुम्पिएको रूपमा हेर्नु हो। अनि तिनीहरूले आफ्नो क्षमता हेर्छन् र भन्छन्, "हामीले यो गर्न सक्दैनौं। हामीसँग पुग्दो पैसा छैन। हामीसँग पुग्दो स्रोतसाधन छैन। यसका लागि एक महिनाको ज्याला चाहिन्छ।" तिनीहरू आफ्नो सेवकाइ र आफ्नो क्षमतालाई गोलो घेराजस्तै हेरिरहेका छन्। अनि तिनीहरूसँग थोरै मात्र छ। त्यहाँ एउटा सीमा छ। जब तपाईं केही दिनुहुन्छ, तपाईंसँग कम हुन्छ।

येशू तिनीहरूले आफैलाई उहाँसित साझेदारको रूपमा हेरून् भन्ने चाहनुहुन्छ। 'रहनु।' यसमा हामी एकसाथ छौं। बाइबलले भन्छ, परमेश्वरको राज्य हामीभित्र भएकोले हामीसित भएका संसाधनहरू टुक्रा-टुक्रा भएर गुम्दै जाने प्रकारको सीमित छैनन्। तर यो धेरै प्रकारले हाम्रो निम्ति प्रशस्त मात्रामा भरिएर पोखिने, पोखिरहने कचौरा हो, किनकि परमेश्वरले हामीलाई चाहिने सबैथोक दिनुहुन्छ। 2 कोरिन्थी 9:8 मा यसो भनिएको छ, "परमेश्वरले तिमीहरूलाई हरेक आशिष् प्रशस्त मात्रामा दिन सक्नुहुन्छ, ताकि तिमीहरूसित सधैं नै हरेक कुरा प्रशस्त होस् र हरेक असल कामका निम्ति तिमीहरूले प्रशस्त मात्रामा दिन सक।" साझेदारी भनेको यही नै हो। तर तपाईं जान्नुहुन्छ, तपाईंभित्र भएको फल प्रयोग गर्न, ख्रीष्ट तपाईंमा हुनुभएको कारण तपाईंसँग अघिबाटै भएको सफलताको अझ ठूलो क्षमता प्रयोग गर्न तपाईंले आफैमा भर पर्न छाड्नुपर्छ (छाँटिनुपर्छ)।

जब तपाईं आफैलाई यो कार्य पूरा गर्ने क्षमता चाहिएको व्यक्तिको रूपमा हेर्नुहुन्छ, तब आफैलाई धेरै कम फलदायी पाउनुहुनेछ। येशूले यूहन्ना 15 अध्यायमा भन्नुभयो, "मबाट अलग रहेर तिमीहरू केही गर्न सक्दैनौ।" विश्वासको कुरा गर्दा पनि आत्मनिर्भरतालाई छाँट्नु आवश्यक छ, किनकि बाइबलले हामीलाई हाम्रो विश्वास सुरु गर्नुहुने र पूरा गर्नुहुनेलाई हेर्नू भन्दछ। तपाईंभित्र अझ धेरै फल र सफलता छ, तर तपाईंले येशूसँग साझेदारी गरेर अनि आत्मनिर्भरता हटाएर यसलाई प्रयोग गर्नुपर्दछ। त्यो कथाको अन्त्यमा यसको उत्कृष्ट

उदाहरण छ, किनकि त्यो कथाको अन्त्यमा, त्यहाँ भोजन उब्रिएको छ। बाइबलले बताउँछ, चेलाहरूले डालाहरू लिएर उब्रिएको 12 डाला खानेकुराहरू बटुले।

मलाई लाग्छ, ती खानेकुराहरू बटुल्दै गर्दा चेलाहरूको आफ्नो मनमा यस्तो सोचिरहेका थिए,"वाह, यो आश्चर्यकर्म हुँदै गर्दा हामी त्यहीं थियौं र पनि हामीलाई यो थाहा भएन।"

मित्र, के म तपाईं बताउन सक्छु? कुनै आश्चर्यकर्म हुँदै गर्दा तपाईं त्यहीं हुनुभए पनि तपाईंलाई त्यो थाहा नहुन सक्छ, किनकि तपाईंले आफैलाई तपाईंद्वारा सक्रिय हुनुहुने प्रभुको साझेदारीमा बाँधिएको देख्नुहुन्न र प्रभुले तपाईंका निम्ति राखिदिनुभएको अझ ठूलो सफलताको स्थानमा पुग्न तपाईंले त्यो आत्मनिर्भरतालाई हटाउनु पर्छ। यूहन्ना 15 अध्यायमा येशूले अझ अरू कुराहरू भन्नुहुन्छ, किनकि उहाँका चेलाहरूले तिनीहरूमा धेरै प्रेम उपलब्ध छ भनी बुझून् भन्ने उहाँ चाहनुहुन्छ।

चेलाहरूले कहिलेकहीं आफैलाई अति कठिन अवस्थामा पाउँछन्। तिनीहरूले धर्मगुरुहरू र अरू प्रशासनहरूबाट मात्र सतावटको सामना गरेनन्, तर चर्चभित्रबाटै पनि सतावटको सामना गर्छन्। अनि सेवकाइ अगुवाको रूपमा धेरै पटक तपाईं आफैलाई सतावट र कठिनाइमा, एकलोपनमा, प्रेम नपाएको र प्रेम पाउन नसक्ने अवस्थामा भएको अनुभव गर्नुहुनेछ। वास्तवमा त्यहाँ एक शब्द छ जसलाई 'दया गरेर थाक्नु' भनिन्छ। जब तपाईं मानिसहरूलाई प्रेम गर्नुहुन्छ र अझै तिनीहरूलाई प्रेम गरिरहनुहुन्छ र तपाईं त्यसको बदलीमा केही फिर्ता पाउनुहुन्न। मानिस कृतज्ञ हुँदैनन्, तिनीहरू परिवर्तन हुँदैनन्। केही समयपछि तपाईं रोकिनुहुन्छ र भन्नुहुन्छ, "मसँग तपाईंहरूलाई दिन अरू केही छैन। मसँग अब तिमीलाई दिन अझ बढी प्रेम छैन।" तपाईं दया गर्दागर्दा थाक्नुहुन्छ।

तर येशूले यूहन्ना 15 अध्यायमा भन्नुहुन्छ, "मैले तिमीहरूलाई जसरी प्रेम गरें, तिमीहरूमा पनि त्यति नै धेरै प्रेम छ, उहाँको प्रेममा पूर्ण रूपमा सामेल हुने क्षमता तिमीहरूभित्र छ, तर त्यस्तो हुनका लागि तपाईं 'रहनु' पर्छ।" यूहन्ना 15 अध्यायमा यो कसरी हुन्छ भनेर उहाँले हामीलाई बताउँछन्। उहाँ भन्नुहुन्छ, "यदि तिमीहरूले मेरा आज्ञाहरू पालन गर्‍यौ भने मेरो प्रेमलाई पूर्ण रूपमा अनुभव गर्नेछौ।" अब त्यो अनौठो लाग्छ, किनकि आज्ञाहरू प्रेमसँग जोडिएको जस्तो लाग्दैन। तर येशूले मेरा[उहाँका] आज्ञाहरूबारे कुरा गरिरहनुभएको छ। धर्मगुरुहरू उनीकहाँ बारम्बार आउने गर्थे र प्रश्न गर्थे,"सबैभन्दा महत्त्वपूर्ण आज्ञाहरू के-के हुन्?" पुरानो करारमा 613 नियमहरू थिए, ती व्याख्या गर्न हजारौं अरू नियमहरू थिए। अनि येशूले धर्मगुरुहरूलाई जवाफ दिनुभयो र भन्नुभयो, "दुईवटा। यी दुईवटा।"

उहाँले पुरानो करारको व्यवस्थालाई कम गर्नुभएन। उहाँले ती दुईवटा सारांश निकाल्नुभयो। परमेश्वरलाई प्रेम गर्नु र अरूलाई प्रेम गर्नु। जब येशूले चेलाहरूलाई र हामीलाई शिक्षा दिनुहुन्छ, तपाईंमा अझ धेरै प्रेम हुन्छ। यदि तिमीहरूले मेरा आज्ञाहरू पालन गर्‍यौ भने तिमीहरू त्यो प्रेम प्राप्त गर्नेछौं।

उहाँ भन्नुहुन्छ कि यी आज्ञाहरू भनेको परमेश्वरलाई प्रेम गर्नु र अरूलाई प्रेम गर्नु हो।

यसलाई तपाईंको विश्वास र सेवकाइको हिस्सा मात्र नबनाउनुहोस्। त्यो मुख्य कुरा बनोस्। तपाईंको सम्पूर्ण विश्वास र सेवकाइका लागि त्यो तपाईंको पहिचान बनोस्। त्यसै कारणले येशूको मृत्यु र पुनरुत्थानपछि अनि पत्रुसले उहाँलाई इन्कार गरेपछि पनि येशूले पत्रुसलाई सेवामा पुनर्स्थापित गर्नुहुन्छ। उहाँले पत्रुसलाई भेट्नुहुँदा, "तिमी कतिवटा चर्च स्थापना गर्नेछौ? तिमी कति पैसा दिनेछौ? तिमी कतिसम्म बलिदान गर्नेछौ?" भनी सोध्नुहुन्न। उहाँले पत्रुसलाई सोध्नुहुन्छ, "के तिमी मलाई प्रेम गर्छौ?"

"के तिमी मेरा भेडाहरूलाई चराउनेछौ?"

विभिन्न भाषा(शब्द)हरू प्रयोग गर्दै, येशूले केवल ती दुईवटा आदेश दोहोर्‍याउनुहुन्छ।

परमेश्वरलाई प्रेम गर्नु र अरूलाई प्रेम गर्नु।

अनि जब यसले तपाईंको पहिचान र तपाईंको सेवकाइलाई परिभाषित गर्दछ, तब तपाईं आफैमा पहिले नै रहेको प्रेमको स्रोत खोलिरहनुभएको हुन्छ। तर त्यो गर्नाका लागि तपाईंले धर्मलाई छाँट्नुपर्छ।

यसबारे विचार गर्नुहोस्। एकातिर फरिसीहरू अहिलेसम्म कै जानिएका सबैभन्दा महान् ख्रीष्टियन अगुवाहरू जस्ता देखिन्थे। तिनीहरू आफ्ना खेतको उब्जनीलगायत सबै कुराका पूरै दशांश दिन्थे। तिनीहरूले धर्मशास्त्रको वचन कण्ठ गर्थे। तिनीहरूले अरू कसैले भन्दा बढी प्रार्थना गर्थे। बाइबलले भन्छ, तिनीहरू एक जना व्यक्तिलाई आफ्नो विश्वासमा ल्याउन समुद्र पार गरेर जान्थे। हामीमध्ये धेरै जना कसैलाई विश्वासमा ल्याउन बाटोपारि समेत जाँदैनौं। त्यसैले एकातिर, तपाईं फरिसीहरूलाई हेर्नुहुन्छ र भन्नुहुन्छ, "तिनीहरू एक ख्रीष्टियन र ख्रीष्टियनको वास्तविक आदर्श नमुना हुन्।"

तर येशूले भन्नुभयो, "त्यसो होइन, पटक्कै होइन।"

किनकि तिनीहरूको भित्र हृदयमा परमेश्वर र अरूप्रति कुनै प्रेम छैन।

तपाईंमा धेरै नै प्रेम छ। अनि तपाईंसँग दिनका निम्ति प्रेम छैन जस्तो लाग्न सक्छ। तपाईंलाई आफू प्रेमयोग्य नभएको जस्तो लाग्न सक्छ। अनि येशूले तपाईंलाई यो प्रतिज्ञा दिनुहुन्छ। 'तिमीहरू पूर्ण रूपमा मेरो प्रेम रहन सक्छौ, तर तिमीहरूले 'म येशूलाई प्रेम गर्छु र म मानिसहरूलाई प्रेम गर्छु' भन्ने आफ्नो जीवनको परिभाषा र आफ्नो पहिचानमा रहेर सुरु गर्नुपर्दछ। तपाईंलाई आफ्नो पहिचान प्रमाणित गर्न विभिन्न कामहरू गर्न बाध्य पार्ने कुनै पनि धर्मलाई छाँट्नुपर्छ। तब तपाईं आफूभित्र रहेको प्रेम पत्ता लगाउन थाल्नुहुन्छ। येशूले अझै सबै कुरा भनिसक्नुभएको छैन, किनकि उहाँ चेलाहरूले तिनीहरूमा अझ धेरै आनन्द पनि छ भन्ने कुरा जानून् भन्ने चाहनुहुन्छ। चेलाहरूले वास्तविक कठिनाइहरूको सामना गर्नुपर्नेछ भनेर येशूले बुझ्नुभयो। सेवकाइका निम्ति हामीले उहाँको बोलावटलाई स्वीकार गर्दा हामीले कठिनाइको सामना गर्नुपर्नेछ भनी उहाँले जान्नुहुन्थ्यो। त्यहाँ प्रश्नहरू हुनेछन्, त्यहाँ भ्रम हुनेछ, कहिलेकहीं शारीरिक सतावट हुनेछ।

अनि जब त्यस्तो हुन्छ, धेरैचोटि ती कठिनाइहरूले हाम्रो आनन्द खोस्न सक्छ।

जब हाम्रो आनन्दबाट लुटिन्छ, हामी पनि कमजोर अनुभव गर्छौं, किनकि बाइबलले भन्छ,"परमप्रभुको आनन्द मेरो बल हो।" यदि तपाईंसँग त्यो आनन्द छैन भने तपाईंसँग त्यो बल हुँदैन र तपाईं कमजोर अनुभव गर्नुहुन्छ। अझै पनि तपाईं धर्मशास्त्रमा ठूलो आनन्द र ठूलो बलका उदाहरणहरू, अनि ती कसरी सँगसँगै हुन्छन् भनी देख्नुहुन्छ। तपाईं सेवकाइको यस्तो स्थानमा भएको कल्पना गर्नुहोस् जहाँ तपाईंले यस्तो खतरनाक परिस्थितिको सामना गर्दै हुनुहुन्छ कि तपाईंको ज्यान नै जोखिममा छ र पनि तपाईंसँग आनन्द छ र तपाईं साँच्चै त्यो क्षणमा पनि परमेश्वरको आराधना गर्न सक्नुहुन्छ, जस्तै पावल र सिलासले जेलको कोठरीमा हुँदा गरेका थिए। उनीहरूले त्यो आनन्द कहाँ पाए? उनीहरूले त्यो बल कहाँ पाए?

तपाईं आफू यस्तो स्थितिमा भएको कल्पना गर्नुहोस् जहाँ आर्थिक संकष्ट छ र तपाईंसँग केही छैन र तपाईं धेरै गरिब हुनुभएको अनुभव गर्नुहुन्छ।

तापनि दुई पैसा चढाउने त्यस विधवाझैं तपाईंमा आफूसँग भएको अन्तिम पैसा भेटीको रूपमा परमेश्वरलाई चढाउने आनन्द र बल छ। त्यस विधवाले त्यस्तो खुसी, आनन्द र उदारतापूर्वक आफ्नो अन्तिम पैसा परमेश्वरलाई चढाउने आनन्द र बल कहाँ पाएकी थिइन्?

सेवकाइमा यस्तो अवस्थामा भएको कल्पना गर्नुहोस् जहाँ तपाईंसँग भेदभाव गरिन्छ अनि त्यहाँ कानुन र नियमहरू छन् जसले तपाईंलाई आफ्नो विश्वासअनुसार जिउनबाट रोक्दछ। तापनि तपाईंसँग खुल्लमखुल्ला त्यसको विरुद्ध खडा हुने आनन्द र बल छ, जस्तो सरकारले परमेश्वरको आराधना गर्न नपाइने उर्दी जारी गर्दा दानिएल त्यसको विरुद्ध खडा भएका थिए। दानिएल आफ्नो कोठामा गए र सबैले देख्न सकून् भनी

तिनले झ्यालहरू खोले र परमेश्वरसँग प्रार्थना गरे अनि परमेश्वरको आराधना गरे। तिनले पर्दाहरू किन लगाएनन्? मेरो विचारमा, दानिएलसँग यस्तो आनन्द र बल थियो, कि उनले यसो भन्न सके,"म यस्तै छु। म यसरी नै जिउनेछु। यसरी म आफ्ना परमेश्वरको सेवा र सम्मान गर्नेछु।" उनीहरूले यस्तो आनन्द कहाँ पाए?

येशूले यूहन्ना 15 अध्यायमा चेलाहरूलाई तिमीहरू रहनुपर्छ र छाँटिनुपर्छ भनी सिकाउनुहुन्छ। उनले यस अध्यायको पछिल्लो भागमा एउटा वाक्यांश प्रयोग गर्नुहुन्छ, जहाँ उहाँ भन्नुहुन्छ, "म चाहन्छु, मेरो आनन्द तिमीहरूमा रहोस्।" उहाँले तपाईंमा तपाईंले सोच्नुभएको भन्दा धेरै आनन्द छ भनी जोड दिंदै हुनुहुन्छ, तर यो तपाईंमा रहनुपर्छ किनकि आज, अर्को महिना, यस जीवनका परिस्थितिहरूको कठिनाइहरूले हाम्रो आनन्द हामीबाट खोसेर लैजान सक्छ भनी येशूले जान्नुहुन्थ्यो। हामी यस क्षणमा मात्र जिइरहेका छौं भन्ने बुझाइलाई पनि हामीले छाँट्नुपर्छ। येशू आफैले हामीमा पहिलेबाटै भएको आनन्द कसरी प्राप्त गर्ने भन्ने कुराको एउटा असल उदाहरण दिनुहुन्छ। तपाईंहरूमध्ये कतिले साँच्चै निराश अनुभव गरिरहनुभएको हुन सक्छ र तपाईंको टाउकोमा कालो बादल छाएको होला। येशूको नमुनाले हामीलाई त्यो आनन्द कसरी प्राप्त गर्ने भन्नेबारे धेरै महत्त्वपूर्ण आत्मिक ज्ञान दिंदछ। हिब्रूहरूको पुस्तकले भनेको छ, कि जब येशूमा क्रूसमा टाँगिन लाग्नुभएको थियो, त्यस बेला उहाँको अगाडि राखिएको आनन्दका लागि उहाँ क्रूसतिर जान सक्नुभयो। येशूसँग आनन्द थियो, उहाँसँग शक्ति थियो, उहाँ क्रूसमा टाँगिन हिचकिचाउनुभएन, जुन हामीमध्ये कसैले पनि कल्पना गर्न नसक्ने सबैभन्दा कठिन कुरा हुनेथियो। तापनि उहाँको अगाडि राखिएको आनन्दका कारण, उहाँले आफूलाई सम्हालेर राख्न सक्नुभयो। उहाँको अगाडि राखिएको आनन्द- यसको अर्थ के हो? येशूले क्रूसभन्दा अझै उता सोचिरहनुभएको थियो। उहाँले पुनरुत्थान र स्वर्गारोहणको बारेमा सोच्दैहुनुहुन्थ्यो। उहाँले त्यो अर्को अन्तिम युगको बारेमा सोच्दैहुनुहुन्थ्यो, जहाँ कुनै पीडा, कुनै दुःख हुनेछैन। येशूको अगाडि राखिएको आनन्द यो थियो कि उहाँले तपाईं र तपाईंको सहरका मानिसहरूको बारेमा सोच्दैहुनुहुन्थ्यो। जब उहाँले भविष्यको युगको बारेमा सोच्नुहुन्छ, त्यहाँ आनन्द र शक्ति हुन्छ, यसरी उहाँ क्रूसमा जान सक्नुहुन्छ र डगमगाउनुहुन्न। हाम्रा लागि यो एउटा आत्मिक सिद्धान्त(शिक्षा) हो।

हामीले संसारसँग मग्न हुने कुरालाई पनि छाँट्नु पर्छ।

जब हामी अर्को संसारमा- नयाँ आकाश र नयाँ पृथ्वीमा हाम्रो नजर लगाउँछौं, जब हामी येशू फेरि आउँदै हुनुहुन्छ भन्ने चेतनाका साथ जिइरहेका हुन्छौं, जब हामी उहाँसित हाम्रो निम्ति अनन्तता छ भनी जान्दछौं, त्यही नै हामीभित्र भएको प्रभुको आनन्द हो, त्यसको जरा यति गहिरो गाडिएको छ कि आजको परिस्थितिहरूले हामीबाट त्यो आनन्द खोसेर लैजान सक्दैन।

उहाँ भन्नुहुन्छ, "यदि तिमीहरू ममा रह्यौ भने, यदि तिमीहरू आज र यस युगसँग धेरै मग्न हुनबाट बच्यौ भने मेरो आनन्द तिमीहरूमा रहनेछ।" के तपाईंलाई कहिल्यै तपाईं यस संसारका निम्ति योग्य हुनुहुन्न जस्तो अनुभव हुन्छ? के तपाईंलाई कहिल्यै तपाईं यहाँको होइन, यहाँ जे भइरहेको छ त्यससित तपाईंको कुनै सरोकार छैन, तपाईं यहाँको निम्ति योग्य हुनुहुन्न जस्तो लाग्छ? तपाईंलाई किन त्यस्तो लाग्छ के तपाईंलाई थाहा छ? किनकि तपाईं यस संसारका निम्ति सुहाउँदो (योग्य) हुनुहुन्न। तपाईं यस युगका निम्ति उपयुक्त हुनुहुन्न। तपाईं अर्को संसार र अर्को युगका लागि बनाइनुभएको थियो, जब तपाईं नयाँ करारको चर्च र यसका अगुवाहरूलाई हेर्नुहुन्छ र उनीहरूले भोगेका कठिनाइहरू तपाईं बुझ्नुहुन्छ र आफैलाई प्रश्न गर्नुहुन्छ, "उनीहरूमा यस्तो आनन्द कसरी हुन सक्छ? त्यस्तो कठिनाइमा पनि पावल र सिलासले जेलखानका कोठामा कसरी आराधना गर्न सके?

किनकि नयाँ करारअनुसार तिनीहरूले हरेक दिन उत्सुकतासाथ आफ्ना मुक्तिदाताको दोस्रो आगमनको बाटो हेर्थे। हरेक दिन हेर्थे। यो दिन र यो हप्तामा उठाइनु सजिलो छ।

येशू भन्नुहुन्छ कि तिमीहरूमा अझ धेरै आनन्द छ। तर तपाईंलाई थाहा छ?

यदि तपाईं आफ्नो वरपरका परिस्थितिहरूमा आनन्द खोज्नुभयो भने त्यो आनन्द तपाईंमा नहुन सक्छ।

तर यदि तपाईंले अर्को युग छ भनी जान्नुभयो भने, उहाँको अगाडि राखिएको आनन्दका लागि, उहाँ क्रूसमा जान विचलित हुनुभएन। त्यहाँ अर्को समय छ, अर्को राज्य छ। तपाईं आफ्ना मुक्तिदाताको पुनरागमनको उत्सुकतापूर्वक प्रतीक्षा गर्नुहुन्छ र त्यस युगको कारण परिश्रमसाथ सेवा गर्नुहुन्छ। तपाईंसँग पहिलेबाटै भएको एउटा आनन्द छ जुन तपाईंले प्राप्त गर्नुहुनेछ, जुन बढेर जानेछ। यूहन्ना 15 अध्यायमा येशूले अगुवाहरूको बारेमा सिकाउनुभएको साँच्चै एउटा शिक्षा हो, किनकि उहाँले चेलाहरूलाई बाहिर पठाउँदैहुनुहुन्थ्यो र तिनीहरूका निम्ति यस्तै समयहरू हुनेछन् जुन बेला तिनीहरूले आफूहरू धेरै फलदायी नभएको जस्तो अनुभव गर्ने परीक्षमा पर्नेछन्, तिनीहरू दया गर्न थकित हुनेछन् र तिनीहरूले आफूसँग भएका सबै थोक गुमेर गएको अनुभव गर्नेछन् भनी उहाँले जान्नुहुन्थ्यो। त्यहाँ धेरै प्रेम हुनेछैन वा तिनीहरूले कुनै आनन्द नभएको अनुभव गर्नेछन्। अनि उहाँले आफ्ना चेलाहरूलाई हेरेर भन्नुहुन्छ,"हामी एउटै बिरुवा हौं।"

तपाईंभित्र अझ धेरै सफलता छ। तपाईंभित्र अझ धेरै प्रेम छ। तपाईंमा परमेश्वरको राज्य भएकोले अझ धेरै आनन्द छ।"

# बोलावट- ठूलो परीक्षा, आफैलाई प्रमाणित गर्नु

खम्बाहरूमा एक प्रमुख विषयवस्तु तपाईंको बोलावट हो। अनि तपाईंको बोलावटमा तपाईंले एउटा ठूलो परीक्षाको सामना गर्नुहुनेछ।

येशूले यस्तै प्रकारको परीक्षाको सामना गर्नुभयो र लूका 4 अध्यायमा उल्लेखित उहाँको परीक्षा हाम्रा लागि सेवकाइमा ठूलो शिक्षा हो, किनकि हामीले परीक्षाको सामना गर्नेछौं भनी हामी जान्दछौं र यसले हामीलाई त्यो परीक्षामाथि कसरी विजय पाउने सो सिकाउँछ। येशूलाई आत्माले डोऱ्याएर उजाड-स्थानमा लैजानुभयो, जहाँ शैतानले उहाँलाई परीक्षा गऱ्यो। म धेरै कृतज्ञ छु, किनकि हामीले शिक्षा पाउन सकौं भनेर येशूले संसारलाई उहाँ कसरी परीक्षामा पर्नुभयो भनेर जान्ने अनुमति दिन तयार हुनुहुन्थ्यो। शैतान येशूकहाँ आउँदछ र त्यसले उहाँलाई पहिले यो कुरा भन्दछ, "सुन्नुहोस्, यदि तपाईं परमेश्वरका पुत्र हुनुहुन्छ भने, 'यी ढुंगाहरूलाई रोटीमा बदल्नुहोस्'।" तर त्यसमा पाप कहाँ छ? येशूले खानेकुराको विषयमा धेरैवटा आश्चर्यकर्महरू गर्नुभयो। उहाँले प्रकृतिमा आश्चर्यकर्महरू गर्नुभयो। ती ढुंगाहरूलाई रोटीमा परिणत गर्दा कहाँ पाप हुन्थ्यो र? पापचाहिं 'यदि तपाईं परमेश्वरका पुत्र हुनुहुन्छ भने' भन्ने पहिलो वाक्यांशमा छ।

तपाईं देख्नुहुन्छ, शैतानले येशूको परीक्षा गर्दछ र हामी पनि सेवकाइमा परीक्षाको सामना गर्नुपर्ने हुन सक्छ, हामीले आफैलाई प्रमाणित गर्नुपर्दछ। हामीले हाम्रो बोलावटलाई प्रमाणित गर्नुपर्छ। येशूलाई यो परीक्षा गरिन्छ र उहाँले तुरुन्तै शत्रुलाई 'मानिस रोटीले मात्र जीवित रहँदैन, तर परमेश्वरको मुखबाट निस्केको हरेक वचनले जीवित रहँदछ' भन्ने वाक्यांशद्वारा जवाफ दिनुहुन्छ। यहाँ उहाँले स्पष्ट कुरा भन्नुहुन्छ। उहाँले तपाईं यो परीक्षाको विरुद्ध लड्न सक्नुहुनेछ भनिरहनुभएको छ। परमेश्वरले तपाईंको बारेमा के भन्नुभएको छ भन्ने कुरा यदि तपाईंले जान्नुभयो भने, तपाईंलाई परमेश्वरले बोलाउनुभएको छ, तपाईं आफैले होइन, मानिसद्वारा होइन भनी जान्नुभयो भने येशूले भन्नुहुन्छ,"होइन, तपाईं परमेश्वरले तपाईंको बारेमा जे भन्नुभएको छ त्यसअनुसार जिउनुहोस्।"

मेरो विचारमा, येशूले वास्तवमा यो परीक्षाभन्दा अघिको एउटा घटनाको कुरा गर्दै हुनुहुन्छ। येशूले पानीको बप्तिस्मा लिनुभयो। त्यो पानीको बप्तिस्मामा, पिताले पुत्रको बारेमा बोल्नुभयो। अनि पिताले भन्नुभयो,"यिनी मेरा प्रिय पुत्र हुन्, यिनीलाई म प्रेम गर्दछु, जोसँग म अति प्रसन्न छु।" येशू भन्नुहुन्छ, "म यसैअनुसार जिउनेछु। मैले तँ शैतान वा कसैको पनि सामु आफैलाई प्रमाणित गर्नु आवश्यक छैन। पिताले घोषणा गर्नुभएको कारणले गर्दा म बोलाइएको छु।" तर शैतानले अझै उहाँलाई छोडेन। शैतान येशूकहाँ फर्केर आउँछ र त्यसले भन्छ,"होइन, मलाई दण्डवत गर्नुहोस्। यदि तपाईंले मलाई दण्डवत गर्नुभयो भने तपाईं जुन कुराका लागि आउनुभएको छ ती सबै म तपाईंलाई दिनेछु। तपाईं क्रूसमा टाँगिनुपर्दैन। तपाईंले मलाई दण्डवत मात्र गर्नुहोस् र जे चाहनुहुन्छ त्यो प्राप्त गर्नुहोस्।"

त्यहाँ तपाईंको सेवकाइका परिणामहरूलाई तपाईंको आफ्नै प्रकारले नियन्त्रण गर्ने यो सूक्ष्म परीक्षा हुन्छ, जहाँ तपाईं त्यसमाथि अधिकार गर्नुहुन्छ। अनि येशू फेरि शैतानकहाँ आउनुहुन्छ र उहाँले भन्नुहुन्छ, "होइन, केवल परमेश्वरको मात्र आराधना गर्नुपर्छ।" येशूले भनिरहनुभएको छ, कि जब तपाईं आफ्नो सेवकाइको बोलावट प्रमाणित गर्ने परीक्षामा पर्नुहुन्छ, जब तपाईंलाई सबैभन्दा बुद्धिमानी र उत्तम लागेको तरिकमा काम गर्ने परीक्षामा पर्नुहुन्छ, जब तपाईं अधिकार जमाउने र नियन्त्रण गर्ने परीक्षामा पर्नुहुन्छ। त्यस बेला तपाईं रोकिनुपर्छ अनि त्यस्ता कार्यहरूको पछाडि तपाईंले आफैलाई र तपाईंको सीप र तपाईंको क्षमता प्रमाणित गर्ने विचार हुन्छ भनी बुझ्नुपर्छ।

तपाईं परमेश्वरको आराधना गर्न बोलाइनुभएको छ, जसको अर्थ तपाईंको जीवन र तपाईंको सेवकाइ परमेश्वरको महिमा गर्न र आखिरमा तपाईंले उहाँको तरिकामा भरोसा राख्नुहोस् भनेर बनाइएको हो। तपाईंले आफैलाई प्रमाणित गर्नुपर्दैन, तर शैतान अझै पनि तपाईंलाई छोडेर जाँदैन। शैतान तेस्रो पटक येशूकहाँ आउँछ। अनि त्यसले भन्छ, "मन्दिरबाट हाम फाल्नुहोस्। यदि तपाईंले मन्दिरबाट हाम फाल्नुभयो भने," भन्दै त्यसले भजनसंग्रहको वचन पनि उद्धृत गर्छ, 'उहाँले तिम्रो रक्षा गर्न स्वर्गदूतहरूलाई आज्ञा गर्नुहुनेछ र तिनीहरूले तपाईंलाई हात-हातै थाम्नेछन्, अनि तपाईं जो हुनुहुन्छ भन्नुहुन्छ तपाईं उही हुनुहुन्छ भनी सबैले थाहा पाउनेछन्।' के तपाईंले परीक्षा देख्नुभयो?

हेर्न लायकको केही काम गर्नुहोस्।

तपाईंको बोलावट र सेवकाइमा तपाईंको पहिचान प्रमाणित गर्न कुनै ठूलो महत्त्वको काम गर्नुहोस्। अरू सबैभन्दा अझ राम्रो हुनुहोस्। अरू सबैभन्दा फरक हुनुहोस्। अनि सबैले तपाईंलाई हेर्नेछन् र भन्नेछन्, "हो, तपाईं सेवकाइमा बोलाइनुभएको छ। तपाईंलाई फरक बनाउने महत्त्वपूर्ण व्यक्ति हुने कोसिस गर्नुहोस्।" यो शत्रुले ल्याउने परीक्षा हो, किनकि यसको पछाडि त्यसले हाम्रो बोलावट प्रमाणित र साबित गर्न खोज्ने हाम्रो चाहना पूरा गर्ने कोसिस गरिरहेको हुन्छ। येशूले शैतानलाई जवाफ दिनुहुन्छ, उहाँले भन्नुभयो, "सुन, परमेश्वरको परीक्षा नगर्।"

तपाईं परमेश्वरमा भरोसा गर्नुहोस, तपाईंको सेवकाइका निम्ति मात्र होइन। तपाईं आफ्नो बोलावट र आफ्नो पहिचानका निम्ति परमेश्वरमा भरोसा गर्नुहोस्।" त्यसैकारण बोलावट पाउने सबैले आफैलाई प्रमाणित गर्ने, आफैलाई साबित गर्ने परीक्षाको सामना गर्नेछ, यही नै परीक्षा हो, जुन तपाईंलाई थाहा छ। तपाईंले त्यो परीक्षाको अनुभव गर्नुभएको छ। येशू हामीलाई त्यो परीक्षा कसरी पार गर्ने भनेर बुझ्न सहायता गर्नुहुन्छ। पछिबाट पनि हामी यसको उदाहरण पाउँछौं, किनकि त्यस्तो प्रकारले परीक्षामा पर्ने येशू मात्र हुनुहुन्न। पत्रुस पनि त्यस्तै परीक्षामा पर्नेछन्। यी परीक्षाहरू कठिन छन्। ती चुनौतीपूर्ण छन्। तिनले हाम्रो ऊर्जा नाश पार्न सक्छन्। लूका 4 अध्यायमा, येशूलाई स्वर्गदूतहरूले सेवा-टहल गर्न पर्‍यो। यी परीक्षाहरूबाट लड्न उहाँको लागि यो सजिलो युद्ध थिएन। जसले परीक्षामा पर्न सक्छन् लूका 4 अध्यायमा, यी परीक्षाहरूसँग लड्नु उहाँका लागि सजिलो युद्ध थिएन।

पत्रुसले पछि तिनको जीवनमा यस्तै प्रकारको परीक्षाको सामना गर्न पर्‍यो। येशूको चेला भएका वर्षहरूमा, येशूसँगै रहेका समय पत्रुसले सधैं आफ्नो बोलावटलाई प्रमाणित गर्ने कोसिस गरिरहेका थिए। तिनले आफूलाई येशूको साथमा त्यसरी राख्ने कोसिस गरिरहेका थिए, जहाँ तिनले यसो भन्न सक्थे, "म यी अन्य चेलाहरू भन्दा फरक हुनेछु। म तपाईंलाई कहिल्यै विश्वासघात गर्नेछैनँ।" तिनले सधैं प्रभुको सामु आफूलाई प्रमाणित गर्ने कोसिस गरे। त्यसपछि आखिरमा तिनी असफल बने।

पत्रुसले येशूलाई इन्कार गर्छन्। येशू मर्नुहुन्छ र पुनर्जीवित हुनुहुन्छ, तर पत्रुस व्यथित ठाउँमा हुन्छन्। र येशू पत्रुसलाई सेवकाइमा पुनर्स्थापित गर्न तिनीकहाँ जानुहुन्छ। यो घटना यूहन्ना 21 अध्यायमा उल्लेख गरिएको छ।

जब येशू पत्रुसलाई सेवकाइमा पुनर्स्थापित गर्न जानुहुन्छ, येशूले पत्रुसलाई तीनवटा कुरा भन्नुहुन्छ।

चाखलाग्दो कुरा के छ भने, येशूले पत्रुसलाई भन्नुभएका तीनवटा कुरा शैतानले येशूलाई भनेका तीनवटा कुराको ठीक विपरीत छन्। यो नयाँ करारले हाम्रो लागि एउटा नमुना देखाएको जस्तो छ। तपाईं कि त शैतानको परीक्षामा पर्न सक्नुहुन्छ र ती तीनवटा कुराहरू सुन्न सक्नुहुन्छ वा तपाईंले येशूबाट आफ्नो बोलावट पहिचान गर्न सक्नुहुन्छ र उहाँका तीनवटा कुराहरू पालना गर्न सक्नुहुन्छ। अब शैतानले येशूलाई

भनेको तीनवटा कुरा हामीलाई थाहा छ। "यदि तपाईं परमेश्वरका पुत्र हुनुहुन्छ भने, ढुंगालाई रोटी बनाएर आफैलाई प्रमाणित गर्नुहोस्।"

"मलाई दण्डवत गरेर आफ्नो बोलावट प्रमाणित गर्नुहोस्। आफ्नो सेवकाइमा नियन्त्रण राख्नुहोस्। तपाईं क्रूसमा टाँगिनुपर्दैन। वा केही महत्त्वपूर्ण, हेर्ने लायकको काम गर्नुहोस्, मन्दिरको गजुरबाट हाम फाल्नुहोस्।"

अब येशू पत्रुसकहाँ आउनुहुन्छ। यूहन्ना 21 अध्यायमा कथा यस्तो छ। पहिलो कुरा येशूले पत्रुसका निम्ति बिहानको खाजा बनाउनुहुन्छ।

येशूले पत्रुससँग एउटा परिस्थिति तयार गर्दै हुनुहुन्छ। अनि येशूले तपाईंका निम्ति पनि यस्तै प्रकारको परिस्थिति तयार पार्न चाहनुहुन्छ। उहाँ पत्रुसलाई हप्काउन वा तिनलाई दण्ड दिन आउनुहुन्न। उहाँ पत्रुसकहाँ अब तिनी असफल भएपछि तिनले कुन फरक तरिकाले काम गर्नेछन्? भनी सोध्न आउनुहुन्न।

उहाँले तिनका निम्ति बिहानको खाजा तयार गर्नुहुन्छ।

उहाँ यो कुराकानी अनुग्रहको र भलाइको कुराकानी होस् भन्ने चाहनुहुन्छ। यस्तो लाग्छ, उहाँले केही भन्न अघि यसो भनिरहनुभएको छ, "पत्रुस तिमी ढुक्क होऊ, तिमी बोलाइएका छौ, ढुक्क होऊ।"

उहाँले हामीसँग पनि त्यस्तै गर्नुहुन्छ। उहाँले पत्रुसलाई सबैभन्दा पहिले सोध्नुहुन्छ, "पत्रुस, के तिमी मलाई प्रेम गर्छौ?"

उहाँले पत्रुसलाई आफ्नो बोलावटमा पुनर्स्थापित गर्ने कुरा गर्दैहुनुहुन्छ। तर उहाँले तिनलाई - तिमी कतिवटा चर्चहरू खडा गर्छौ? कतिसम्म बलिदान गर्छौ? कति पैसा दिन्छौ? भनी सोध्नुहुन्न। उहाँले "के तिमी मलाई प्रेम गर्छौ?" भन्दै कुरा सुरु गर्नुहुन्छ। तपाईं जान्नुहुन्छ, येशूको साथमा तीन वर्षसम्म यात्रा गर्दा पत्रुसको सबैभन्दा ठूलो समस्या यो थियो तिनले सधैं येशूका लागि केही गर्ने कोसिस गर्दथे। तिनले के गर्नेछन् र के गर्नेछैनन् भन्दै सधैं शपथ खान्थे। "होइन, यो प्रेमको जगबाट सुरु हुन्छ" भन्दै येशूले पत्रुसको विचार र आफूलाई प्रमाणित गर्न खोज्ने तिनको इच्छालाई खण्डन गर्नुहुन्छ।

किनकि जब तपाईंलाई सेवकाइमा बोलाइन्छ, तब पहिलो कुरा, तपाईं सिपाही हुन बोलाइनुभएको होइन।

पहिलो कुरा, तपाईं एक छोरा वा छोरी हुन बोलाइनुभएको हो।

यही नै हाम्रो सम्बन्ध र हाम्रो बोलावटको आधार हो। सेवकाइमा हामीले धेरै चुनौतिहरू, धेरै कठिनाइहरूको सामना गर्नेछौं।

यदि हामीले आफ्नो बोलावटलाई प्रमाणित गर्न खोज्दै ती चुनौतिहरू र कठिनाइहरूमाथि विजय पाउने कोसिस गर्‍यौं भने हामी असफल हुनेछौं। तर यदि हामीले हाम्रो बोलावटको जग हामीप्रति ख्रीष्टको प्रेम र उहाँप्रति हाम्रो प्रेम हो भनेर जान्यौं भने त्यहाँ असल र फलदायी समयहरू साथै केही कठिन र असफलताका समयहरू हुनेछन् र यसले हामीलाई निराश बनाउनेछैन र त्यसले हामीलाई कुनै फरक पार्दैन।

तपाईंको लागि मसँग भन्नुपर्ने कुरा छ, तपाईंलाई परमेश्वरले बोलाउनुभएको छ। तर मसँग तपाईंलाई भन्नुपर्ने यो कुरा पनि छ कि उहाँलाई वास्तवमा तपाईंको आवश्यकता छैन।

उहाँ परमेश्वर हुनुहुन्छ, जसले शून्यबाट ब्रह्माण्ड सृष्टि गर्नुभयो। उसलाई साँच्चै हाम्रो आवश्यकता छैन। तर उहाँको भलाइ र उहाँको प्रेमको कारण उहाँले हामीलाई प्रेमको यस जगमा उहाँसँग साझेदारीमा अर्थपूर्ण जीवन जिउनका लागि बोलाउनुहुन्छ।

अनि जब तपाईं आफैलाई र आफ्नो बोलावटलाई प्रमाणित गर्ने परीक्षामा पर्नुहुन्छ तब तपाईंले सबैभन्दा पहिले येशूका वचनहरू सुन्नुपर्छ, पत्रुसलाई भनिएको मात्र होइन तर तपाईंलाई पनि भनिएको यो वचन सुन्नुपर्छ।

'के तिमी मलाई प्रेम गर्छौ?'

हाम्रो एकअर्काप्रति भएको प्रेम, जोस र आनन्दको आधारमा के हामी यसो गर्न सक्छौं?

त्यसपछि येशूले पत्रुसलाई दोस्रो कुरा भन्नुभयो। पत्रुसलाई भनिएको यो दोस्रो भनाइमा, उहाँले यसो भन्नुहुन्छ, 'के तिमी मेरा भेडाहरूलाई खुवाउनेछौ?' अब याद गर्नुहोस्, येशूलाई शैतानले परीक्षा गर्दा त्यसले उहाँलाई हेर्न लायकको केही गर्नुहोस्, मन्दिरको गजुरबाट हाम फाल्नुहोस् र तपाईं को हुनुहुन्छ भनी सबैले जान्नेछन् भनेको थियो। तर येशूले पत्रुसलाई भन्नुभएको कुरा त्यत्ति असाधारण(भव्य,आकर्षक) थिएन।

उहाँले भन्नुभयो, "पत्रुस, यदि तिमी मलाई प्रेम गर्छौ भने के तिमी मानिसहरूको हेरचाह गर्नेछौ?

"के तिमी मेरा भेडाहरूलाई खुवाउँछौ?"

येशूले यो घोषणा गर्नुभयो र यो सम्पूर्ण बाइबल धर्मशास्त्रमा घोषणा गरिएको र परमेश्वरका निम्ति अति अर्थपूर्ण दुई आज्ञाहरू हुन् - परमेश्वरलाई प्रेम गर्नु र अरूलाई प्रेम गर्नु हो।

पत्रसले सधैं नै आफ्नो जीवनमा अरूसँग तुलना गर्ने गर्छ भन्ने कुरा येशूले जान्नुहुन्थ्यो। तिनले यसो भन्ने गर्थे, "म यी अरू चेलाहरू जस्तो हुनेछैनँ। तपाईं ममा भर पर्न सक्नुहुन्छ, तपाईं मलाई भरोसा गर्न सक्नुहुन्छ।" हामी पनि त्यसो गर्छौं। जब हामी आफैलाई प्रमाणित गर्ने कोसिस गर्छौं, जब हामी आफ्नो बोलावटलाई प्रमाणित गर्ने परीक्षामा पर्छौं, तब त्यो परीक्षाले आफूलाई अरूसित तुलना गर्ने कुरा पनि लिएर आउँदछ। हामी आफूभन्दा ठूला देखिने र आफूभन्दा साना देखिने व्यक्तिहरूसित आफूलाई तुलना गर्दछौं। पत्रुसले येशूसँग यसै गरे अनि त्यसैले येशू पत्रुसकहाँ फर्केर आउनुहुन्छ र दर्शनीय, महत्त्वपूर्ण हुने परीक्षाको विपरीत येशू भन्नुहुन्छ, "पत्रुस, केवल मानिसहरूलाई प्रेम गर।"

येशूसँग तपाईंले गर्नुपर्ने अझ ठूलो काम छ।

येशू, तपाईं र तपाईंको बोलावटका लागि उहाँको जुन ठूलो योजना छ, त्यसमा यसको ठूलो महत्त्व छ।"

तर परमेश्वरको राज्यको महत्त्व तपाईंको चर्चको आकार वा तपाईंको सेवकाइको बजेट वा तपाईंले भन्न सक्ने सबै कथाहरूद्वारा परिभाषित हुँदैन। त्यो राज्यको महत्त्व तपाईं पुग्ने मानिसहरूद्वारा परिभाषित गर्छ।

जब मानिसहरूको कुरा आउँछ, परमेश्वरले तिनीहरूलाई एक-एक गरी गणना गर्नुहुन्छ। लूका 15 अध्यायमा येशूले एउटा भेडा, एउटा सिक्का, एउटा छोराको बारेमा कुरा गर्नुभयो।

हाम्रो बोलावटलाई प्रमाणित गर्न र साबित गर्न चाहने परीक्षासँग लड्ने सबैभन्दा ठूलो तरिका भनेको येशूले पत्रुसलाई मात्र होइन तर हामीलाई पनि भन्नुभएको भनाइ हो।

यदि तिमी मलाई माया गर्छौ भने मानिसहरूलाई पनि प्रेम गर अनि एक-एक गरी मानिसहरूको गणना गर। जब त्यो हाम्रो भावना र हाम्रो दृष्टिकोण बन्छ, यसले हामीलाई आफैलाई प्रमाणित र साबित गर्नुपर्ने आवश्यकताबाट बचाउँछ, किनकि परमेश्वरका निम्ति एक-एक व्यक्तिको जीवन सबैभन्दा महत्त्वपूर्ण हुन्छ। त्यसपछि येशूले पत्रुसलाई भन्नुभएको यो तेस्रो भनाइ छ। उहाँले यसो भन्नुभयो, सुन, 'के तिमी मलाई प्रेम गर्छौ?'

के तिमी मलाई प्रेम गर्छौ? तिमीले आफैलाई प्रमाणित गर्न आवश्यक छैन।

के तिमी अरूलाई प्रेम गर्छौ? तिमीले हेर्न लायकको कुनै काम गर्नुपर्दैन, तर के तिमी मेरा भेडाहरूलाई खुवाउँछौ?

त्यसपछि उहाँले यो तेस्रो कुरा भन्नुहुन्छ, जुन यूहन्ना 21 मा उल्लेख गरिएको छ। उहाँ यसो भन्नुहुन्छ,'के तिमी मेरो पछि लाग्नेछौ?'

के तिमी म र मेरो तरिकामा भरोसा राख्छौ? शैतानले येशूलाई गरेको परीक्षा सम्झनुहोस्, जुन बेला त्यसले भन्यो, सुन्नुहोस्, यदि तपाईंले मलाई दण्डवत गर्नुभयो भने, यदि तपाईंले यो मेरो तरिकाले गर्नुभयो भने,

तपाईं क्रूसमा जानु पर्दैन। तपाईंले दुःख भोग्नु पर्दैन। यदि तपाईंले मलाई दण्डवत गर्नुभयो भने म तपाईंलाई यो पृथ्वीको राज्य दिनेछु। पृथ्वीको शैतानको अधिकारमा थियो। त्यसले उहाँलाई ती राज्यहरू दिन सक्थ्यो, तर येशूले जान्नुहुन्थ्यो, उहाँ परमेश्वरको आराधना गर्न आउनुभएको हो। उहाँ पिताको तरिकामा भरोसा राख्न आउनुभएको हो। उहाँको तरिका क्रूसमा जानु र एक मात्र बाटो पुनरुत्थान थियो। हामीले सेवकाइ गर्न सक्ने विभिन्न तरिकाहरू छन्, तर वास्तवमा महत्त्वपूर्ण एक मात्र तरिका भनेको हामीले परमेश्वरको योजनामा भरोसा गर्नु हो। हामी आफ्नो बोलावटमा परमेश्वरको तरिकामा भरोसा गर्दैछौं। अनि येशू पत्रुसकहाँ आउनुहुन्छ र भन्नुहुन्छ, 'सुन पत्रुस, के तिमी मेरो बाटोमा हिंड्नेछौ? पत्रुसमा तिनको आफ्नै तरिकाले काम गर्ने बानी छ भनी येशूले जान्नुहुन्थ्यो। के तपाईंलाई सम्झना छ, येशूले पत्रुसको खुट्टा धुन लाग्नुहुँदा तिनले के भने, 'होइन, तपाईंले मेरो खुट्टा धुने हुनेछैन?' येशू भन्नुहुन्छ, 'मलाई धुन देऊ।' त्यसपछि पत्रुस भन्छन्, 'ठीक छ, यदि तपाईंले त्यसो गर्नुहुन्छ भने मेरो सम्पूर्ण शरीर नुहाइदिनुहोस्।' यहूदा र सिपाहीहरूले येशूलाई पक्राउ गर्न लाग्दा पत्रुसले सधैंझै आफ्नो तरिकाले काम गर्न खोजे। पत्रुसले तरवार थुते र सिपाहीको कान काटिदिए। अनि येशू भन्नुहुन्छ, 'होइन, होइन, पत्रुस, हामी यसरी काम गर्दैनौं।' पत्रुसले आफ्नो बोलावटमा यो महत्त्वपूर्ण सिद्धान्त सिक्नु आवश्यक छ भनी येशूले जान्नुहुन्थ्यो, जसद्वारा आफैलाई प्रमाणित गर्ने परीक्षाको सामना गर्न सकिन्थ्यो। त्यो सिद्धान्त भनेको यस्तो बोलावट प्राप्त गर्नु हो जुन येशू र उहाँको मार्गलाई पछ्याउनुमा आधारित हुन्छ। एक पटक तपाईं विश्वासको त्यो स्थितिमा पुग्नुभएपछि आफैलाई प्रमाणित गर्ने, हेर्न लायक केही गर्ने, आफ्नै तरिकाले काम गर्ने, नतिजाहरूलाई नियन्त्रण गर्ने जस्ता शैतानको परीक्षाको शक्ति कम भएर जान्छ। जब हामी हाम्रो काम भनेको परमेश्वरको मार्ग अनुसरण गर्नु हो र परमेश्वरले हाम्रा लागि यो व्यवस्था गरेर धेरै राम्रो गर्नुभएको छ भनी जान्दछौं, किनकि परमेश्वरले हाम्रो बोलावट पूरा गर्नका लागि विश्वासलाई एक माध्यमको रूपमा चुन्नुभयो। बाइबलले विनाविश्वास परमेश्वरलाई रिझाउन असम्भव छ भन्दछ। परमेश्वरले तपाईंलाई सेवकाइमा जुनसुकै काम गर्न बोलाउनुभएको भए पनि, तपाईंलाई जुनसुकै भूमिका दिनुभएको छ भने पनि, तपाईंले त्यो काम विश्वासद्वारा, येशूलाई पछ्याउँदै, उहाँमाथि भरोसा गरेर पूरा गर्नुहोस् भन्ने चाहनुहुन्छ। वास्तवमा यही कुराले परमेश्वरलाई खुशी र आनन्द दिंदछ। त्यहींबाट हाम्रो बोलावटमा हाम्रो विश्वसनीयता र फलदायिता प्रकट हुँदछ। अनि परमेश्वरले हाम्रो भलाइका लागि यो गर्नुहुन्छ। किनकि जब हामी येशूले पत्रुसलाई भन्नुभएको कुरा पालना गर्छौं, 'पत्रुस, के तिमी मलाई पछ्याउँछौ? तब उहाँले यसो गर्नुहुन्छ। जब हामी येशूलाई पछ्याउँछौं, जब हामी भन्छौं, मलाई सेवकाइमा बोलाइएको छ र यसले मलाई विश्वासद्वारा यो गर्ने माग गर्दछ, यसले हामीलाई ठूलो स्वतन्त्रता प्रदान गर्दछ,किनकि हामी पूर्ण रूपमा प्रभुमा निर्भर हुन्छौं। हामी उहाँमा पूर्ण रूपमा निर्भर हुन्छौं।

जब हामी आफैलाई अझ राम्रोसँग प्रमाणित गर, आफैलाई राम्रोसँग साबित गर भन्ने परीक्षाहरू सुन्दछौं तब त्यसले हामीले कहिल्यै बोक्न नपर्ने चिन्ता, तनाउ, बोझ ल्याउँछ। हामी येशूका सबै तरिकाहरू पछ्याउँदैनौं र विश्वास गर्दैनौं, हामी नियन्त्रण गर्ने कोसिस गर्छौं। सकारात्मक परिणामहरू ल्याउन मानिसहरूले जुन प्रकारले गरून् भनी चाहेका हुन्छौं उनीहरूले त्यस्तो प्रकारले काम नगरिदिंदा उनीहरूसित हामी रिसाउँछौं। अनि येशूले पत्रुसका लागि यो सबै कुरा घटाइ दिनुहुन्छ। मानौं उहाँले यसो भनिरहनुभएको छ,'पत्रुस, तिमीले चिन्ता, डर र तनाउले भरिएको जीवन र बोलावटमा जिउनु पर्दैन, किनकि तिमी सधैं आफैलाई प्रमाणित गर्ने कोसिस गर्दछौ। तिमीले बोझले भरिएको जीवन जिउनुपर्दैन, किनकि तिमी सधैं आफूलाई साबित गर्न खोज्दै जिउँछौ। तिमी स्वतन्त्र भएर जिउन सक्छौ।

तिमी खुशीसाथ सेवा गर्न सक्छौ, किनकि यसको जग तिमीले आफैलाई प्रमाणित गर्नु होइन, त्यो जग मलाई प्रेम गर्नु हो। हामी यो प्रेमको सम्बन्धको आधारमा गरौं।

एउटा बोलावटको तपाईं शानदार र महत्त्वपूर्ण हुनुमा निर्माण गरिएको हुँदैन। यो मानिसहरूलाई प्रेम गर्ने, परमेश्वरका मानिसहरूलाई वास्ता गर्ने तपाईंको क्षमतामा आधारित हुन्छ।

तपाईंको बोलावट र तपाईंको फलदायिता, यो उहाँको मार्गमा तपाईंको भरोसामा आधारित हुन्छ। अनि त्यहाँ त्यसबाट आउने ठूलो स्वतन्त्रता र ठूलो आनन्द हुन्छ। यी दुई खण्डहरू एकअर्काको विपरीत छन् जुन म तपाईंलाई साँच्चै अध्ययन गर्ने उत्साह दिन्छु, लूका 4 अध्याय र यूहन्ना 21 अध्याय, शैतानले येशूलाई भनेको तीनवटा कुराले हाम्रो बोलावटमा आफैलाई प्रमाणित गर्ने ठूलो परीक्षा हुन्छ भन्ने उदाहरण दिन्छ। येशूले पत्रुसलाई भन्नुभएका तीनवटा कुराले हामीलाई त्यो ठूलो परीक्षासँग कसरी लड्नुपर्छ भनी सिकाउँछ। तपाईंले आफैलाई प्रमाणित गर्नु आवश्यक छैन।

परमेश्वरले तपाईंलाई बोलाउनुभएको छ। उहाँले तपाईंलाई प्रेम गर्नुहुन्छ, उहाँसँग तपाईंका लागि एउटा उद्देश्य छ। येशूले पत्रुससँग कुरा गर्नुभएको यो अन्तिम कथाको सुन्दरता यो हो कि यो कथा लूका 22:32 मा समाप्त हुन्छ। येशूले पत्रुसलाई जे भन्नुभयो त्यो यहाँ छ। मलाई लाग्छ, उहाँले तपाईंलाई पनि त्यसै भन्नुहुन्छ, "मैले तिम्रो विश्वास नडगमगाओस् भनेर तिम्रो निम्ति प्रार्थना गरें।"

अहिले, म जान्दछु, तपाईंले आफैलाई प्रमाणित गर्ने, आफैलाई साबित गर्ने परीक्षाको साथै हाम्रो दिमागमा अनि हाम्रो आत्मा र हाम्रो सम्बन्धमा पनि आउन सक्ने सबै किसिमका कठिनाइहरूको सामना गर्दै हुनुहुन्छ। तर तपाईंले त्यो परीक्षाको सामना गरिरहनुभएको छ भनी येशूलाई थाहा छ।

उहाँले पत्रुसलाई भन्नुभएका वचनहरू तपाईंका निम्ति पनि हुन्।

अहिले, येशूले तपाईंका लागि प्रार्थना गर्दैहुनुहुन्छ।

तपाईं असफल नहुनुहोस्, पिताले तपाईंलाई बोलाउनुभएको छ भनी थाहा पाउन तपाईंसँग बल र विश्वास र आनन्द र प्रेम होस् भनेर उहाँ प्रार्थना गर्दैहुनुहुन्छ अनि तपाईंलाई चाहिएको यति नै हो।

येशूले तपाईंलाई प्रेम गर्नुहुन्छ र त्यो तपाईंको जग हो। तपाईं अगि बढ्न र मानिसहरूलाई प्रेम गर्न साथै विश्वासद्वारा गर्न यो सक्नुहुन्छ अनि तपाईंको बोलावटमा येशूलाई पछ्याउँदा स्वतन्त्रता र आनन्द पाउन सक्नुहुन्छ।

# चर्च- प्रमुख एकता

खम्बाहरूमा एउटा महत्त्वपूर्ण विषय चर्च हो।

परमेश्वरको चर्च उहाँको राज्यलाई यस संसारमा ल्याउने माध्यम हो। चर्चहरू जताततै छन्। हामीमध्ये धेरैले चर्चहरूमा अगुवाको रूपमा सेवा गर्दैछौं।

परमेश्वरको योजना र चर्चका केही मुख्य कुराहरूबाट चर्चलाई बुझ्नु जरूरी छ, जसले हामीलाई प्रभावकारी रूपमा परमेश्वरको चर्चको नेतृत्व गर्न र भण्डारे कार्य गर्न सक्षम हुन सहायता गर्दछ।

सायद चर्चका लागि सबैभन्दा महत्त्वपूर्ण विषयहरूमध्ये एउटा एकता हो।

चर्चमा एकता ल्याउनमा हाम्रा अगुवाहरूको भूमिका हुन्छ।

हामी सबैले कुनै बेला एकता टुटेको अनुभव गरेका छौं। जुन बेला प्रभावकारी एकता हुन सकेको हुँदैन। अनि अनेकताले हानि पुर्‍याउन सक्छ।

यो एकता भन्ने कुरा धेरै महत्त्वपूर्ण हुन्छ, किनकि धेरै तरिकामा चर्चको एकताले नै ख्रीष्टियन धर्मलाई अरू सबै धर्महरू भन्दा फरक बनाउँछ। धेरै पटक ख्रीष्टियन धर्मलाई यसले लिएको नैतिक धारणाद्वारा चिनिन्छ। तर यदि तपाईंले संसारका अरू धेरै धर्महरूलाई हेर्नुभयो भने तिनीहरूमा प्रायः एकै प्रकारको नैतिक धारणाहरू भएको पाउनुहुनेछ।

तिनीहरू मानिसहरूले चोरी वा हत्या गर्नुपर्छ भनी विश्वास गर्दैनन्। तिनीहरू विवाहको संस्थामा विश्वास गर्छन्। यी सबै कुराहरू एकसाथ मिल्छन्।

ख्रीष्टियन धर्मलाई धेरै तरिकामा फरक बनाउने कुरा भनेको चर्च र यसको एकताको विचार हो। जहाँ तपाईं यी सबै विविध प्रकारका व्यक्तिहरू पाउनुहुन्छ।

संसारका धेरैवटा धर्महरू एउटै प्रकारको पहिचानद्वारा चिनिन्छन्। एक जातीय पहिचान, एक भाषिय पहिचान, आदि।

तर ख्रीष्टियन धर्ममा हामी संसारभरिका हाम्रो विविधताद्वारा बनेका छौं। सबै उमेरका पुरुष, महिलाहरू। हामीले धेरै प्रकारका उप-विश्वासहरू पनि थामेर राख्छौं। अनि जब यस्ता सबै विविधताहरू हुन्छन् तब कहिलेकहीं एकता कायम राख्नु धेरै गाह्रो हुन्छ।

अनि बाइबलले शिक्षा दिन्छ, कि अगुवाहरूको भूमिका चर्चलाई एकतामा राख्नु हो। अब हामीले यस कुरामाथि विचार गर्न अघि बाइबलले एकताको बारेमा के सिकाउँछ र दलबन्दी (पङ्क्तिबद्ध हुनेबारे) के सिकाउँछ सो बीचको भिन्नता छुट्ट्याउनुपर्छ।

अगुवाको रूपमा पङ्क्तिबद्ध हुने कुरा त्यस बेला हुन्छ जब तपाईंसँग एउटा दल र सेवकाइ हुन्छ साथै सबैजना दर्शन र रणनीतिमा अनि परिणामहरू साथै त्यो सेवकाइ गर्ने तरिकामा एकजुट हुन्छन्। पङ्क्तिबद्ध (सहमत) हुनु धेरै महत्त्वपूर्ण छ।

एकता नै पङ्क्तिबद्धता(सहमति)होइन।

एकता तब हुन्छ जब हामीसँग एउटै हृदय, एउटै विचार हुन्छ।

त्यसैले तपाईं र मेरो पङ्क्तिबद्धता नहुन सक्छ, त्यसैले हामी फरक-फरक वरदानहरूसहित विभिन्न सेवकाइहरूमा सेवा गर्न सक्छौं, तर हामीलाई अझै पनि एकतामा रहने आह्वान गरिएको छ। जहाँ हामीसँग ख्रीष्टमा एउटै हृदय, एउटै विचार र एउटै मन हुन्छ।

यस क्लासमा म तपाईंलाई एकतासम्बन्धी बाइबलीय विचार र मानिसहरूलाई एकतामा ल्याउने हाम्रा अगुवाहरूको भूमिकाबारे चर्चा गर्न चाहन्छु। त्यहाँ केही सिद्धान्तहरू हुन सक्छन् जुन पङ्क्तिबद्धतामा लागू गर्न सकिन्छ, तर वास्तवमा चर्चमा एकता ल्याउनका निम्ति अझ ठूलो सिद्धान्त आवश्यक पर्छ।
यो सिद्धान्त येशू आफैले दिनुभएको प्रार्थनाद्वारा सिकाइएको छ।
अनि यो एउटा यस्तो प्रार्थना थियो जसको उत्तर पाउन उहाँले हामीलाई हेर्नुहुन्छ। त्यो प्रार्थना हामी यूहन्ना 17:20 पदबाट सुरु भएको पाउँछौं। यहाँ येशूले दिनुभएको प्रार्थनाको भाग यस्तो छ।
उहाँले पितासँग बोल्दै र चेलाहरूलाई संकेत गर्दै भन्नुभयो,"म यिनीहरूका लागि मात्र प्रार्थना गर्दिनँ।" "तर यिनीहरूका सन्देशद्वारा ममाथि विश्वास गर्नेहरूका निम्ति पनि प्रार्थना गर्छु।" उहाँ दुई समूहको बारेमा कुरा गर्दैहुनुहुन्छ, बाहिर जान लागेका चेलाहरू, तर त्यसपछि सबै मानिसहरू जो तिनीहरूका सेवकाइको कारण ख्रीष्टियन बन्छन्। पद 21, "तिनीहरू सबै एक होऊन्।" सबै जना एकजुट हुन सकून्। "हे पिता, जसरी तपाईं ममा हुनुहुन्छ र म तपाईंमा, त्यसरी तिनीहरू पनि हामीमा होऊन् र तपाईंले मलाई पठाउनुभयो भनी संसारले विश्वास गरोस्।"
यो एउटा उच्च वर्णनात्मक कुरा हो, कि त्रिएकत्वमा पुत्र र पिता र आत्मा बीच जुन एकता छ, त्यो हाम्रो लागि पनि उपलब्ध छ र चर्चमा यो एकता स्पष्ट देखिनुपर्छ।
हामीमध्ये धेरैले चर्चहरूलाई हेरेर यसो भन्छौं, "म त्यस्तो प्रकारको एकता देख्दिनँ।"
तर त्यो एकता वास्तविकता बन्नका लागि त्यो एकता ल्याउनमा हाम्रो भूमिका पूरा गर्न चर्चलाई तपाईं र म जस्ता अगुवाहरू चाहिन्छ। त्यसको परिणाम स्वरूप संसारले विश्वास गर्नेछ। चर्च अरू सबै प्रकारका धार्मिक समूहहरूभन्दा यति फरक हुनेछ कि यसले मानिसहरूलाई सुसमाचारतिर आकर्षित गर्नेछ। त्यसपछि पद 22 मा, येशूले आफ्नो प्रार्थनाद्वारा हाम्रो भूमिका के हो र यो एकता कसरी हुन्छ भन्ने कुरा बताउनुहुन्छ। "जुन महिमा तपाईंले मलाई दिनुभएको छ, मैले तिनीहरूलाई दिएको छु, ताकि हामी एक भएझैं तिनीहरू पनि एक होऊन्। अनि तपाईंले मलाई पठाउनुभएको हो अनि मलाई प्रेम गर्नुभएजस्तो तपाईंले तिनीहरूलाई प्रेम गर्नुभयो भनी संसारले जानोस्।"
एकता भनेको के हो भनेर वर्णन गर्न उहाँले केही साँच्चै महत्त्वपूर्ण भाषा(शब्द) प्रयोग गर्नुहुन्छ। उहाँ भन्नुहुन्छ,"मैले तिनीहरूलाई त्यो महिमा दिएको छु जुन तपाईंले मलाई दिनुभयो।"
परमेश्वरले एकतालाई साँच्चै कुनै पवित्र थोकको रूपमा परिभाषित गर्नुभएको छ।
यो हामीलाई दिइएको एउटा महिमा, उहाँको शक्ति, उहाँको उपस्थिति हो।
येशूले जुन प्रार्थना गरिरहनुभएको छ र हाम्रो निम्ति महत्त्वपूर्ण कुराचाहिं एकता के होइन भनी बुझ्नु हो। एकता भनेको एकरूपता होइन।
यो हामी सबैले एउटै तरिकाले हेर्ने ठाउँ होइन। उहाँ वास्तवमा हामी सबैले एउटै तरिकाले हेरौं भन्ने चाहनुहुन्न।
एकतालाई सर्वसम्मति पनि मान्न सकिंदैन, जहाँ हामी सबैले एकै तरिकाले सोच्दछौं। उहाँ हामी सबैमा एकै प्रकारको विचार होस् भन्ने चाहनुहुन्न।
यसमा उहाँले यो पनि भन्नुहुन्छ कि एकता तपाईंले बनाउनुहुने कुरा होइन। "तपाईंले मलाई दिनुभएको महिमा मैले तिनीहरूलाई दिएको छु।" एकता परमेश्वरले दिनुभएको हो। अब त्यस एकतालाई फलदायी बनाउन  अगुवाहरूको भूमिका छ, तर एकता तपाईंले सिर्जना गर्नुहुन्न, किनकि जब तपाईं एकता सिर्जना गर्ने कोसिस गर्नुहुन्छ, तब तपाईंले वास्तवमा परमेश्वरको राज्य एकता उत्पन्न गरिरहनुभएको हुँदैन। तपाईंले वास्तवमा सहिष्णुता(सहनशीलता) उत्पन्न गरिरहनुभएको हुन्छ।

तपाईं यो संसारले, समाजले एकतालाई सहिष्णुता भनेर परिभाषित गरेको पाउनुहुन्छ।

सहिष्णुता वा सहनशीलता एउटा यस्तो दृष्टिकोण हो जसले भन्छ, "म तिमीलाई सहनेछु र तिमीले मलाई सहनुपर्छ।" त्यसरी हामी हाम्रा भिन्नताहरूलाई सम्मान गर्न सक्छौं। हामी साँच्चै एकताबद्ध भएका हुँदैनौं, हामीले सहिष्णुताको कुनै मध्यम आधार मात्र खोजिरहेका हुन्छौं। सहिष्णुतामा समस्या हुन्छ।

यसको सधैं एउटा पराकाष्ठा हुन्छ। केही गलत नहुन्जेल म तिमीलाई सहन्छु, तिमीले मलाई सहनु पर्छ। यदि तपाईंले नाटकीय रूपमा आफ्नो घर परिवर्तन गर्नुभयो र अब तपाईंको छेउमा रहेको मेरो घरले आफ्नो केही महत्त्व(मूल्य) गुमायो भने, म तपाईंलाई सहन छोड्न सक्छु। यदि तपाईंले आफ्नो विश्वासको गलत प्रयोगद्वारा मेरा छोराछोरीलाई प्रभाव पार्नुहुन्छ भने म तपाईंलाई सहन गर्न छोड्न सक्छु।

चर्चमा हामीले एकतालाई सहिष्णुताद्वारा परिभाषित नगर्न निश्चित हुनुपर्छ।

येशूले हामीलाई एकअर्कालाई सहन गर्नुपर्छ भन्नुहुन्न। येशूले यसरी प्रार्थना गर्नुभएन,"हे परमेश्वर, के तिनीहरू एकसाथ मिलेर रहन सक्छन्?" उहाँ भन्नुहुन्छ, "होइन, यहाँ धेरै पवित्र कुरा हुँदैछ, यहाँ धेरै ईश्वरीय कुरा हुँदैछ। तपाईंले मलाई दिनुभएको महिमा मैले तिनीहरूलाई दिएको छु।" अब हामी अगुवाहरूले यो बुझ्नुपर्छ कि चर्चका हाम्रा धेरै मानिसहरूले एकतासम्बन्धी आत्मिक सिद्धान्त जान्दैनन्। तिनीहरू चर्चमा आउँछन्, परमेश्वरको आराधना गर्छन्, तिनीहरूले आफ्नो जीवन जिउने कोसिस गरिरहेका हुन्छन्, तिनीहरूले परमेश्वरलाई आदर गर्न खोजिरहेका हुन्छन्, तिनीहरू आफ्ना छोराछोरीलाई हुर्काउने कोसिस गरिरहेका हुन्छन्, तर तिनीहरूले आफ्नो मनमा, "हामी साँच्चै एकबद्ध हुनुपर्छ" भनेर सोचिरहेका हुँदैनन्।

त्यसकारण चर्चका अगुवाहरू भएकाले हामीले तिनीहरूलाई यस एकतामा ल्याउनु जरूरी हुन्छ।

त्यो हाम्रो भूमिका हो। येशूको प्रार्थना पनि त्यही हो। तिनीहरूलाई एकतामा ल्याइयोस् भन्ने नै उहाँको प्रार्थना हो।

तर यो एकतामा ल्याउनुको अर्थ के हो? पावलले एफिसी 4:3 मा यसरी लेखेका, "आत्माको एकता कायम राख्न हरसम्भव प्रयत्न गर।"

तिनी भन्छन्, "मित्र हो, यो साँच्चै महत्त्वपूर्ण छ। यसको साँच्चै महत्त्व छ। तिमीहरू चर्चका कार्यक्रमहरू गर्न र आफ्नो सेवकाइ गर्न र तिमीहरूको दलको नेतृत्व गर्न जति सक्दो कोसिस गर्दछौ, त्यसरी नै आत्मामा एकता होस्, केही पवित्रता, केही ईश्वरीय कुरा होस् भनेर पनि सक्दो सबै कोसिस गर, तिमीहरूले तिनीहरूलाई यस प्रकारको एकतामा ल्याउनुपर्छ।"

तपाईं देख्नुहुन्छ, कि येशूको प्रार्थनाले हामीलाई एकता एकरूपता होइन भनी सिकाउँछ, यो उत्पन्न गर्न सकिंदैन, यो भनेको हामी एकै प्रकारको देखिनु वा हामीले एकै प्रकारले सोच्नु होइन। एकता सम्बन्धको कुरा हो। प्राचीन संसारमा मानिसहरू बीच धेरै एकतामा थियो, तर जब येशूले एकता भनेको सम्बन्ध कुरा हो भनी बताउन थाल्नुभयो तब त्यो विचार तिनीहरूका लागि एउटा नयाँ कुरा थियो। अनि यो सम्बन्धमा आधारित एकता अदनको बगैंचासम्म पुग्छ। परमेश्वर, आदम र हव्वा- सम्बन्धमा उनीहरू माझ एकता थियो। तिनीहरू उपस्थित थिए। तिनीहरू आशिष् थिए।

त्यसपछि पापले प्रवेश गऱ्यो र आदम अनि हव्वा उपस्थित र आशिष् हुने एकताको स्थानबाट अलग्गिए र हटाइएपछि लुक्न र दोष लाउन थाले। अनि त्यो सम्बन्ध टुट्यो। अब त्यहाँ एकता रहेन।

अब येशू आउनुहुन्छ र उहाँको कामद्वारा एकता पुनर्स्थापित गर्न सकिन्छ, तर चर्चले यस प्रकारको ईश्वरीय एकता झल्काउनुपर्छ जहाँ हामी एकअर्कासित उपस्थित हुन्छौं र आशिष् बन्छौं। हामी लुक्ने र दोषा लाउने गर्दैनौं। येशूले यसको नमुना देखाउनुभयो। उहाँ पृथ्वीमा आउनुभयो, परमेश्वरका पुत्र, उपस्थित र आशिष् बन्नुभयो। यसरी एकता हुन सक्छ। चर्च अगुवाहरूको रूपमा हाम्रो नेतृत्वको कतिसम्म उपस्थित र आशिष्

बनेको छ, वा त्यसो नभएर हाम्रा अगुवाहरूले सहने मात्र गरेका छन् कि? धरै पटक हामी मानिसहरूलाई सहने गर्दछौं, यो मानिसहरूसित देखावटी व्यवहार गर्दै हामी एकजुट छौं भनी देखाउने एउटा तरिका मात्र हो, तर येशू भन्नुहुन्छ, "होइन, मेरो एकता धैरै गहिरो छ। यो धैरै पवित्र छ।" मानिसहरूलाई यस प्रकारको एकतामा ल्याउन हरसम्भव कोसिस गर्नुहोस्, जहाँ सम्बन्धमा एकता हुन्छ र तपाईं उपस्थित र आशिष् बन्नुहुन्छ। अनि त्यसको जगचाहिं ख्रीष्टले गर्नुभएको काम हो। येशूले आफ्ना राजाबाट क्षमा पाउने एक जना नोकरको दृष्टान्त भन्नुभयो, जुन नोकरले बाहिर गएर आफ्नो ऋणीलाई क्षमा गर्न इन्कार गर्‍यो। अनि येशूले हाम्रो लागि एकताको त्यो सुरुवात हामीले प्राप्त गरेको दयालाई स्वीकार गर्नु हो भनी बुझाउन त्यो दृष्टान्त भन्नुभयो। जब हामीले त्यो दया पाउँछौं, तब हामी सहने मात्र नगरेर त्यो दया दिन पनि सक्छौं, निश्चित रूपमा आफैलाई हटाउँदैनौ र दोष लाउँदैनौं, तर उपस्थित हुन्छौं र आशिष् दिन्छौं।
यो दृष्टान्तको अन्त्यमा मत्ती 18:32 मा उल्लेख गरिएको छ। यहाँ दृष्टान्त यसरी समाप्त भएको छ- "तैंले मसँग बिन्ती गरिस् र मैले तँलाई तेरो ऋण माफी गरिदिएँ।" यो कुरा त्यस राजाले त्यो नोकरलाई भनेको हो।

"मैले तँमाथि दया गरेझैं तैंले पनि तेरो सङ्गी-नोकरमाथि दया गर्नुपर्नेथिएन र?"
उहाँका चेलाहरूले मानिसहरूलाई एकतामा ल्याउनुको अर्थ के हो भनेर जानून् भनी येशूले यो दृष्टान्त भन्नुभयो।
हाम्रा मानिसहरूलाई आत्मिक र पवित्र एकता कतिको महत्त्वपूर्ण छ भनेर सिकाउने काम अगुवाहरूको हो। सहिष्णुता(सहनशीलता) र एकताको भिन्नता बताउने काम पनि अगुवाहरूको हो। मानिसहरूले जुन दया प्राप्त गरेका छन् त्यो तिनीहरूलाई बुझाउने र तिनीहरूलाई पनि अरूलाई दया गर्न सक्ने, उपस्थित हुने र आशिष् दिन सक्ने बनाउने काम अगुवाहरूको हो, यसरी सबै माझ मेलमिलाप हुन सक्छ र सबैमा साँचो एकता हुन सक्छ।
यूहन्ना 17 अध्यायमा येशूको प्रार्थनामा उहाँले यसो भन्नुभएको जस्तो लाग्छ, "सुन,
म चाहन्छु, तिमीहरू मानिसहरूलाई एकतामा ल्याओ। तिनीहरूलाई भित्र ल्याओ, तर म तिमीहरूले यस प्रकारको अनुग्रह र यस प्रकारको दयासहित नेतृत्व गर भन्ने चाहन्छु, किनकि तिमीहरूले नेतृत्वमा त्यो कुरा गुमायौं भने तिमीहरू नोकरजस्तै बन्नेछौ। तिमीहरूले प्रभुबाट दया र अनुग्रह प्राप्त गरेका छौ, तर तिमीहरूले अरूलाई अगुवाइ गर्दा तिमीहरू उनीहरूलाई त्यस प्रकारको दया र अनुग्रह देखाउँदैनौ। तिमीहरू सहन्छौ मात्र, कहिलेकहीं तिमीहरू दोष लाउँछौं।
यसले गर्दा तिमीहरू आफ्नो आत्मामा कृतज्ञताको भावना गुमाउन थाल्छौ।"
तपाईं आफ्नो जीवनमा परमेश्वरको भलाइको गवाहीको बारेमा कुरा गर्ने ठाउँबाट आफ्नो सेवकाइको फलदायितालाई हेर्दै भन्नुहुन्छ, "अहो, मैले यो गरें।"
हामीले यूहन्ना 17 अध्यायको येशूको प्रार्थनालाई बुझ्नु अति नै महत्त्वपूर्ण छ।
एकताले नै चर्चलाई पृथ्वीको अरू धार्मिक संस्थाहरूबाट फरक बनाउँदछ।
एकतालाई पवित्र रूपमा परिभाषित गरिएको छ, तर एकतालाई बढाएर अगि लैजानुपर्छ।
एक पटक पत्रुस येशूकहाँ आए र उहाँलाई सोधे, "सुन्नुहोस्, मेरो विरुद्धमा पाप गर्ने भाइ वा बहिनीलाई मैले कति पटकसम्म क्षमा गर्नुपर्छ? यस्तो कति पटकसम्म गर्नुपर्छ?" उहाँले यो व्यक्तिगत कुरा हो भनी स्पष्ट बताउनुहुन्छ। यो वास्तविक चोट हो। यो भाइ वा बहिनी हो। यसले मलाई चोट पार्छ। यसले मलाई असर

पार्छ। के मैले त्यो सात पटकसम्म गर्नुपर्छ? पत्रुसले पूर्ण, तर एउटा सीमित संख्याको बारेमा कुरा गरिरहेका छन्।

येशूले पत्रुसलाई जवाफ दिंदै भन्नुहुन्छ, "सात पटक होइन, तर सत्तरी गुणा सात पटक।"

येशूले यो मुख्य कुरा हो भनी त्यसरी पत्रुसलाई नाटकीय रूपमा जोड् दिनु किन महत्त्वपूर्ण छ?

यूहन्ना 17 अध्यायमा एकता किन येशूको मुख्य प्रार्थनाको विषय हो? उहाँले चर्चका सबै कुराहरूका लागि प्रार्थना गर्न सक्नुहुनेथ्यो, उहाँले हाम्रा सबै कुराका लागि प्रार्थना गर्न सक्नुहुनेथ्यो, तर उहाँले एकताका लागि प्रार्थना गर्नुभयो। यो किन स्पष्ट देखिन्छ? किन हाम्रो अगुवापनको भूमिका छ, उनीहरूलाई एकतामा ल्याउन सकिन्छ कि? हाम्रो अगुवापनको भूमिका एकताद्वारा किन धैरै प्रकारले परिभाषित गरिएको छ?

किनकि जब सम्बन्ध विच्छेद हुन्छ, जब टुटेको अवस्था हुन्छ, तब दुवै पक्षलाई चंगाइ चाहिन्छ।

पत्रुसलाई चंगाइको आवश्यकता थियो, किनकि तिनलाई भाइ वा बहिनीले चोट पुर्‍याएको थियो।

दाजुभाइ र दिदी-बहिनी निको हुनु आवश्यक थियो, किनकि तिनीहरूलाई चोट लागेका थियो। त्यसैले निस्सन्देह तिनीहरूभित्र चोट थियो।

एकता संसारका लागि एक उदेकको साक्षी हो, किनकि यसले कहिले एकजुट नहुने मानिसहरूको समूहलाई एकता देखाउने भएकोले नै यो अचम्मको हुन्छ।

तिनीहरू धैरै प्रकारले भिन्न छन्। तिनीहरू संसारभरि छरिएका छन्। तिनीहरूसँग फरक विचारहरू, फरक उमेरहरू, विभिन्न पुस्ताहरू, केही फरक धर्मशास्त्रीय शिक्षाहरू पनि छन् र तिनीहरू यहाँ छन्, जो क्षमाशील र प्रेमिलो र परस्परमा एकजुट छन्।

संसारले यसलाई हेर्छ र भन्छ,"यति धैरै विभाजित संसारमा यो कसरी हुन सक्छ?"

यति धैरै विभाजित देशहरूमा?

यति धैरै विभाजित समुदायहरूमा? यति धैरै विभाजित परिवारहरूमा?

लुक्ने र दोष लगाउने, घृणित, विभाजित, भ्रमित संसारभन्दा विपरीत, चर्च खडा छ जुन उपस्थित छ र आशिष् दिन्छ।

किनकि चर्चमा यस्ता अगुवाहरू हुन्छन् जसले सबैलाई एकतामा ल्याउने कार्यलाई प्रमुख जिम्मेवारी र प्राथमिकताको रूपमा राख्छन्।

त्यसैले तपाईंको जीवन र तपाईंको अगुवापनको आफै मूल्याङ्कन गर्नुहोस्।

म जान्दछु, तपाईंहरू सबै व्यस्त हुनुहुन्छ। तपाईंहरू कामहरू गर्दैहुनुहुन्छ। तपाईंहरू परमेश्वरको सेवा गर्दैहुनुहुन्छ।

तपाईंको सेवकाइको कति भाग एकता कसरी ल्याउने भन्ने उद्देश्यले बनाइएको छ? पङ्क्तिबद्धता हुनैपर्छ भन्ने होइन, तर एकता हुनैपर्छ।

यूहन्ना 17 अध्याय अध्ययन गर्नुहोस्। पवित्र आत्माले तपाईंलाई अझ ठूलो समझ र ज्ञान देऊन् र तपाईं येशूको प्रार्थनाको जवाफ दिने व्यक्ति बन्नुहोस्।

उहाँको प्रार्थना सुन्ने र "म अरूलाई एकतामा ल्याउने अगुवा हुनेछु" भन्ने स्थान लिने व्यक्ति बन्नुहोस्।"

यो सजिलो छैन।

यो चाँडै हुँदैन।

तर यो ईश्वरीय कुरा हो।

अनि यदि हामीले आफ्नो अगुवापनको भूमिकालाई एकता ल्याउने व्यक्तिको रूपमा हेर्‍यौं भने परमेश्वरको महिमाले हामीलाई त्यो काम गर्न सहायता गर्नुहुनेछ।

# चर्च- मुख्य कुरा एकता

खम्बाहरूमा एउटा महत्त्वपूर्ण विषय भनेको सञ्चार (जानकारीहरू आदान-प्रदान) हो।

अब, जब हामी विशेष गरी सेवकाइमा अगुवाहरूको रूपमा सञ्चारको बारेमा विचार गर्छौं। धेरै पटक हामी सन्देश प्रचार गर्ने वा सिकाउने वा कुनै प्रकारले सुन्ने सामग्रीमा सञ्चार गर्नेबारे सोच्दछौं। तर सञ्चार र यसको प्रभावलाई धेरै फराकिलो रूपमा हेर्नुपर्दछ।

उदाहरणका लागि, जब तपाईंहरू एकसाथ मिलेर गर्न लाग्नुभएको कामको बारेमा कुरा गर्न सभामा एकसाथ भेला हुँदा तपाईंले जसरी सञ्चार गर्नुहुन्छ त्यसले मानिसहरू र तपाईंको दलमा सबैभन्दा महत्त्वपूर्ण प्रभाव पार्दछ। येशूले यस्ता सभाहरू धेरै गर्नुभयो। सुसमाचारका पुस्तकहरूले उहाँ चेलाहरूको साथमा बस्नुभएको उल्लेख गर्दछ- कहिलेकहीं भिन्नै परिस्थितिहरूमा, कहिले तिनीहरूको फरक संख्यामा, सधैं 12 जनासँग मात्र होइन, कहिले तीन जनासँग र उहाँ तिनीहरूसँग भेट्नुहुन्थ्यो।

उहाँले आफ्नो व्यवहारद्वारा तिनीहरूलाई ज्ञान दिइरहनुभएको थियो। एउटा दलले उचित तरिकाले अनि उचित दृष्टिकोणसहित कार्य पूरा गर्नका निम्ति आवश्यक जानकारी दिन हामी एक फलदायी सभा कसरी आयोजना गर्ने सो सिक्न इच्छुक छौं।

जब तपाईं सभा संचालन गरिरहनुभएको हुन्छ, जब तपाईं सभामा सञ्चार गर्दै हुनुहुन्छ, त्यो वास्तवमा सभामा सुरु हुँदैन, सभाभन्दा अगि नै सुरु हुन्छ। तपाईंले सभा संचालन गर्दा त्यहाँ वास्तवमा तीन चरणहरू हुन्छन्। पहिलो चरण तपाईंले सभाभन्दा अघि गर्नुहुने कार्य हो। दोस्रो चरण सभा नै हो।

त्यसपछि तेस्रो चरण सभापछि तपाईं जे गर्नुहुन्छ त्यही हो।

प्रत्येक पटक जब तपाईं सभा संचालन गर्नुहुन्छ, प्रत्येक पटक जब तपाईं त्यस प्रकारले सञ्चार गरिरहनुभएको हुन्छ, तपाईंले सबै तीन चरणहरूको बारेमा सोच्नुपर्छ। त्यसैले हामी प्रत्येक चरणलाई हेरौं र यी प्रत्येक चरणहरूमा सञ्चार गर्ने अगुवाहरूको रूपमा हाम्रो काम के हो सो बुझौं। पहिलो, तपाईंसँग तयारी गर्ने चरण छ। तपाईंहरू एकसाथ भेट्नुभन्दा पहिले सञ्चार गर्नका लागि गर्नुहुने सबै कार्य। तपाईंले सोध्नुपर्ने केही प्रश्नहरू छन् जसले तपाईंलाई सफल सभाको निम्ति तयारी गर्न सहायता गर्नेछ। यदि तपाईंले यी प्रश्नहरू सोध्नुभएन र जवाफ दिनुभएन भने, म निश्चयतासाथ भन्न सक्छु कि तपाईंले त्यो सभामा गर्नुहुने सञ्चार कम प्रभावकारी, अव्यवस्थित र अस्पष्ट हुनेछ। पहिलो प्रश्न यो हो, तपाईं यो सभा किन राख्दै हुनुहुन्छ?

तपाईंले सेवाको उद्देश्य स्पष्ट पार्नुपर्छ। यो गर्नु जरूरी छ, किनकि यदि तपाईंसँग सभाको उद्देश्य छैन भने, सेवामा आएका मानिसहरूले आ-आफ्नै परिभाषाहरू बनाउनेछन्। त्यसले गर्दा सञ्चार अस्पष्ट हुन्छ, किनकि तिनीहरू किन भेला भएका छन् भन्ने विषयमा सबैसँग फरक-फरक कार्यसूची हुन्छ। त्यसैले तपाईं स्पष्ट हुनुपर्छ, यो सभाको उद्देश्य हो। व्यावहारिक रूपमा भन्नुपर्दा, अधिकांश सभाहरूमा जब तिनीहरूसँग एउटा वा दुईटा उद्देश्य हुन्छ तब अति प्रभावकारी रूपमा सञ्चार गरिन्छन्।

12 वटा विभिन्न उद्देश्यहरू भएको एउटा लामो सभाभन्दा एउटा उद्देश्यसहितको छोटो थप सभाहरू गर्नु राम्रो हुन्छ। मानिसहरू बाटो बिराउँछन् र थकित हुन्छन्। यो केवल धेरै शब्दहरू मात्र हुन्छ।

त्यसैले तपाईंले सभाका निम्ति तयारी गर्दा प्रश्न गर्नुहोस्, यो सभाको उद्देश्य के हो? त्यसो गर्दा सभामा स्पष्टता हुन्छ र सञ्चार अझ प्रभावकारी हुन्छ। तयारी गर्दा तपाईंले सोध्नुपर्ने दोस्रो प्रश्न यो होः यो सभामा को-को हुनुपर्छ? यदि उद्देश्य यही हो भने, त्यसैले सभामा को-को उपस्थित हुनुपर्छ भन्ने कुरा स्पष्ट पार्दछ। धेरै पटक सेवकाइहरूमा, म सबै मानिसहरू हरेक सेवामा गएको पाउँछु। जब तपाईंसँग सभाको टेबलको गलत

मानिसहरू तपाईंसित बसिरहेका हुन्छन् तब त्यसले सञ्चारलाई नष्ट गर्नेछ। तिनीहरूसँग समझ नहुन सक्छ, तिनीहरूसँग दृष्टिकोण वा अनुभव नहुन सक्छ। त्यसैकारण तपाईंले यो दोस्रो प्रश्न गर्नुपर्छः यसको उद्देश्यको कारण यो सभामा को-को हुनुपर्छ?

वा तपाईंले आफ्नो दलमा एउटा यस्तो चलन सुरु गर्नुपर्छ कि यदि कसैलाई कुनै सभामा नबोलाइए उनीहरूले अपमानित अनुभव नगरोस्। तिनीहरू त्यसबाट दुःखित नहोऊन्। तिनीहरूले यो बुझून् कि विशेष उद्देश्यहरू भएका सभाहरूमा ती उद्देश्यहरूमा योगदान दिन सक्ने व्यक्तिहरू उपस्थित हुनेछन् भनी तिनीहरूले बुझ्न सकून्। त्यसपछि तपाईंले सोध्नु पर्ने तेस्रो प्रश्न छ।

सभा कहिले राख्नुपर्छ? अब, यो एक मामुली प्रश्न जस्तो लाग्न सक्छ, तर यो साँच्चै महत्त्वपूर्ण छ।

समय महत्त्वपूर्ण हुन्छ।

धेरै ऊर्जा उत्पन्न गर्ने एउटा सफल ठूलो कार्यक्रमपछि मानिसहरूमा मजबुत भावनाहरू उत्पन्न भएको हुन्छ र त्यसको लगत्तै सभा राख्न सम्भवतः उचित समय हुँदैन, किनकि मानिसहरूका विचारहरू छताछुल्ल भएका हुन्छन्। यदि यो सफल हुँदैन भने तिनीहरूमा त्यस्तै पूर्वाग्रह हुन्छ। यदि यो राम्ररी सफल भयो भने तिनीहरूमा त्यस्तै पूर्वाग्रह हुन्छ। यो सभा राख्नु कुन समय उचित हुन्छ त्यो तपाईंले उद्देश्य र मानिसहरूको आधारमा योजना बनाउनुपर्छ। त्यसो गर्दा तिनीहरू त्यस सभामा आउन सक्छन्, हुन लागेको कार्यक्रमका निम्ति तयार हुन्छन्।

सभाको समय साँच्चै महत्त्वपूर्ण हुन्छ। तपाईं राति अबेरसम्म सभा गर्नुहुन्छ, मानिसहरू धेरै थकित भएका हुन सक्छन्। आइतबार बिहान सेवाहरूको बीचमा सभा राख्नुहोस्, मानिसहरूको ध्यान भड्कन्छ। सभा राख्न समय चुन्दा येशूजस्तै होसियार हुनुहोस्। त्यसपछि चौथो प्रश्न छ।

सभा कहाँ राख्नुपर्छ? अब, यो प्रश्न अझ नगण्य जस्तो लाग्न सक्छ, तर धर्मशास्त्र बाइबलमा एउटा उदाहरण छ जहाँ येशूले चेलाहरूलाई बाहिर पठाउनुभयो, तिनीहरूले काम गरे, तिनीहरू फर्केर आए र तिनीहरूको कामको बारेमा जान्न उहाँले तिनीहरूलाई भेट्नुहुन्छ, गरिएको कामको बारेमा प्रश्न गर्नुहुन्छ। उहाँ साँच्चै तिनीहरूलाई अर्को गाउँमा लैजानुहुन्छ। उहाँले तिनीहरूलाई तिनीहरूको सेवकाइको स्थानबाट हटाउनुहुन्छ, त्यसैले तिनीहरू अझ एकान्त स्थानमा पुग्छन्, जहाँ उहाँले तिनीहरूसँग प्रभावकारी सभा गर्न सक्नुहुन्छ।

सभा कहाँ राख्नुपर्छ?

कहिलेकहीं सभाहरू समितिको कोठामा भन्दा कफी पसलमा धेरै राम्रो हुन्छन्। कहिलेकहीं सभाहरू हिंड्दै गर्नु राम्रो हुन्छ। कहिलेकहीं सभाहरू एउटा सेतो पाटी भएको ठाउँमा राम्रोसँग गर्न सकिन्छ। तपाईंले यसमा निर्णय गर्नुपर्छ, किनकि सभाका निम्ति समय मात्र होइन, ठाउँको पनि महत्त्व हुन्छ। यसरी तयार गरिएका प्रश्नहरूले तपाईंलाई धेरै फलदायी बातचित गर्नका निम्ति आवश्यक सबै कार्य गर्न सहायता गर्दछ।

पाँचौं र सबैभन्दा महत्त्वपूर्ण प्रश्नः सभाको तयारीका निम्ति सभामा आउने मानिसहरूले के काम गर्नुपर्छ? तपाईंले बुझ्नुहुन्छ, सेवकाइमा धेरै पटक के हुन्छ भने हामी सभा राख्छौं, हामी सेवाको कार्यसूची बनाउँछौं र सबैजना काम गर्न सेवामा आउँछन्।

सेवाभन्दा अघि तिनीहरू केही गर्दैनन्। सेवाको उद्देश्य काम गर्ने हुन्छ। म तपाईंलाई त्यो रणनीति परिवर्तन गर्न उत्साह दिन्छु। मानिसहरूले सेवाभन्दा अघि नै काम गरून्, ताकि सेवामा आउँदा तिनीहरू आफ्नो कामको बारेमा बताउन त्यहाँ आऊन्। तिनीहरूको कामको बारेमा बताउँदा त्यहाँ धेरै ठूलो सञ्चार हुन्छ र सञ्चारको अझ धेरै प्रभावकारी माध्यम हुन सक्छ। यसका निम्ति भन्नु पर्ने कुराहरू तपाईंले पहिलेबाटै

तयार गर्नुपर्छ। त्यसो गर्दा अर्को मंगलबार तपाईं यसो भन्न सक्नुहुन्छ,"हामी सभा राख्न जाँदैछौं। म चाहन्छु, तपाईं यी तीन प्रश्नहरूको जवाफ दिन तयार भएर आउनुहोस्।"

अब दलका सदस्यहरूले ती प्रश्नहरूको बारेमा सोच्न थाल्छन्। तिनीहरूले ती प्रश्नहरू अध्ययन गरिरहेका हुन्छन्। तिनीहरू ती प्रश्नहरूका निम्ति प्रार्थना गरिरहेका हुन्छन्। तिनीहरू जवाफ दिन(काम गर्न)तयार भएर आउँछन्। यो सबै सभाका लागि तयारी हो। कहिलेकहीं तिनीहरूले गर्ने काम, तपाईं वास्तवमा सभा हुनुभन्दा अघि नै तिनीहरूले दिन सक्नुहुन्छ।

तिनीहरूले के सोचिरहेका हुन्छन् तपाईंले बुझ्नुहुन्छ। तिनीहरू यहीं छन्। अनि हामीसँगै हुँदा म तिनीहरूको साथमा राम्रोसँग काम गर्न सक्छु।

पहिलो चरण, तयारी गर्नु हो, जुन धेरै महत्त्वपूर्ण छ।

एक पटक यो तपाईंको अगुवापनको अभ्यासको हिस्सा बनेपछि यो देखिएको भन्दा धेरै सजिलो हुन्छ। तर यदि तपाईं तयारी(सुरु)मा ध्यान केन्द्रित गर्न ऊर्जा खर्च गरिरहनुभएको छैन भने, म तपाईंलाई ध्यान केन्द्रित गर्ने र आफैलाई यी प्रश्नहरू सोध्ने उत्साह दिंदछु। हामी किन भेला भइरहेका छौं? को-को भेला हुनुपर्छ? सभा कहिले र कहाँ हुनुपर्छ? म तिनीहरूलाई कुन काम गर्न दिनेछु? यसरी जब हामी सभामा आउँछौं, हामी आफ्नो कामको बारेमा बताउँछौं र त्यहाँ धेरै ठूलो सञ्चार भइरहेको हुन्छ।

एकचोटि तपाईंले तयारी (सुरु) गरेपछि तपाईं दोस्रो चरणमा जानुहुन्छ, जुन सभा गर्नु नै हो। अब, जब तपाईं सभाको बारेमा सोच्नुहुन्छ, भनौं यो एक घण्टा लामो हुन्छ, म चाहन्छु, तपाईंले यो सभामा हुन सक्ने चारवटा चरणहरूको बारेमा सोच्नुहोस्। पहिलो चरण तपाईंले त्यो सभा कसरी सुरु गर्नुहुन्छ भन्ने हो। जब तपाईं त्यो सभा सुरु गर्नुहुन्छ, तपाईंले मानिसहरूलाई तिनीहरू किन त्यहाँ छन् भनेर बताउनुपर्छ। त्यो सभा लामो वा कठिन हुनुपर्दैन, तर तपाईंले यो सभा किन भइरहेको छ भनी तिनीहरूलाई भन्नुपर्छ। एक प्रकारले तपाईं भन्न सक्नहुन्छ, कि हामी यस कारणले यहाँ छौं। हामी भेट्नुको कारण यस्तो छ। अनि तपाईंले त्यस स्थितिसम्म आइपुगेको बारेमा छोटो विवरण दिन सक्नुहुन्छ। किनकि मानिसहरू जुन सभामा आएका हुन्छन् त्यो सभा त्यस घटनासित सम्बन्धित छ भने तिनीहरूले सञ्चार गर्नेछन् र प्रभावकारी रूपमा सिक्नेछन्। हामी यहाँ किन छौं र के गर्न लागेका छौं भनी बुझ्न तिनीहरूलाई एक वा दुई मिनेट मात्र लाग्छ। त्यसैले सभा सुरु गर्न अघि तपाईंले सभाको उद्देश्यको बताउनु धेरै जरूरी हुन्छ। यो सभाको लक्ष्य के हो? अनि यसमा कुन प्रक्रिया प्रयोग गरिनेछ? त्यसैले अर्को घडीमा हाम्रो त्यो लक्ष्य यो योजना बनाउनु हो र हामी यो तीन प्रकारले गर्नेछौं। चाहे त्यो जे भए पनि तपाईंले सेवा वास्तवमा सुरु हुन अघि उनीहरूलाई बताउनु पर्छ, ताकि तिनीहरूले सभाको प्रक्रिया के हो भनी स्पष्ट थाहा पाऊन्।

याद राख्नुहोस्, तिनीहरू त्यो सभामा सहभागी हुनेछन्, त्यसैले तपाईं तिनीहरूलाई त्यो बुझाउनुहुन्छ। तपाईं त्यो सुरु गर्न लाग्नुभएको हुन्छ। त्यसपछि तपाईं सभाको मुख्य विषयमा प्रवेश गर्नुहुन्छ। ती विषयहरू सभाको समापनसँगै समाप्त हुनेछन् र तपाईंले सभा समाप्त गर्नुहुँदा कुन कुरा प्राप्त गरियो र अगि बढाइयो त्यो संक्षेपमा बताउनु हुनेछ।

तर यो प्रमुख विषय हो, म केही मिनेट लिएर यसबारे तपाईंसँग कुरा गर्न चाहन्छु। किनकि एक अगुवाको रूपमा तपाईंले दलको नेतृत्व गर्दै जब तपाईं एकसाथ सभा राख्नुहुन्छ, तपाईं तिनीहरूलाई तयार गर्नुहुन्छ, तिनीहरूभित्र आउँछन्, तपाईंले सभाको परिचय गाउनुहुन्छ र अब तपाईं वास्तवमा सभा सुरु गर्न लाग्नुहुन्छ। एक अगुवाको रूपमा त्यहाँ तपाईंका निम्ति तीन विकल्पहरू छन्। सञ्चारका तीन फरक-फरक रणनीतिहरू छन्।

तीनवटै वैध (उचित) छन्।

एउटा अधिकार जमाउनु, एउटा सहकार्य गर्नु र अर्को सहमत हुनु हो।

यसले तपाईं त्यो सेवामा कसरी सञ्चार(कुराकानी)गर्नुहुन्छ भन्ने कुरा निर्धारण गर्नेछ।

अधिकार जमाउनु भनेको सेवामा उठेर बोल्नु हो। तपाईंसँग अधिकार छ, तपाईंसँग विश्वास छ र तपाईं बोल्नुहुन्छ अनि मानिसहरूले सुन्छन्, तिनीहरूले ध्यान लाएर सुन्छन्। त्यो स्वस्थ र सही कुरा हो। त्यसपछि सहकार्य हुँदछ।

सहकार्य गर्नु भनेको त्यो हो जब तपाईं एक दलको रूपमा सँगै मिलेर काम गर्नुहुन्छ। मानौं, अधिकार गर्नु भनेको परमेश्वरको सत्यता के हो भनी बताउनु हो र सहकार्य गर्नु भनेको त्यो दल मिलेर परमेश्वरको सत्यता, परमेश्वरको योजनाअनुसार निर्माण गर्नु हो।

त्यसपछि त्यहाँ सहमति हुन्छ।

सहमति अरू दुईवटा भन्दा केही भिन्न हुन्छ, किनकि सहमति भनेको त्यो हो जब तपाईंसँग एउटा विचार हुन्छ र तपाईं त्यो विचारअनुसार नेतृत्व गरिरहनुभएको हुन्छ, तपाईं केवल तिनीहरूको प्रतिक्रिया चाहनुहुन्छ। अब तपाईंले यी तीन कुरा बीचको भिन्नता बुझ्नुहुनेछ। अधिकार जमाउनु भनेको, म उठ्छु र आदेश दिन्छु। सहकार्य भनेको, म आदेशअनुसार काम गर्न दललाई नेतृत्व गर्दछु।

सहमति भनेको म खडा हुन्छु, मसँग केही निर्देशन छन्, तर म त्यो निर्देशन दिन अघि उनीहरूका प्रतिक्रिया पाउन चाहन्छु।

म तपाईंलाई उत्साह दिन चाहन्छु, कि जब तपाईं एउटा सभा किन भइरहेको छ, त्यसको लक्ष्य के हो र सेवामा को छ भन्ने कुराको आधारमा सभा संचालन गरिरहनुभएको हुन्छ तह तीनमध्ये एउटा चुन्नुहोस्। एकै सभामा यी तीनवटै कुरा गर्न धेरै गाह्रो हुन्छ।

एक अगुवाको रूपमा त्यो सभाले तपाईंबाट कुन कुराको माग गर्दछ? धेरै मानिसहरूले सधैं तुरुन्तै भन्नेछन्, 'अहो, यसमा सधैं सहकार्य गर्नुपर्छ।' तर त्यो कुरा साँचो नै हो भन्ने हुँदैन। सधैं अधिकार जमाउने र नियन्त्रण गर्ने मात्र गर्न सकिंदैन, कतिपय यस्ता समयहरू हुन्छन् जब तपाईंको दललाई तपाईंबाट स्पष्ट निर्देशन चाहिन्छ र जसका लागि तिनीहरू तपाईंप्रति आभारी हुनेछन्।

तपाईंसँगै काम गर्ने, सहकार्य गर्ने समयहरू हुन्छन्।

त्यसपछि यो तेस्रो विकल्प- सहमति। यो पनि धेरै महत्त्वपूर्ण हुन्छ, किनकि तपाईंले यो कुरा बुझे पनि त्यस विषयमा अरूले पनि केही भनोस् भन्ने तपाईं चाहनुहुन्छ। अनि सञ्चार गर्ने र सभा संचालन गर्ने यी तीनवटा भिन्न-भिन्न तरिकाहरूले तपाईंले चाहनुभएको लक्ष्य प्राप्त गर्न ठूलो सहायता गर्न सक्छ। तपाईं सभामा जानुहुन्छ र तपाईं खडा हुनुहुनेछ र तिनीहरूलाई निर्देशन दिनुपर्छ भनी तपाईंलाई थाहा हुन्छ।

मैले दिन चाहेको केही निर्देशनबारे तिनीहरूका प्रतिक्रियाको म निष्कर्ष निकाल्नेछु। वा त म कुनै निर्देशन दिनेछैनँ, बरु हामी एकसाथ मिलेर एउटा योजना बनाउँछौं।

यो कुरा याद राख्नुहोस्। तपाईंले तयारी(सुरु)गर्नुभयो, तपाईंले ती प्रश्नहरूको जवाफ दिनुभयो। अब तिनीहरू भेला हुन्छन्, तपाईंले सभा गर्नुहुन्छ, तपाईंले तिनीहरूलाई त्यो सभाका लागि तयार पार्नुभएको छ, तिनीहरू त्यहाँ किन छन् भन्ने कुरा तिनीहरूले जान्दछन् र तपाईंले सहमति भएको कार्यका लागि सहकार्य गर्न कुन कार्य गर्नुपर्छ भनी तपाईंले चुन्नुभएको छ। सभाको अन्त्यमा, सबै कुरा सकिएपछि तपाईं त्यो सभाको सार संक्षेपमा बताउनुहुन्छ र सबैजना राम्रो सभामा बसेर छुट्टिन्छन्। धेरै जना मानिसहरू सभा मन पराउँदैनन्, तर त्यस्ता सभाहरू लामो, दिक्कलाग्दो र अव्यवस्थित हुने गरेकोले मन नपराएका हुन्। कसैलाई साँच्चै राम्रो, प्रभावकारी सभामा बोलाउनुहोस्, जुन सभाले तिनीहरूलाई तिनीहरूको काममा अझ राम्रो हुन सहायता

गर्दछ, तिनीहरू त्यस प्रकारको सभामा आउन खुसी हुनेछन्। त्यसपछि हामी आफूले सबै कुरा गरिसक्यौं भनी सोच्छौं। तर त्यहाँ तेस्रो चरण छ। पहिलो चरण तयारी वा सुरु हो।

दोस्रो चरण त्यो सभा हुनु नै हो।

तर त्यसपछि तपाईंसँग तेस्रो चरण छ, जुन सभापछि गर्नुपर्ने अनुगमनको काम हो।

सेवकाइमा, प्रायः धेरै सभाहरू हुने गर्छन्, त्यहाँ धेरै परियोजनाहरू, धेरै कार्यक्रमहरू र विभिन्न क्रियाकलापहरू भइरहेका हुन्छन्। सभा समाप्त भएपछि अनुगमन चरण महत्त्वपूर्ण हुन्छ, जुन बेला तपाईं उनीहरूलाई बिर्सेका हुन सक्ने कुनै पनि प्रश्नहरू सोध्न सक्नुहुन्छ।

प्रायः सञ्चारको कुनै माध्यमद्वारा गरिने अनुगमनको यस चरणमा ईमेल, व्हाट्सएप समूह, लिखित सन्देशद्वारा अनुगमन गर्न सकिन्छ, तर यो फेरि भेला नभई तिनीहरूलाई अनुगमन गर्ने तरिका हो। त्यो अनुगमनमा तपाईंले सभामा चर्चा गरेका कुराहरू अर्कै शब्दहरूद्वारा छोटकरीमा स्पष्ट गरी स्मरण गराउनुपर्छ। तपाईंले तिनीहरूलाई त्यो सभामा भेट्दा के भएको थियो र कुन निर्णयहरू लिइएको थियो सो बताउनुहुनेछ। अनि महत्त्वपूर्ण कुरा, तपाईंले तिनीहरूका प्रतिक्रिया माग्नुपर्छ।

यदि तिनीहरूले यसलाई त्यस प्रकारले हेर्दैनन्, यदि तिनीहरूको निष्कर्ष फरक थियो भने वा यदि तिनीहरूले गर्न सोचेका कार्यहरू तपाईंले तिनीहरूलाई आदेश दिनुभएको भन्दा फरक छ भने तपाईंले तिनीहरूलाई विचार (प्रतिक्रिया) माग्नुहोस्। तपाईंले यी तीन चरणहरू छन्, तपाईंले तयारी(सुरु)सुरु गर्नुभएको छ। त्यसैले त्यहाँ स्पष्टता छ, प्रभावकारिता छ र उद्देश्य छ र त्यहाँ टेबलका वरिपरि मानिसहरू छन्, जो सबै सभाका लागि तयार छन्। त्यसपछि तपाईंले सही ठाउँमा र सही समयमा सभा गर्नुहुन्छ र तपाईंले कार्यसूची र उद्देश्यको आधारमा निर्णय गर्नुहुन्छ, तपाईंले सभाको अगुवाको रूपमा कुन तीन भूमिकाहरू लिंदै हुनुहुन्छ र त्यसपछि तपाईं त्यो सभामा के हुन्छ संक्षेप बताउनुहोस्। अनि तपाईंले अनुगमन गर्नुपर्छ। जब तपाईं एक ईमेल वा लिखित सन्देश पठाउँदै त्यो सभामा लिइएको निर्णय र अब के गर्नुपर्छ भन्ने कुरा छोटकरीमा बताउनुहुन्छ, तब अझ स्पष्ट हुनका निम्ति तिनीहरूको प्रतिक्रिया माग्नुहुन्छ।

जब तपाईं यो नमुना प्रयोग गर्नुहुन्छ र तपाईं सभाहरू संचालन गर्नुहुन्छ, तपाईं त्यहाँ अविश्वसनीय प्रभावकारी सञ्चार भएको थाहा पाउनुहुनेछ।

मानिसहरूमा स्पष्ट विचार, स्पष्ट समझ हुनेछ। यदि त्यहाँ प्रश्नहरू छन् भने तिनको जवाफ दिइनेछ। एउटै लक्ष्य र एउटै उद्देश्यका लागि सबै जना एकताबद्ध र लामबद्ध हुन्छन्।

तपाईंले प्रस्तुत गर्न सक्ने केही प्रभावकारी सञ्चारहरू मञ्च वा सुन्ने सामग्रीहरूबाट हुँदैनन्।

यो तपाईंको दलसँग एउटा टेबल कै वरिपर हुन्छ।

यदि तपाईंले सभाका निम्ति राम्ररी तयार गर्नुभएको छैन भने तपाईंले प्रस्तुत गर्न सक्ने सबैभन्दा भ्रामक सञ्चारहरू त्यही टेबलको वरिपरि हुनेछ।

हामी आफ्नो काममा धेरै व्यस्त हुन्छौं र हामी सभाहरूलाई धेरै नगण्य रूपमा लिन्छौं, धेरै छिटोछिटो गर्छौं, निरुद्देश्य रूपमा गर्छौं।

चेलाहरूसँग भेट्दा येशूसँग उच्च स्तरको उद्देश्य हुन्थ्यो। उहाँ ककसलाई भेट्नुभयो, उहाँले किन तिनीहरूलाई भेट्नुभयो, उहाँले तिनीहरूसँग कहाँ भेट्नुभयो। हामीले हाम्रा दलहरूसँग भेट्दा हामीसँग पनि त्यस्तै उद्देश्य हुनुपर्छ, ताकि हाम्रो हरेक हप्ताको सेवकाइको भाग हुने सभाहरूमा सबैभन्दा प्रभावकारी सञ्चार गर्न सकियोस्।

# नेतृत्व - सही मानिसहरूसँग निर्माण गर्नुहोस्

खम्बाहरूको एउटा प्रमुख विषय नेतृत्व वा अगुवाहरू हो। तपाईं अगुवा हुन बोलाइनुभएको छ, जसको अर्थ हो तपाईं मानिसहरूसँग संलग्न हुनुहुनेछ। एक अगुवाको रूपमा तपाईंले सही व्यक्तिहरूलाई लिएर निर्माण गर्नु धेरै महत्त्वपूर्ण हुन्छ। तपाईं जो पायो त्यसैलाई लिएर निर्माण गर्न बोलाइनुभएको होइन। तपाईं सही मानिसहरू साथमा लिएर निर्माण गर्न बोलाइनुभएको छ। तर यहाँ याद राख्नु पर्ने महत्त्वपूर्ण कुरा छ। तपाईंले ती सही मानिसहरू फेला पार्नुहुन्न।

तपाईंले ती सही मानिसहरू हुर्काउनुपर्छ। यो तपाईंको जिम्मेवारी हो। वास्तवमा अगुवाले गर्नुपर्ने काम मानिसहरूलाई हुर्काउनु (बढाउनु) नै हो, यसरी तिनीहरू सेवकाइमा सँगै मिलेर निर्माण गर्ने सही व्यक्तिहरू बन्छन्। पुरानो करारमा हामीलाई सही मानिसहरूका विशेषताहरू, गुणहरूको तस्वीर(उदाहरण)दिइएको छ, जसद्वारा हामी सही मानिसहरू निर्माण गर्न सक्छौं र हाम्रो दललाई त्यस प्रकारका व्यक्तिहरू हुर्काउने जिम्मेवारी दिइएको छ। यो तस्वीर हामीलाई गिदोनको कथामा दिइएको छ।

गिदोनको कथामा ध्यान सधैं गिदोनमा केन्द्रित हुन्छ। तर म केही क्षणसम्म तपाईंको ध्यान गिदोनको फौजतिर लगाउन चाहन्छु। गिदोन आफै होइन, तर तिनका 300 जना मानिस मिलेर फौज बनेको थियो। परमेश्वरले गिदोन र ती मानिसहरूलाई जुन प्रक्रियाबाट लैजानुभयो त्यो तिनीहरूलाई सही मानिस बनाउनका निम्ति थियो, जसले गिदोनसँग मिलेर सेवा, काम, र लडाइँ गर्न गइरहेका थिए। जब तपाईं गिदोनको फौजलाई हेर्नुहुन्छ, तपाईंले ती मानिसहरूमा चारवटा गुणहरू देख्नुहुन्छ। मेरो विचारमा, यिनै चार गुणहरू हामीले आफ्ना मानिसहरूमा विकास गर्नुपर्छ, ताकि तिनीहरू सही मानिसहरू बन्न सकून्, जोसँग मिलेर हामी निर्माण गर्न सक्छौं। पहिलो गुण यो हो कि ती 300 मानिस धेरै जिम्मेवार थिए। गिदोनको कथामा तिनीहरूका शत्रु फौजले तिनीहरूमाथि आक्रमण गर्न लागेको छ र तिनीहरूले त्यो फौजको विरुद्ध लड्नु परेको छ। त्यसैले त्यहाँ लडाइँ गर्नका निम्ति सबै मानिसलाई बाहिर निस्कने आह्वान छ। अनि त्यहाँ हजारौं पुरुषहरू आउँछन्, तर तिनीहरूमध्ये धेरै जना डराएर पछि हटछन्।

डरले तिनीहरूलाई अगि बढनबाट रोक्छ। तर जो डटेर बसे, तिनीहरूमा परमेश्वरले तिनीहरूलाई गर्न बोलाउनुभएको कामप्रति जिम्मेवारीको भावना थियो। संसारमा र हाम्रा सेवकाइहरूमा यस्ता मानिसहरू छन्, जो कहिलेकहीं डरले अगि बढनबाट रोकिन्छन्। यसले तिनीहरूलाई जिम्मेवारीबाट र हाम्रो दलको सदस्यको रूपमा परमेश्वरले तिनीहरूलाई उहाँको उद्देश्य पूरा गर्नबाट रोक्दछ, तिनीहरू गिदोनलाई छोडेर जाने ती हजारौं मानिसहरू जस्तै हुन्छन्। हाम्रा सेवकाइहरूमा मानिसहरू छोडेर जान्छन्, तर तिनीहरू जिम्मेवारी मात्र छोड्छन्, शारीरिक रूपमा छोडेर जाँदैनन्।

तपाईंले अह्राउनुभएको काम तिनीहरूले गर्नेछन्, तर तिनीहरूको त्यो कामको जिम्मेवारी लिंदैनन्।

एक अगुवाको रूपमा, तपाईंको कर्तव्य अरूलाई सही व्यक्ति बन्न सहायता गर्नु पनि हो र तपाईंले तिनीहरूलाई यो दर्शनको जिम्मेवारीको स्वामित्व लिन प्रोत्साहन दिनुपर्छ, ताकि तिनीहरूले सही मानिसको रूपमा बढन सहायता पाऊन्। एक अगुवाको रूपमा तपाईंले ती मानिसहरूलाई त्यस परिवर्तन गर्नका लागि बढाउन सक्नुहुन्छ, यसका निम्ति तपाईंले तिनीहरूलाई कार्यक्रमसँग मात्र होइन तर सेवकाइसँग पनि जोड्नुपर्छ।

तपाईंले तिनीहरूका हृदयलाई ती मानिसहरूसँग जोड्नुपर्छ जसकहाँ जाने तपाईंले कोसिस गरिहनुभएको हुन्छ। अगुवाहरूको रूपमा धेरै पटक, जब हामी हाम्रो साथमा निर्माण गर्नका लागि मानिसहरूलाई भर्ना

गर्दछौं, तिनीहरू हाम्रो संस्थाको, हाम्रो कार्यक्रमको वरिपरि नै छन् भनी कल्पना गर्दछौं, हामी तिनीहरूलाई हाम्रो कार्यक्रम र हाम्रो संस्थाप्रति वफादार बनाउने कोसिस गर्दछौं, तर वास्तवमा ती व्यक्तिहरूमा हामी जान लागेका मानिसहरूप्रति दयाको भावना हुनु आवश्यक छ। किनकि हामी जुन मानिसहरूकहाँ जान लागेका हुन्छौं उनीहरूप्रति यदि तिनीहरूमा दया छ र एउटा उद्देश्यले प्रेरित छन् भने तिनीहरूले त्यसको जिम्मेवारी पनि लिनेछन्। क्रूसमा जानुपर्दा येशू डराउनु भएन।

उहाँ हिचकिचाउनुभएन, गिदोनको कथाका मानिसहरूजस्तो उहाँ मैदान छोडेर भाग्नुभएन। उहाँ मानिसहरूसित जोडिनुभएको थियो र उहाँ क्रूसद्वारा तिनीकहाँ पुग्दै हुनुहुन्थ्यो र नै क्रूसमा टाँगिनुभयो।

एक अगुवाको रूपमा, हाम्रो मुख्य जिम्मेवारी मानिसहरूलाई दर्शनको ठूलो जिम्मेवारी र स्वामित्व लिन सक्ने स्थानमा पुर्‍याउन सक्ने हुनका निम्ति तिनीहरूलाई मानिसहरूसँग जोड्नु हो। कल्पना गर्नुहोस्, म उर्लंदो नदीको छेउमा हिंडिरहेको छु र त्यो उर्लंदो नदीमा मेरी छोरी खस्छे। मेरी छोरीलाई बचाउन म त्यो उर्लंदो नदीमा हाम फाल्न अलिकति पनि हिचकिचाउँदिनँ। सबै डर हराउँछ। मलाई आफ्नो ज्यान जाला भन्ने पनि डर हुँदैन, किनकि मेरी छोरी त्यो उर्लंदो नदीमा खसेकी छ। म नदीमा हाम फाल्छु र उसलाई बचाउने कोसिस गर्नेछु। तर यदि त्यो मेरी छोरी हुँदैनथ्यो भने के हुन्थ्यो? यदि मेरी छोरीको कुकुर, उसको पाल्तु कुकुर नदीमा खसेको हुन्थ्यो भने के गर्थें हुँला?

म हिचकिचाउँथे। म त्यो पाल्तु कुकुर र मेरो जीवन दँजाउँछु, के यो साँच्चै बचाउन लायकको छ?

यो मेरो सम्बन्ध, मेरो प्रेम, मेरी छोरीप्रति मेरो हृदयको चाहनाले मेरो डर हटाउँछ।

अगुवाको रूपमा तपाईं र मेरो जिम्मेवारी मानिसहरूलाई हुर्काएर त्यो स्थानमा पुर्‍याउनु हो जहाँ उनीहरू अरू मानिसहरूसँग जोडिन्छन्। कहिलेकहीं मानिसहरू हामीले सोचेजस्तो इमानदार नहुँदा, तिनीहरूले जिम्मेवारी नलिंदा हामी धेरै निरास हुन्छौं, तर त्यसो गरेर हामीले ठीक गरिरहेका हुँदैनौं, किनकि हामीले उनीहरूलाई हाम्रो संस्था वा हाम्रो कार्यक्रमप्रति विश्वासयोग्य बनाउने कोसिस गरिरहेका हुन्छौं। उनीहरूलाई हामीले पुग्ने मानिसहरूप्रति विश्वासयोग्य बनाउन आवश्यक छ। यदि तिनीहरूमा इमानदारिको भावना छ, जोडिने भावना छ भने तिनीहरूले केवल तपाईंलाई सहयोग मात्र नगरेर त्यो दर्शनलाई पनि आफ्नै बनाउँछन्।

गिदोनको फौजको दोस्रो विशेषता छ। तपाईंले पढ्नु हुने त्यो कथामा तिनीहरू अति नै विवेकशील थिए। परमेश्वरले गिदोनलाई तिनको फौजमा को-को हुनुपर्छ भनी जान्नका निम्ति मानिसहरूको जाँच गर्न लाउनुहुन्छ, जुन कुरा तपाईं पढन सक्नुहुन्छ। अनि त्यो एउटा उद्देश्यसहितको जाँच हो। त्यो जाँचचाहिं तिनीहरूले कुन तरिकाले पानी पिउँछ भन्ने थियो। यदि तिनीहरूले घोप्टो परेर पानी पिउँछन् भने तिनीहरूले वरपर के भइरहेको छ सो थाहा पाउनेछैनन्। तर यदि तिनीहरूले हातको अन्जुलीले उघाएर पानी पिउँछन् भने तिनीहरू चनाखा हुन्छन्। ती मानिसहरूले आफ्नो वरिपरि के भइरहेको छ त्यसप्रति सचेत हुन्छन् कि हुँदैनन्, तिनीहरूको ध्यान हटेर जान्छ कि जाँदैन? सो जाँच गर्नुभयो।

गिदोनको फौजको तेस्रो विशेषता, हामीले हुर्काउँदै गरेका, अर्थात् हामीसँगै निर्माण गर्ने मानिसहरूका लागि आवश्यक पर्ने एउटा विशेषता यो हो कि तिनीहरूमा विवेकशील चेतना हुनुपर्छ। त्यहाँ विवेक हुनु जरूरी छ। धेरै पटक हाम्रो दलमा हामीसँग काम गर्ने मानिसहरू धेरै व्यस्त हुन्छन् र हामी तिनीहरू कति व्यस्त छन् र तिनीहरू कति सक्रिय छन् भनेर तिनीहरूको प्रशंसा गर्छौं। तर हामीले तिनीहरूलाई परिवर्तन गर्दै व्यस्त र सक्रिय मात्र नराखेर परमेश्वरले गरिरहनुभएको कामप्रति साथै आत्मिक रूपमा सचेत हुने बनाउनुपर्छ। तिनीहरू आत्मिक रूपमा परमेश्वरले गरिरहनुभएको कामप्रति सचेत भए भने तिनीहरू त्यसमा अझ धेरै बढदै जान सक्छन्।

धेरै पटक हामीसित र हाम्रो सेवकाइमा सेवा गर्ने मानिसहरूले विवेकशील हुने कुरालाई तिनीहरूका कामको एक हिस्साको रूपमा हेर्दैनन्। तिनीहरू केवल आफ्नो सेवालाई तिनीहरूले गर्नुपर्ने कामको रूपमा हेर्छन्। अनि कहिलेकहीं तिनीहरू आफ्नो काममा यति गर्न धेरै व्यस्त हुन्छन्, जसले गर्दा तिनीहरू आफ्नो वरिपरि के भइरहेछ र कस्ता मौकाहरू छन् भनी बुझ्दैनन्। तिनीहरूको लक्ष्य केवल तिनीहरूको काम हुन्छ, परमेश्वरले के गरिरहनुभएको छ र तिनीहरू जुन मानिसहरूकहाँ जानुपर्छ उनीहरूको बारेमा कुनै ज्ञान हुँदैन। तपाईंका मानिसहरूमा विवेकी हुने गुण हुनु भने एक अगुवाको रूपमा तपाईं तिनीहरूलाई कसरी हुर्काउनुहुन्छ? यस क्षेत्रमा तिनीहरूलाई विकास गर्न र बढन सहायता पुर्‍याउन तपाईंले के गर्नु आवश्यक छ?

त्यहाँ दुईवटा क्षेत्र छन् जहाँ विवेकको आवश्यकता पर्दछ। पहिलो, तिनीहरूमा आफैलाई बुझ्ने समझ हुनुपर्छ। तिनीहरूलाई आफ्नो पहिचान, कमजोरीहरू, तिनीहरूको अहङ्कार, तिनीहरूको असुरक्षाका भावनाहरू बारे थाहा हुनुपर्छ। म व्यक्तिगत रूपमा यो विश्वास गर्छु, कि अगुवामा हुनुपर्ने सबैभन्दा ठूलो गुण विश्वास होइन, दर्शन होइन, साहस होइन।
अगुवा (नेतृत्व)को सबैभन्दा ठूलो गुण आत्म-सचेतता(आफैलाई चिन्ने ज्ञान) हो।
जब तपाईं ख्रीष्टमा को हुनुहुन्छ भनी जान्नुहुन्छ, जब तपाईं आफ्नो बल थाहा पाउनुहुन्छ, जब तपाईं आफ्ना कमजोरीहरू थाहा पाउनुहुन्छ, जब तपाईं आफ्नो वरदान के हो भनी थाहा पाउनुहुन्छ र जब तपाईं सफल र आशिषित हुनुहुन्छ, जब तपाईं कसरी विकास र वृद्धि हुने भनी जान्नुहुन्छ, जब तपाईं आफ्नै बारेमा सचेत हुनुहुन्छ, तब तपाईं ख्रीष्टले तपाईंलाई प्रयोग गर्न सक्नुहुने स्थितिमा हुनुहुन्छ।
गिदोनको फौजले सही तरिकाले पानी पियो, तिनीहरू धेरै चनाखा थिए। तपाईंले आफ्ना मानिसहरूलाई त्यो स्तरसम्म बढाउनुपर्छ, जहाँ पुगेपछि तिनीहरू आफैप्रति सचेत होऊन्, जसको अर्थ तपाईंले तिनीहरूलाई इमानदारीसाथ विचार गर्ने क्षणमा पुर्‍याउनुपर्छ। तिनीहरू कस्ता छन्, के सोचिरहेका छन्? तिनीहरूको सेवकाइ र जीवनको कुरा गर्दा तिनीहरूको हृदयमा कस्तो विचार आउँछ? अनि तपाईं तिनीहरूलाई आफैलाई चिन्नेबारे विचार र कुराकानी गरेर तिनीहरूलाई बढन जति धेरै सहायता गर्न सक्नुहुन्छ, त्यत्ति नै राम्ररी उनीहरूलाई आफूले चाहेका व्यक्तिहरू जस्तो बनाउन सक्नुहुन्छ। तर आफैप्रति सचेत हुनुबाहेक हाम्रो वरिपरिका अरू मानिसहरूप्रति सचेत हुनु पनि एउटा विषय हो। तपाईंले सेवा गर्ने मानिसहरूको बारेमा सचेत हुनु, तपाईंको सेवकाइले लक्षित गरेका श्रोताहरूप्रतिको सचेत हुन, तपाईंले आफ्नो दललाई त्यस अवस्थासम्म बढाउनुपर्छ जहाँ तिनीहरू मानिसहरूको बारेमा सचेत हुन्छन्। तपाईंको दलमा त्यस्ता सदस्यहरू हुन सक्छन् जो मानिसहरूको समूहलाई भेला गर्ने वा शिक्षा दिने कार्यमा संलग्न भएका छन्।
के तिनीहरू सेवकाइ गर्ने समयमा प्रवेश गर्दैछन् भनी तिनीहरू जान्दछन्? के तिनीहरूले कोठाको वातावरण बुझ्न सक्छन्? के तिनीहरू जे भइरहेको छ त्यो बुझ्न सक्छन्?
के तिनीहरूले यसको जवाफ दिन सक्छन्? पुरानो करारमा एउटा विशेष पद छ, जहाँ यसो भनिएको छ, "इस्साखारका मानिसहरूले समयको चिन्ह बुझ्थे" र "कुन बाटो लिनुपर्ने सो थाहा पाउँथे।" इस्साखारका मानिसहरू एउटा कुलका थिए र यस कुलमा अगुवाहरू थिए जसले के हुन लागेको छ र त्यसका निम्ति के गर्नुपर्छ भनी जान्दथे। धेरै पटक हाम्रा स्वयंसेवकहरू र अगुवाहरू केही कुरा थाहा नपाई कार्यक्रम लिएर अगाडि बढछन्। कसरी प्रतिक्रिया गर्नुपर्छ सो तिनीहरू जान्दैनन्। तर तपाईंले अभ्यासद्वारा तिनीहरूलाई जागरूकतामा बढने मौका दिनुपर्छ।
यदि तपाईंसँग सेवकाइको कार्यक्रममा जान लागेका स्वयंसेवकहरू छन् भने तिनीहरू जान अघि तिनीहरूसँग केही समय बिताउनुहोस्, सँगै मिलेर प्रार्थना गर्नुहोस्, र सचेत हुनपर्ने विषयमा कुराकानी गर्नुहोस्।

केटाकेटीहरूले कस्तो अनुभव गर्दैछन् सो हामी थाहा पाऔं। उनीहरूको मनमा कुन कुरा खेल्दैछ सो बुझौं। तिनीहरूलाई बुझ्ने (विवेकको प्रयोग) अभ्यास गर्ने मौका दिनुहोस्। जब त्यो घटना सकेर तिनीहरू फर्केर आउँछन्, तब तिनीहरूलाई त्यसको बारेमा सोध्नुहोस्, "तपाईंले के थाहा पाउनुभयो? तपाईंहरूले के बुझ्नुभयो? के तपाईंले सही प्रकारले बुझ्नुभयो? के तपाईंले त्यो देख्नुभयो? के तपाईंले त्यस व्यक्तिले प्रश्नको जवाफ दिएको देख्नुभयो? के तपाईं यो व्यक्तिले पर्चाहरू दिएको अनि लिने व्यक्तिले धन्यवादी नभई त्यो लिएको देख्नुभयो?" तिनीहरू आफै र अरू मानिसहरूप्रति जागरूक हुने अभ्यास गराएर उनीहरूलाई कसरी बुझ्ने सो सिकाउनुहोस्।

गिदोनको फौजले त्यो जिम्मेवारीको स्वामित्व लियो। तिनीहरू विवेकशील थिए र के भइरहेछ त्यो बुझ्दथे। त्यसपछि गिदोनको फौजको यो तेस्रो विशेषता छ, जुन हाम्रा अगुवाहरूको निर्माण गर्नका लागि हामीसँग हुनु धेरै जरूरी छ। यो विश्वासको गुण हो। परमेश्वरले सधैं गर्नुभएझैं, जब गिदोनद्वारा 300 मानिस भेला भए तब ती सिपाहीहरूले कुनै ठूला हतियारहरू पाउनेछैनन् भनेर निर्देशन दिनुहुन्छ। तिनीहरूसँग ठूलो संसाधन हुनेछैन भन्नुभयो।

तिनीहरूले एउटा राँको पाउँछन्।

तिनीहरूले माटोको गाग्री पाउँछन्। तिनीहरूले सिङ (तुरही)हरू पाउँछन्।

तिनीहरूले प्राप्त गरेका थोकहरू शत्रुलाई नाश गर्न निश्चय पर्याप्त थिएन। तर परमेश्वर महिमा प्राप्त गर्न चाहनुहुन्छ।

उहाँले यी 300 मानिसलाई सही स्थानमा राख्नुहुन्छ, जहाँ परमेश्वरले कसरी काम गरिरहनुभएको थियो त्यसमा तिनीहरूले भरोसा गर्नुपर्थ्यो।

एक अगुवाको रूपमा, तपाईंसँग त्यस्ता मानिसहरू हुन्छन् जसले तपाईंको साथमा सेवा गर्छन्। तिनीहरू तपाईंको दलमा हुनेछन्। अनि धेरै पटक एक अगुवाको रूपमा हामी तिनीहरू इमानदार छन् के भन्ने कुरामा ध्यान दिन्छौं।

के तिनीहरू इमानदार छन्? तर गिदोनको फौजमा, गिदोनलाई 300 इमानदार मानिसहरू मात्र आवश्यक थिएन। तिनलाई विश्वासले भरिएको 300 मानिस चाहिएको थियो।

अर्थात् त्यस्ता सिपाहीहरू, जसमा विश्वास थियो र परमेश्वरले गर्नुहुने काममा र उहाँले त्यो कसरी गर्नुहुन्छ भनेर भरोसा गर्ने सिपाहीहरू चाहिएको थियो।

यदि तपाईंसँग विश्वास गर्ने मानिसहरू छन् भने तपाईं सही मानिसहरू लिएर निर्माण गर्नुहुनेछ। तर अगुवाको रूपमा तपाईंको काम तिनीहरूलाई बढाएर विश्वास गर्ने स्थानमा पुर्‌याउनु हो।

त्यो वास्तवमा कस्तो देखिन्छ? यर्मिया 17:7 र 8 पदले हामीलाई त्यसको जानकारी दिन्छ। यहाँ यर्मिया भन्छन्, "त्यो मानिस धन्य हो, जसले परमप्रभुमा भरोसा राख्तछ।" "जसको भरोसा परमप्रभुमा हुन्छ।" तपाईंले आफ्ना अगुवाहरूलाई येशूलाई उनीहरूको स्रोतको रूपमा हेर्नका लागि बढाउनुहुन्छ। तपाईंलाई होइन, संसाधनलाई पनि होइन, तर येशूलाई हेर्न। यर्मिया अझै भन्छन्, "तिनीहरू खोलाको किनारमा रोपेको रूखजस्तो हुन्छन्, जसले आफ्ना जराहरू खोलाका किनारसम्म फिँजाएको हुन्छ।" यो सुरक्षाको तस्विर हो। तिनीहरूले सुरक्षा पाएका हुन्छन्। सेवकाइ कठिन हुन्छ। तपाईंका अगुवाहरूले चुनौतीपूर्ण समयको सामना गर्छन्। हामीमध्ये धेरैले अनुभव गरेका छौं, कठिनाइ हुँदा हाम्रो दलका धेरै सदस्यहरू छोडेर जान्छन्। तर यदि तिनीहरूमा विश्वास छ, यदि तिनीहरू इमानदार मात्र नभएर विश्वासले भरिएका छन् भने, तिनीहरूले सुरक्षा पाउनेछन्। यर्मियाले 17:7 र 8 पदमा अझ भन्छन्, "गर्मी हुँदा त्यो डराउँदैन। त्यसका पातहरू सधैं हरिया हुन्छन्।"

यर्मियाले के भनिरहेका छन् सुन्नुहोस्, "जब त्यहाँ कठिनाइहरू आउँछन्, संघर्षहरू हुन्छन्, जब त्यहाँ आगो हुन्छ, त्यस्तो बेला पनि तिनीहरू अझै फलदायी हुन्छन्। तिनीहरू अझै प्रशस्त हुन्छन्। यस्तै कुरा हामीले सही मानिसहरूको साथमा निर्माण गर्नु आवश्यक छ। तर मानिसहरू बढेर विश्वासले भरिएको स्थानसम्म पुग्नुपर्छ। हामीले तिनीहरूलाई डोऱ्याएर विश्वासले भरिएको स्थानमा पुऱ्याउनुपर्छ। यर्मियाले यसो भन्दै आफ्नो खण्ड समाप्त गर्छन्, "खडेरीको समयमा त्यसलाई केही चिन्ता हुँदैन, र त्यसले फल फलाउन कहिल्यै चुक्दैन।" के सधैंभरि फल फलाउने दलका सदस्यहरू पाउनु अचम्मको कुरा हुँदैन र?

उनीहरू विश्वासले भरिंदा यस्तो हुन्छ। तपाईं मानिसहरूलाई इमानदारिबाट विश्वासले भरिएको अवस्थामा कसरी पुऱ्याउनुहुन्छ?

तपाईंले उनीहरूलाई सेवा गर्न मात्र होइन सेवकाइका कार्यक्रमहरू र तपाईंसँग संलग्न भएका सेवकाइका परियोजनाहरू तयार गर्न सहायता गर्न आमन्त्रित गर्नुपर्छ। अगुवाको रूपमा प्रायः हामी सबै कुरा आफै बनाउँछौं। हामी सबै कार्यक्रम बनाउँछौं। त्यसपछि हामी मानिसहरूलाई स्वयंसेवकको रूपमा मात्र सेवा गर्न आग्रह गर्छौं। किनकि तिनीहरू स्वयंसेवकको रूपमा मात्र सेवा गरिरहेका हुनाले तिनीहरूले यसको जिम्मेवारी लिंदैनन्। तिनीहरू आफैसँग बुझ्ने क्षमता छ भनी तिनीहरूले बुझेका हुँदैनन्। अनि निश्चय पनि तिनीहरू विश्वास गर्ने स्थितिमा हुँदैनन्, किनकि तिनीहरूले त्यो सिर्जना गरेका हुँदैनन्। तर जब तपाईं मानिसहरूलाई सिर्जना गर्न सहायता गर्न आमन्त्रित गर्नुहुन्छ, मानिसहरू आफूले सिर्जना गर्न सहायता गरेको कुराको हिस्सा बन्न धेरै उपयुक्त हुन्छन्।

अब तिनीहरूले परमेश्वरमा भरोसा गर्नुपर्छ।

अब तिनीहरूले अचम्मै लाग्ने गरी महत्त्वपूर्ण रूपमा परमेश्वरमाथि भरोसा गर्नुपर्छ। कति पटक हामी हाम्रा मानिसहरूका निम्ति सेवा गर्न आरामको क्षेत्र बनाइदिन्छौं, तिनीहरूका लागि यति सजिलो बनाइदिन्छौं, यसो गर्दा वास्तवमा तिनीहरूलाई अझ राम्रो सेवक बन्न सहायता गर्छ भन्ने सोच्छौं।

जब तिनीहरूलाई मैले भन्ने गरेको पवित्र(आत्मिक) असुविधा चाहिन्छ जसलाई म पवित्र(आत्मिक) असुविधा भन्छु, तिनीहरूलाई त्यस्तो असुविधा हुन पनि पर्छ, जुन बेला तिनीहरूले घुँडा टेक्नुपर्छ। जहाँ परमेश्वर देखा पर्नुपर्छ, जहाँ सेवकाइमा तिनीहरूको सहभागिता तिनीहरूको क्षमताभन्दा बढी हुन्छ। अनि परमेश्वरले गिदोनको फौजलाई दिनुभएको जस्तो पर्याप्त स्रोतसाधन तिनीहरूलाई दिनुभएको हुँदैन। जब तपाईं मानिसहरूलाई पवित्र (आत्मिक)असन्तुष्टि अनुभव गर्ने स्थितिमा बढाउनुहुन्छ, जहाँ तिनीहरू थोरै असहज हुन्छन्, जहाँ तिनीहरू थोरै आत्तिन्छन्, ती तिनै मानिसहरू हुन् जसलाई तपाईं निर्माण गर्न सक्नुहुन्छ, किनकि अब तिनीहरू विश्वासी छन् कि छैनन् भनी तिनीहरूलाई मापन गरिंदैन।

तपाईं अब तिनीहरू विश्वासले भरिएका छन् कि छैनन् भनी हेर्नुहुन्छ। अनि त्यसको एउटा महत्त्वपूर्ण कुरा मानिसहरूलाई सेवकाइको विकासमा योगदान दिनका निम्ति सेवकाइद्वारा गरिने कार्यहरूको बारेमा अपेक्षाहरू तय गर्न सहायता गर्नु हो। तिनीहरूलाई रचनात्मक प्रक्रियामा भाग लिनका लागि आमन्त्रित गर्नुहोस् र यसरी तपाईं तिनीहरूलाई विश्वास गर्ने स्थानमा राख्नुहुनेछ।

तिनै मानिसहरूलाई साथमा लिएर तपाईंले निर्माण गर्नुपर्छ, तर तपाईंले तिनीहरूलाई बढाएर त्यो स्थानमा पुऱ्याउनुपर्छ। हामी गिदोनको फौज देख्छौं। तिनीहरू जिम्मेवार छन्, तिनीहरू सहयोग मात्र गर्दैनन् तर तिनीहरूले त्यसको स्वामित्व लिन्छन्। तिनीहरू विवेकशील छन्। तिनीहरू केवल काम समाप्त गर्न व्यस्त छैनन्, तर तिनीहरू आत्मामा के भइरहेको छ भन्ने कुरा पनि जान्दछन् अनि तिनीहरू त्यसैमा बग्दछन्।

तिनीहरूसित विश्वास छ। तिनीहरू केवल वफादार, इमानदार छैनन्, तर तिनीहरूसँग अपेक्षाहरू छन् र विश्वासले भरिएका छन्।

तपाईंले एक अगुवाको रूपमा आफ्नो दललाई त्यो ठाउँमा ल्याउनुभएको छ, तर गिदोनको कथामा एउटा अन्तिम विशेषता छ। भनिएको छ, कि जब फौज युद्धका लागि तयार थियो, हरेक मानिस आफू हुनुपर्ने ठाउँमा उभियो। अनि यो 300 सिपाही एक फौज बनेको, 300 व्यक्ति एक दल बनेको तस्वीर हो।

सही मानिसहरू लिएर निर्माण गर्नका लागि आवश्यक पर्ने चौथो विशेषता भनेको एकता हो। धेरै मानिसहरू होइन, एउटै मानिसहरू। अगुवाको रूपमा प्रायः हामी धेरैभन्दा धेरै मानिसहरू भर्ना गर्न उत्सुक हुन्छौं र हामी ती धेरै मानिसहरूद्वारा हाम्रो भर्ना र परिचालनको सफलता मापन गर्छौं। तर परमेश्वरले सृजना गर्नुभएको गिदोनको कथामा धेरै मानिसहरू थिएनन्।

वास्तवमा, उहाँले त्यो फौजलाई 32 हजारबाट घटाएर 300 बनाउनुभयो, तर त्यसपछि ती 300 जना एउटै मानिस बने र एकता धेरै महत्त्वपूर्ण भयो। हामीमध्ये धेरै अगुवाहरूले देखेका छौं कि जब एकता हुँदैन, तब सेवकाइमा विभाजन आउँछ र सफलताका निम्ति हानिकारक हुन्छ, एकता भयो भने हामी सही मानिसहरूसँग निर्माण गर्दछौं।

तर तिनीहरू स्वाभाविक रूपमा त्यहाँ पुग्दैनन्। तिनीहरू त्यसभित्र हुर्कनुपर्छ। अब, एकतालाई दुई प्रकारको प्रक्रियामा बुझ्न सकिन्छ। परमेश्वरको राज्य आत्मामा एकता हुन्छ, त्यसपछि पङ्क्तिबद्धता हुन्छ।

एकता परमेश्वरको राज्यको आत्मा हो, जहाँ येशू भन्नुहुन्छ, तिनीहरू एक होऊन्, ताकि संसारले थाहा जानून। हामी सबै एक हौं, हामी सबै ख्रीष्टियन हौं र हामीसँग यस्तो एकता हुन्छ जहाँ हामी एकअर्कालाई प्रेम गर्छौं र एकअर्कालाई समर्थन गर्छौं, तर त्यहाँ एकता हुन्छ जुन पङ्क्तिबद्धता हो।

त्यो तपाईंको उद्देश्यका निम्ति तपाईंको दलमा र तपाईंको सेवकाइमा भएको एकता हो। त्यो पङ्क्तिबद्ध (लामबन्द) हुने भाग हो।

तपाईंले आफ्ना मानिसहरूलाई त्यसैतर्फ बढाउनुपर्छ। कहिलेकहीं हामीले हृदय र आत्माले अगुवाहरू खडा गर्दा मात्र त्यसलाई एकता भन्ने गर्दछौं, जबकि हामीले वास्तवमा त्यहाँ रहेको पङ्क्तिबद्धताद्वारा यसलाई परिभाषित गर्नु आवश्यक छ।

तपाईंको काम भनेको मानिसहरूलाई यस्तो स्तरमा पुर्‍याउनु हो जहाँ तिनीहरूले आफ्नो भूमिका र तिनीहरूले हात, घुँडा, आँखा, सबैलाई एक साथ मिलेर काम गर्न सक्ने कसरी बनाउन सक्छन् भन्ने कुरा बुझ्नेछन्। जब तपाईं तिनीहरू कसरी एकसाथ मिल्न सक्छन् भनी देखाउनुहुन्छ तब तपाईंले जे गर्न खोजिरहनुभएको हुन्छ त्यसका निम्ति संगठित एकता हुन्छ। गिदोनको फौजजस्तै, सबै जना सही तरिकामा राखिएका हुन्छन्, तब त्यो उपलब्धिलाई तिनीहरूले सामूहिक रूपमा अवस्थित एकाइको रूपमा विचार गर्छन्।

जिम्मेवारी, विवेक, विश्वास र एकता निर्माण गर्ने सही व्यक्तिहरू हुन्। तर क अगुवाको रूपमा तपाईंको काम आफ्ना सहकर्मीहरूलाई त्यस्ता विशेषताहरू विकास गर्न सहायता गर्नु हो। ती विशेषताहरूले मलाई स्वयम् येशूको सम्झना गराउँछ। उहाँ जवाफदेही हुनुहुन्थ्यो र उहाँले कार्यको स्वामित्व लिनुभयो।

के भइरहेको थियो उहाँले ती सबै बुझ्नुहुन्थ्यो। उहाँको मृत्यु र पुनरुत्थानद्वारा पनि पिताले काम गर्नुहुनेछ भन्ने विश्वास उहाँमा थियो।

आखिरमा उहाँ नै हुनुहुन्थ्यो जसले आफ्नो महिमाद्वारा एकता ल्याउनुभयो।

यी विशेषताहरू हेर्नुहोस् र तीद्वारा तपाईंको अगुवापनको भूमिका स्पष्ट पार्नुहोस्, र त्यसको चाहना र इच्छा मात्र नगर्नुहोस्, तर ठूलो उद्देश्यसहित तपाईंका मानिसहरूलाई डोर्‍याउनुहोस्, ताकि तिनीहरू यी भूमिकाहरूमा बढून्, अब तपाईंसँग निर्माण गर्न सही व्यक्तिहरू बनून्।

# नेतृत्व (अगुवाहरू)- नेतृत्व परिवर्तन

खम्बाहरूमा एक प्रमुख विषय नेतृत्व(अगुवाहरू) हो र अगुवाहरूले सधैं मानिसहरूलाई सामेल गर्दछ। हामीसँग हुन सक्ने सबैभन्दा महत्त्वपूर्ण विशेषताहरू र क्षमताहरूमध्ये एउटा अरूलाई परिवर्तन हुन उत्प्रेरित गर्ने क्षमता हो।

नेतृत्वको बारेमा कुरा गर्ने एक अति व्यावहारिक तरिका भनेको मानिसहरूलाई फरक व्यवहार गर्न लगाउनु हो। यदि मानिसहरूले आफूजस्तो छ त्योभन्दा फरक व्यवहार गर्छन् भने तपाईं आफ्नो सेवकाइ र तिनीहरूको विकासमा अगाडि बढ्न सक्नुहुन्छ र त्यसैले अगुवाहरूले मानिसहरूलाई सामेल गर्दछ र तिनीहरूलाई परिवर्तन गर्न अगुवाइ गर्दछन्। तर जति सजिलो सुनिन्छ त्यस्तो नभएर धेरै जटिल र गाह्रो छ। हामी अगुवाहरू कहिलेकहीं यदि हामीले मानिसहरूलाई केही गर्न अह्रायौं भने तिनीहरू परिवर्तन हुनेछन् भनी सोच्छौं। यदि हामीले तिनीहरूलाई निर्देशन दियौं भने तिनीहरू परिवर्तन हुनेछन् भनी सोच्छौं। सेवकाइ सुरु गरेपछि हामी छक्क पर्छौं, किनकि मानिसहरूले हामीले भनेका कुराहरू सधैं गर्दैनन्।

मानिसहरू प्रायः परिवर्तन हुँदैनन्, किनकि तिनीहरू परिवर्तनको आवश्यकता देख्दैनन्। तिनीहरूमा कुनै कुराले काम गरिरहेको छ कि छैन भनेर मापन गर्ने फरक तरिका हुन्छ र तिनीहरूले आवश्यकता देख्दैनन्। कहिलेकहीं मानिसहरू केही नयाँ काम गर्न डराउँछन् र कुनै परिवर्तन गर्न चाहँदैनन्, किनकि तिनीहरूले पहिलेबाट कहिल्यै नगरेका काम गर्नुपर्दा यसको नयाँपन साथै सबै डर र चिन्ताहरूले तिनीहरूलाई घेर्दछ। कहिलेकहीं हामीले परिवर्तनतिर डोऱ्याइरहेका मानिसहरू परिवर्तन हुन उत्साहित हुँदैनन्। तिनीहरू हामीसँग हुन्छन् र तिनीहरू त्यहाँ हुन्छन्, तर तिनीहरू परिवर्तन हुन उत्साहित हुँदैनन् र तिनीहरूका लागि परिवर्तन सहनै नसक्ने कुरा हुन सक्छ। यदि मानिसहरूले साँच्चै परिवर्तन हुनका लागि यस्ता बाधाहरूको सामना गर्छन् भने तिनीहरूलाई कसरी परिवर्तनतिर डोऱ्याउनुहुन्छ?

एक अगुवा, विशेष गरी एक जवानको रूपमा तपाईं धेरै नै निराश हुन सक्नुहुन्छ। तपाईं ठूलो स्वरमा बोल्न सक्नुहुन्छ। तपाईं तिनीहरूसँग जोगिन सक्नुहुन्छ वा तपाईं तिनीहरूबाट छुटकारा पाउन सक्नुहुन्छ। बाइबलले त्यस्ता तरिकाहरू सिकाउँदछ, जसले हामीलाई साँच्चै मानिसहरूलाई परिवर्तनतिर डोऱ्याउन सहायता गर्दछ, तिनीहरू कहाँ छन् सो थाहा पाएर तिनीहरूलाई परिवर्तन हुने प्रेरणा दिन्छ र तिनीहरूलाई परिवर्तन गर्न सक्षम बन्न मार्गदर्शन गर्दछ। यो परिवर्तनलाई एक यात्राको रूपमा सोच्दै सुरु हुँदछ।

तपाईंले परिवर्तनतिर डोऱ्याइरहनुभएका मानिसहरूसँग तीनवटा क्षेत्र हुन्छन् जुन तिनीहरू बढ्नका लागि र तपाईंले लक्षित गर्नका लागि सबैभन्दा महत्त्वपूर्ण हुन्छन्। यदि तपाईंले सबै तीन क्षेत्रलाई लक्षित गर्नुभएन भने, तपाईं मानिसहरूलाई परिवर्तनतिर डोऱ्याउन थोरै मात्र प्रभावकारी हुनुहुनेछ। तीन क्षेत्रहरू भावनात्मक, रणनीतिक र परिस्थितिगत रूपमा छन्। अब भावनात्मक रूपमा तिनीहरू उत्प्रेरित हुनुपर्छ। तिनीहरूलाई प्रेरणा दिनुपर्छ। त्यहाँ एक उत्साह, एक आनन्द, एक अपेक्षा हुनुपर्छ। यसको बारेमा उत्सुकता हुनुपर्दछ र यो वास्तविक हुनुपर्दछ। तपाईं तिनीहरूसँग यसको देखावटी गर्न सक्नुहुन्न र तपाईंले तिनीहरूलाई देखावटी गर्ने स्थानमा राख्न सक्नुहुन्न।

यसको अर्थ यो हो कि, यो स्पष्ट र बुझ्न सकिने छ। तिनीहरूले परिवर्तन के हो र परिवर्तन किन हुनुपर्छ र परिवर्तनमा उनीहरूबाट के आशा गरिएको छ भन्ने कुरा बुझ्छन्। त्यहाँ जति धेरै अस्पष्टता हुन्छ, त्यत्ति नै धेरै शंका र कुहिरो हुन्छ, त्यस्तो परिवर्तन हुन गाह्रो छ। धेरै पटक हामी मानिसहरू निष्क्रिय छन् त्यसैले तिनीहरू परिवर्तन भएका छैनन् भनी सोच्छौं र साँच्चै तिनीहरू सबै अन्योलमा हुन्छन्। त्यसरी नै तपाईंले

लक्षित गर्नुपर्ने अर्को क्षेत्र हो रणनीतिक क्षेत्र हो। अन्त्यमा, परिस्थितिगत रूपमा, हामी प्रायः मानिसहरूलाई तिनीहरूको आत्म-नियन्त्रण र तिनीहरूको क्षमताको आधारमा परिवर्तन गराउँछौं। तर यदि हामी तिनीहरूको परिस्थितिलाई लक्षित गर्छौं, तिनीहरूलाई एउटा भिन्नै दलमा राख्छौं, तिनीहरू जुन परिस्थितिमा थिए त्यसलाई परिवर्तन गर्छौं भने त्यसले परिवर्तनलाई सहज बनाउन सहायता गर्न सक्छ।

यी तीन क्षेत्रहरू, भावनात्मक, रणनीतिक, परिस्थितिगत रूपमा- सबै सम्पूर्ण धर्मशास्त्र बाइबलमा त्यस बेला चित्रण गरिएका छन् जब इस्राएली जाति प्रतिज्ञाको देशभित्र जान लागेका थिए। त्यो एउटा ठूलो परिवर्तन हुनेछ। हामी जान्दछौं, जब तिनीहरू उजाड-स्थानबाट भएर जाँदैथिए, त्यस बेला तिनीहरूले धेरै पटक पछाडि फर्केर हेरे र भने,"यदि हामी मिश्रमा हुन्थ्यौं भने, हामीलाई यो परिवर्तन मन पर्नेथिएन।" अब तिनीहरू प्रतिज्ञाको देशमा जाँदैछन्, तर तिनीहरूका सामुन्ने लडाइँहरू छन्। तपाईं भन्नुहुन्छ, "हामी इस्राएलीहरूलाई यी परिवर्तनहरू गर्न सक्षम हुन कसरी सहायता गर्नेछौं?" भावनात्मक रूपमा, के भइरहेको हुन्छ? हामी तिनीहरूलाई कसरी परमेश्वरको आशिषमा प्रतिज्ञाको देशमा प्रवेश गर्न प्रेरित गर्छौं ताकि यो आनन्दमय होस् र उजाड-स्थानबाट बाहिर निस्कने र प्रतिज्ञाको देशमा जाने आशा होस्? रणनीतिक रूपमा, तिनीहरू धेरै स्पष्ट थिए। हामी संगीतकारहरू खडा गर्नेछौं। हामी यर्दनमा जानेछौं। हामी परमेश्वरबाट एउटा अलौकिक आश्चर्यकर्म हेर्न जाँदैछौं जसले भावनात्मक प्रेरणा र त्यहाँ भएको आनन्दमा सहायता गर्नेछ। तर तिनीहरू कसरी त्योभित्र जानेछन्, तिनीहरूको पहिलो लडाइँ कहाँ हुनेछ भन्ने कुरा स्पष्ट थियो। त्यो कस्तो हुनेछ भनी मानिसहरूले बुझे। तर परिस्थितिअनुसार त्यहाँ नेतृत्व परिवर्तन भएको थियो।

मोशा अब अगुवा हुने थिएन। अब यहोशू अगुवा हुन गइरहेका थिए। अनि विश्वासले भरिपूर्ण यो जवान सेनापतिले मोशाको अधीनमा तालिम पाएका थिए। यसले परिस्थितिमा भिन्नै प्रसंग ल्यायो। तपाईं तिनीहरूलाई त्यस दिशामा अगाडि बढेका देख्नुहुन्छ। तपाईंले येशू र चेलाहरूले पनि यसै गरेका देख्नुहुन्छ। जब उहाँले तिनीहरूलाई परिवर्तन गर्न र भिन्न प्रकारले व्यवहार गर्न उत्साह दिनुहुँदा उहाँले भावनात्मक, रणनीतिक र परिस्थितिगत रूपमा यी तीनवटै क्षेत्रहरूलाई लक्षित गर्नुहुन्छ जसले तिनीहरूलाई बढ्न र विकास गर्न साथै परिवर्तन हुने क्षमतामा सहायता गर्दथ्यो। तिनीहरू माथिल्लो कोठामा छन् र तिनीहरूले पवित्र आत्मा प्राप्त गर्छन् र तिनीहरूसँग यो शक्ति र यो आनन्द अनि अगाडि बढ्नका लागि यो उत्साह हुन्छ। उहाँले तिनीहरूलाई अझ ठूलो अधिकार प्राप्त गर्ने र उहाँले भन्दा अझ ठूला कार्यहरू गर्न सिकाउनुहुन्छ। रणनीतिक रूपमा, उहाँले तिनीहरूलाई धेरै स्पष्ट नक्सा दिनुहुन्छ- पहिले यरूशलेम, त्यसपछि यहूदियामा, त्यसपछि सामरिया। अनि परिस्थितिमा पनि त्यहाँ परिवर्तन हुनुपर्थ्यो।

प्रेरित 7 अध्यायमा, चेलाहरूले प्रभुले दिनुभएको रणनीतिक ढाँचा पालन गरिरहेका थिएनन्। तिनीहरू यरूशलेममा फसेका थिए।

यसरी प्रेरित 7 अध्यायमा स्तिफनसको मृत्यु भयो। अनि त्यसले परिस्थिति बदलायो। अब तपाईंले ख्रीष्टियन भएको कारणले आफ्नो ज्यान गुमाउन सक्नुहुन्थ्यो। अनि तुरुन्तै चेलाहरूले यो कुरा फैलाए र तिनीहरू यहूदिया र पृथ्वीका अरू धेरै भागहरूमा जान थाले, किनकि परिस्थिति परिवर्तन भएको थियो। यसरी यहाँ यी तीन क्षेत्रहरू छन्।

म चाहन्छु, तपाईंले आफ्नो सेवकाइ र तपाईंले नेतृत्व गरिरहनुभएका मानिसहरूमा ध्यान केन्द्रित गर्नुहोस्। के तपाईंले यी तीन क्षेत्रलाई लक्षित गर्दै तिनीहरूलाई परिवर्तन गर्ने लक्ष्य राख्दैहुनुहुन्छ? अनि म तपाईंलाई प्रत्येक क्षेत्रका लागि प्रशिक्षण दिने एउटा सल्लाह दिन चाहन्छु जसले तपाईंलाई मानिसहरूलाई परिवर्तन गर्नका लागि प्रभावकारी हुन सहायता गर्नेछ। यो कहिलेकहीं सहजज्ञानको विपरीत जस्तो देखिए पनि भावनात्मक परिवर्तनका लागि धेरै महत्त्वपूर्ण हुन्छ। एक प्रकारले तपाईंले दर्शनलाई संकुचित बनाउनुपर्छ।

तपाईंले प्राप्त गर्न सकिने अझ अरू छोटो अवधिका लक्ष्यहरू राख्नुपर्छ, जसले सफलता, उद्देश्य र आनन्दको भावना ल्याउनेछ।

कल्पना गर्नुहोस्, तपाईं सगरमाथा चढ्ने एउटा दलको नेतृत्व गर्दैहुनुहुन्छ। यो साँच्चै गाह्रो काम हो। तपाईंहरू त्यो हिमालको फेदमा हुनुहुन्छ र अझै चढन थाल्नुभएको छैन। यदि तपाईंले सगरमाथा चढने बारेमा मात्र दलसँग कुरा गर्नुहुन्छ भने तिनीहरूमध्ये कोही-कोही दिक्क भएर 'कति बोलेको मात्रै' भन्नेछन्। सगरमाथा आरोहण गर्न एक महिना वा दुई महिना समय लाग्छ भने म यो गर्न सक्दिनँ। तर यदि तपाईंले तिनीहरूका लागि आधार शिविरसम्म पुग्नेको दर्शन मात्र लिनुभयो भने त्यहाँ पुग्न चार दिन लाग्ने छ, तर आधार शिविरसम्म जाऔं। प्रायः कोही पनि आधार शिविरसम्म पुग्दैनन्। हामी आधार शिविर पुग्न सक्छौं। तपाईं के गर्दै हुनुहुन्छ थाहा छ? तपाईं दर्शनलाई संकुचित पार्दैहुनुहुन्छ। तिनीहरूभित्र त्यसका निम्ति विश्वासको कार्य गर्दै अगाडि बढने, तिनीहरूका भरोसा परमेश्वरमा राख्ने क्षमता हुन्छ। धेरै पटक अगुवाको रूपमा हामीले मानिसहरूमा तिनीहरूका क्षमतादेखि बाहिरको दर्शन हालिदिएर तिनीहरूलाई परिवर्तनतिर बढाउने हाम्रो क्षमतालाई चोट पुर्‍याउँछौं। यसरी हामी दर्शनलाई एक प्रकारले संकुचित बनाएर तिनीहरूलाई सफल हुने प्रेरणा दिन्छौं, अनि त्यो चरण पूरा गरिसकेपछि त्यहाँ ठूलो रमाहट हुन सक्छ। म जान्दछु, तपाईंमा आफ्नो सेवकाइका लागि एउटा ठूलो दर्शन छ र परमेश्वरले तपाईंको वरिपरि त्यस्ता मानिसहरूसँग राख्नुभएको छ जसलाई तपाईंले परिवर्तनको स्थानतिर बढाउनुपर्छ।

तपाईंको महान् दर्शनलाई विकासको सात चरणहरूमा विभाजन गर्नुहोस् र त्यसपछि तपाईंले विश्वास र आनन्दको भावना साथै आधार शिविरमा पुग्ने सम्भावना विकास गर्न थाल्नुहुन्छ। त्यसपछि तपाईंसँग एउटा रणनीतिक परिवर्तन हुन्छ। रणनीतिक परिवर्तन धेरै महत्त्वपूर्ण हुन्छ, किनकि मानिसहरूलाई परिवर्तन हुनका लागि तिनीहरूलाई सही चरणहरू चाहिन्छ। जब मानिसहरूलाई के गर्ने भनी थाहा हुँदैन तब तिनीहरू के गर्छन्, थाहा छ तपाईंलाई? तिनीहरू केही पनि गर्दैनन्। तिनीहरू निष्क्रिय बन्छन्, किनकि तिनीहरूलाई के गर्ने भनी थाहा हुँदैन र तिनीहरू केही गल्ती गर्न चाहँदैनन्। धेरै पटक हाम्रा मानिसहरूले केही गर्दैनन् र हामी उनीहरूलाई नराम्रो ठान्छौं, वास्तवमा तिनीहरू अलमलमा परेका हुन्छन्, किनकि हामीले तिनीहरूलाई स्पष्ट चरणहरू दिंदै रणनीतिक परिवर्तन गरेका हुँदैनौं।

त्यसैले रणनीतिक परिवर्तनको कुरा आउँदा तपाईंलाई मेरो प्रशिक्षणबारे सल्लाह यो छ, तपाईं मानिसहरूलाई जुन चरण गर्न लाउनुहुन्छ, त्यो गर्न सकिने काम हुनुपर्छ, यो स्पष्ट हुनुपर्छ। यी तीन कुराहरू गर्नुहोस् र यो प्रायः सम्झन सकिने हुनुपर्छ। यदि तपाईंका मानिसहरूले के गर्ने भनेर जान्नका लागि धेरै पन्ना नोटहरू लेख्नुपर्छ भने तिनीहरूका लागि त्यो पालन गर्न धेरै गाह्रो हुनेछ। तर यदि तपाईंले अगुवाहरू, सेवकहरू र स्वयंसेवकहरूको नेतृत्व गर्दै हुनुहुन्छ भने तपाईं भन्न सक्नुहुन्छ, "म तपाईंहरूले यी तीनवटा कुराहरू गरेको चाहन्छु।" तब सम्भवतः तिनीहरूले त्यो गर्न सक्छन्। त्यहाँ एक जना पास्टर थिए र उनको एउटा चर्च थियो र उनले आफ्नो चर्चका लागि धेरै ससाना झुण्डहरू होस् भन्ने चाहन्थे, त्यसैले उनलाई ससाना झुण्डका अगुवाहरू चाहिएको थियो। उनले केही सदस्यहरूलाई सानो झुण्डका अगुवा बन्नका लागि उनीहरूको व्यवहार परिवर्तन गराउनु परेको थियो। उनी खडा भए र यसरी बोले कि तिनीहरूका भावनाहरूमा परिवर्तन आयो, तर त्यसपछि उनी तिनीहरूसँग रणनीतिक रूपमा बोल्दै,"तपाईंहरूले तीनवटा कुरा गर्नुहोस् भन्ने म चाहन्छु।" के तपाईंहरू मानिसहरूप्रति आफ्नो हृदयमा दया राख्न सक्नुहुन्छ?

"के तपाईंहरू त्यसो गर्न सक्नुहुन्छ?" अनि दोस्रो कुरा, "के तपाईंहरू आफ्नो घर खुल्ला राख्न सक्नुहुन्छ, कफी वा चिया दिन सक्नुहुन्छ? के तपाईंहरू त्यसो गर्न सक्नुहुन्छ?"

त्यसपछि तेस्रो, "के तपाईं मानिसहरूलाई अगुवाइ गर्न र येशूको बारेमा कुरा गर्न सक्नुहुन्छ?"

"के मानिसहरूप्रति तपाईंको हृदयमा दया छ?"

आफ्नो घर खुल्ला राख्नुहोस् र कफी र चिया दिनुहोस् र येशूको बारेमा कुरा गर्नुहोस्।"

धेरै सरलताका साथ उनले तिनीहरूलाई गर्नुपर्ने कामका विशेष चरणहरू दिए र त्यहाँ धेरै मानिसहरू थिए जसले भने, "मेरो हृदयमा मानिसहरूप्रति दया छ। म महिनामा दुई पटक मेरो घर खुल्ला राख्दै चिया पियाउन सक्छु र निश्चय हामी येशूको बारेमा कुरा गर्न सक्छौं।"

त्यो रणनीतिक निर्देशनले सयौं मानिसलाई व्यवहारमा परिवर्तन गर्न सहायता गऱ्यो, जुन अरू कुनै प्रकारले हुनेथिएन। उहाँले तिनीहरूलाई परिवर्तन गर्न अगुवाइ गरे। ती रणनीतिक कार्यहरू स्मरणीय थिए। त्यहाँ कसैले नोट लेख्नु परेको थिएन। अगुवाले मानिसहरूलाई परिवर्तन गर्न अगुवाइ गर्दा तिनीहरूलाई भावनात्मक रूपमा सम्बोधन गर्नुपर्छ, तर तपाईंले तिनीहरूलाई रणनीतिक कुराहरू पनि बताउनुपर्छ।

धेरै पटक म मानिसहरूलाई यही कुरामा निष्क्रिय भएको पाउँछु। तपाईंले स्पष्ट कुरा भन्नुभएन। तपाईंले स्पष्ट कुरा भन्नुभयो कि भएन सो थाहा पाउनका निम्ति मानिसहरूलाई तपाईंले जे भन्नुभएको छ त्यो भन्न लाउनुहोस्। तिनीहरूले त्यो दोहोऱ्याएर भन्दा तपाईंले भावनात्मक, रणनीतिक र परिस्थितिगत कुराहरू स्पष्ट गरी भन्नुभयो कि तिनीहरू अन्योलमा परे त्यो बुझ्नुहुनेछ। कहिलेकहीं मानिसहरूको व्यवहार परिवर्तनका लागि तपाईंले परिस्थिति परिवर्तन गर्नुपर्छ। म तपाईंलाई यसको एक सरल उदाहरण दिन्छु। एक पटक म एउटा ठूलो सम्मेलनमा थिएँ र सम्मेलनमा धेरै मानिसहरू थिए, मेरो एक मित्रले मलाई उनको टेबल छेउमा उभिन लगाए, त्यो टेबलमा उनको सेवकाइको बारेमा पर्चाहरू थिए र मेरो छेउमा अर्को व्यक्ति थियो जोसँग उनको सेवकाइका पर्चाहरू भएको टेबल थियो। म ती मानिससँग बातचित गर्दैथिएँ र हामीले कुराकानी सुरु गऱ्यौं र हामीले एउटा सानो खेल खेल्ने निर्णय गऱ्यौं। जब सम्मेलन सत्र समाप्त भयो र सबै मानिसहरू बाहिर निस्किए, त्यसरी निस्केका मानिसहरूले कसका पर्चाहरू धेरै उठाउँछन्? हामीले हाम्रा सबै पर्चाहरू दुवै टेबलहरूमा मिलाएर राख्यौं। हामीले यो खेल खेल्यौं।

सम्मेलन सत्र समाप्त भयो र ढोका खोलियो। मानिसहरू बाहिर निस्कनु अघि मैले मेरो टेबलका सबै पर्चाहरू छरपष्ट पारें। उनका पर्चाहरू अझै पनि ठीकसँग मिलाएर राखिएका थिए। मानिसहरू बाहिर निस्कँदा, धेरैले उनको टेबलबाट भन्दा बढी मेरो टेबलबाट पर्चाहरू धेरै लगे। मैले मात्रै परिस्थिति परिवर्तन गरेको थिएँ। तपाईंले बुझ्नुहुन्छ, मानिसहरू राम्ररी मिलाएर राखिएका पर्चाहरू उठाउन हिचकिचाउँथे, किनकि ती निकाल्दा लथालिङ हुन सक्थ्यो। तर यदि तिनीहरू पहिले नै छरपष्ट छन् भने मानिसहरूले एउटा पर्चा उठाउनेछन् र तिनीहरूले यसको बारेमा दुई पटक सोच्दैनन्। मैले परिस्थिति बदलेर मानिसहरूको व्यवहार परिवर्तन गरें। तपाईंले बाइबलमा यो धेरै पटक चित्रण गरिएको देख्नुहुन्छ।

कहिलेकहीं, हामी मानिसहरूलाई परिवर्तनतिर डोऱ्याउँदा यस प्रकारको परिवर्तनमा भर पर्दैनौं। परमेश्वरले हामीलाई परिस्थिति परिवर्तन गर्न अगुवाइ गरिरहनुभएको बेला हामी परिवर्तन गर्न सक्षम हुनका लागि तिनीहरूको आत्म-संयममा मात्र भर पर्छौं। खासमा तपाईंको सेवकाइमा परिवर्तन ल्याउन सक्नुहुने तीनवटा मुख्य क्षेत्र छन्, जसले मानिसहरूलाई परिवर्तन हुन सहायता गर्नेछ।

एउटा यो हो, कि मानिसहरूले जसको साथमा काम गर्छन् तपाईं तिनीहरूलाई परिवर्तन गर्न सक्नुहुन्छ। तिनीहरू यो दलमा छन्। तिनीहरू यो दलमा जानुपर्छ। यदि तिनीहरू मानिसहरूको भिन्नै दलसँग काम गर्दैछन् भने, तिनीहरू सफल हुन सक्छन्।

कहिलेकहीं, हामीले मानिसहरूलाई परिवर्तन हुन डोऱ्याइरहँदा यस प्रकारको परिवर्तनमा भर पर्दैनौं। हामी पूर्ण रूपले परमेश्वरले वास्तवमा हामीलाई परिस्थिति परिवर्तन गर्न आग्रह गरिरहनुभएको हुन्छ, तब त्यो परिवर्तन गर्न सक्षम हुनका लागि हामी तिनीहरूको आत्म-नियन्त्रणमा मात्र भर पर्छौं। त्यहाँ मुख्य रूपमा तीन ठाउँहरू

छन् जुन तपाईंले आफ्नो सेवकाइमा परिवर्तन ल्याउन सक्नुहुन्छ जसले मानिसहरूलाई परिवर्तन गर्न सहायता गर्नेछ।

दोस्रो क्षेत्र तिनीहरूसँग काम गर्ने मानिसहरू होइनन्, तर तिनीहरूको भूमिका हो। मैले धेरै पटक यस्तो भएको देखेको छु जहाँ कोही एउटा भूमिकामा हुन्छ र तिनीहरूले सकेसम्म राम्रो गरिरहेका हुन्छन्, तर तिनीहरू परिवर्तन भएका हुँदैनन् र तिनीहरू सफल भइरहेका हुँदैनन्।

तपाईंले गर्नुपर्ने भनेको तिनीहरूलाई एउटा भूमिकाबाट अर्को भूमिकामा सार्नु मात्र हो। त्यो तिनीहरूको वरदान र तिनीहरूको सीपसित राम्रोसँग मिल्दछ। अचानक तपाईंले तिनीहरूलाई सफल बनेका र सहजै परिवर्तन भएका देख्नुहुनेछ, किनकि तपाईंले परिस्थिति परिवर्तन गर्नुभयो। तपाईंले वास्तवमा तिनीहरूलाई परिवर्तन गर्नुभएको हुँदैन। तपाईंले तिनीहरूलाई तिनीहरू सफल हुने र बढने ठाउँमा सार्नुभएको मात्र हुन्छ। कहिलेकहीं तपाईंले साँच्चै तिनीहरूलाई तिनीहरू भएका ठाउँबाट परिवर्तन गर्नु आवश्यक हुन्छ।

जब तपाईं परिस्थिति परिवर्तन गर्नुहुन्छ, चाहे तपाईं तिनीहरूको दल परिवर्तन गर्नुहोस्, चाहे तपाईं तिनीहरूको भूमिका परिवर्तन गर्नुहोस्। वा कहिलेकहीं तपाईं तिनीहरू भिन्नै ठाउँमा हुनुपर्छ भन्ने अनुभव गर्नुहुन्छ। हुन सक्छ, एउटा अर्कै सेवकाइले तिनीहरूलाई सफल हुन सहायता गर्नेछ, तपाईं मानिसहरूको भावनात्मक परिवर्तन, रणनीतिक परिवर्तन र परिस्थितिगत परिवर्तनलाई लक्षित गरेर अझ प्रभावकारी रूपमा परिवर्तन हुन डोऱ्याउनुहुन्छ।

जब मानिस परिवर्तन हुन्छ, तब तिनीहरूको परिवर्तनमा बाधाहरू आउँछन्। बाइबलले वास्तवमा हामीलाई नेतृत्व परिवर्तनसम्बन्धी यस शिक्षासँग मिल्ने नेतृत्वबारे शिक्षा दिन्छ। यशैया 57:14 मा भनिएको छ, "बाटोबाट बाधा हटाएर बनाओ।" जब तपाईं परिवर्तन भएको देख्न चाहनुहुने मानिसहरूलाई हेर्नुहुन्छ, त्यसबेला तपाईंले लागू गर्न सक्नुहुने सबैभन्दा ठूलो नेतृत्व सिद्धान्तहरूमध्ये एउटा यो जान्नु हो कि उनीहरूलाई परिवर्तन हुनबाट रोक्ने बाधा के हो? उनीहरूका अगि कुन बाधाहरू आउँदैछन्?

कहिलेकहीं जब हामी वृद्धि, विकास र परिवर्तनको बारेमा सोच्दछौं, हामी सधैं के हटाउन सक्छौं भन्ने होइन, तर के गर्न सक्छौं भनेर सोचिरहेका हुन्छौं। तर यहाँ यशैया भन्छन्, "तपाईं निर्माण गर्न चाहनुहुन्छ? केवल बाधा हटाउनुहोस्।" सत्य के हो भने परमेश्वर सृष्टिकर्ता हुनुहुन्छ। जब उहाँले कुनै चीजमा जीवनको सास हालिदिनुहुन्छ, त्यो फस्टाउँछ। त्यो बढ्नेछ। कुनै बाधाले मात्र त्यसलाई रोक्दछ। परमेश्वरले महासागरहरू सृष्टि गर्नुभयो र ती फस्टाउँछन्। जब हामी हरकिसिमका फोहोरमैला समुद्रमा फाल्छौं, त्यसले समुद्रलाई फस्टाउनबाट रोक्छ। यदि हामीले समुद्रबाट फोहोर निकाल्यौं भने त्यो फस्टाउनेछ।

मानव स्वभावमा पनि यही कुरा लागू हुन्छ। तपाईं ती मानिसहरूलाई हेर्न सक्नुहुन्छ जसलाई तपाईं भावनात्मक, रणनीतिक र परिस्थितिगत रूपमा परिवर्तन गर्न लाग्नुभएको हुन्छ। तपाईं यसो भन्न सक्नुहुन्छ,"परिवर्तन हुनबाट रोक्ने बाधालाई म कसरी हटाउन सक्छु?" उदाहरणका लागि, हामीलाई लाग्छ कि मानिसहरू हानि हुने डरले परिवर्तन हुन चाहँदैनन्। मानिसहरू वास्तवमा हानिबाट डराउँदैनन्। जब तिनीहरूका अगि परिवर्तन प्रस्तुत गरिन्छ तब तिनीहरू आफ्नो मनमा आफूले गुमाउन लागेका सबै कुराहरूको कल्पना गर्न थाल्छन्। तर यदि तपाईंले उनीहरूलाई के फाइदा हुनेछ भन्ने कुरा बताउँदै परिवर्तन प्रस्तुत गर्न सक्नुभयो भने तपाईंले तिनीहरूको मनबाट हानिको बाधा हटाउनुहुनेछ।

मानिसहरूले परिवर्तनको आवश्यकता देख्दैनन्। जान्नुहुन्छ किन?

त्यो बाधा हटाउनुहोस्। तिनीहरूलाई फाइदा देखाउनुहोस्। तिनीहरूलाई त्यो झट्टै देखाउनुहोस्, त्यो आधार शिविर जसले तिनीहरूलाई त्यो परिवर्तन गर्न सक्षम हुन प्रेरित गर्नेछ। मानिसहरू परिवर्तनको विरोध गर्छन् किनकि यस्तो पहिले कहिल्यै यसरी गरिएको हुँदैन। त्यो उनीहरूको बाधा हो।

कुनै नयाँ कुरा गर्दै वास्तवमा कति धेरै पाइदा हुन्छ भन्ने उदाहरण दिने विगतको एउटा राम्रो कथा(घटना)बताउनुहोस्।

तपाईं यसो भन्दै मानिसहरूको बाधालाई हटाउन सक्नुहुन्छ,"ठीक छ, हामीले यस्तो पहिले कहिल्यै गरेका छैनौं।" त्यस्ता नयाँ व्यक्तिहरू ल्याउनुहोस् जसले पहिले यसो गरेका छन्। तपाईं परिस्थिति परिवर्तन गर्दैहुनुहुन्छ, तर वास्तवमा तपाईं कथा परिवर्तन गर्दैहुनुहुन्छ।

कहिलेकहीं मानिसहरू परिवर्तन हुन उत्प्रेरित हुँदैनन्। तपाईंले द्रुत विजय गरेर, तिनीहरूले पाउन सक्ने सफलता दिएर त्यो बाधा हटाउनुहोस् र त्यसले तिनीहरूलाई दीर्घकालीन यात्रा गर्न सक्षम हुन उत्प्रेरित गर्दछ। कति जना हुन्छन् जो धेरै बोझले दबिएका हुन्छन्।

तिनीहरूका लागि परिवर्तन गाह्रो हुन्, र त्यहाँ पहिलेबाटै धेरै परिवर्तन भइरहेको हुन्छ। तपाईंले स्पष्ट, तपाईंले परिवर्तन गर्नुहुने प्रथम सजिला चरणहरू दिएर त्यो बाधा हटाउनुहोस्।

तपाईंले मानिसहरूलाई परिवर्तन गर्न लाग्नुभएको हुन्छ। तपाईंले तिनीहरूलाई परिवर्तन हुने दिशातिर बढाउनुपर्छ। सेवकाइलाई बढाउने, परमेश्वरले तपाईंलाई दिनुहुने दर्शन बढाउने र पूरा गर्ने काम तपाईं आफ्नै बुतामा गर्न सक्नुहुनेछैन। परमेश्वरले तपाईंलाई मानिसहरूद्वारा घेर्नुहुनेछ, तर उहाँले तपाईंलाई ती मानिसहरूमाथि अगुवाको स्थानमा स्थितिमा राख्नुभएको छ।

तपाईं तिनीहरूसँग सगरमाथाको शिखरमा पुग्न यात्रा गर्नुहुन्छ। त्यसो गर्नका निम्ति तपाईंले तिनीहरूलाई परिवर्तनतिर डोर्‍याउनुपर्छ।

तपाईंले तिनीहरूलाई भावनात्मक रूपमा प्रहार गर्नुपर्छ, जहाँ छोटो अवधिको विजयले, आधार शिविरमा पुग्दा तिनीहरू उत्साहित हुन्छन् र तिनीहरूको विश्वास बढाउँछ। तपाईंहरू कसरी अगाडि बढदैहुनुहुन्छ भनेर स्पष्ट निर्देशन दिनका लागि तपाईंले उनीहरूलाई रणनीतिक रूपमा कुरा गर्नुपर्छ। कहिलेकहीं सगरमाथा चढन तल झर्नुपर्छ, सेवकाइमा पनि हामीले त्यसै गर्नुपर्छ।

त्यो स्पष्टताले अगाडि बढाउँदछ। तपाईंले तिनीहरूलाई सगरमाथा चढ्नका लागि सही दलमा राखेर परिस्थिति अनुसार परिवर्तन गर्नुपर्छ। जब तपाईं यसो गर्नुहुन्छ, जब तपाईं धर्मशास्त्रमा पाइने नमुना पछ्याउनुहुन्छ तब तपाईं मानिसहरूलाई भावनात्मक र रणनीतिक र परिस्थितिअनुसार परिवर्तन हुन अगुवाइ गर्नुहुन्छ, त्यस बेला तपाईंले एक महान् अगुवा हुनका लागि जे गर्नुहुन्छ त्यो मानिसहरूका लागि आशिष् हुन्छ, किनकि तपाईंले तिनीहरूका निम्ति परिवर्तन हुन सजिलो बनाइदिनुभएको हुन्छ। मानिसहरूलाई परिवर्तनतिर डोर्‍याउनु हाम्रो जिम्मेवारी हो। हाम्रो जिम्मेवारी तिनीहरूलाई केही काम अह्राएर तिनीहरूको आफ्नै बुतामा ती परिवर्तनहरू गर्न छोडिदिनु होइन। तपाईंका मानिसहरूका लागि परिवर्तन सजिलो बनाइदिनुहोस् र तिनीहरू परिवर्तन हुनेछन् र परमेश्वरले ती मानिसहरूद्वारा तपाईंको नेतृत्वलाई आशिष् दिनुहुनेछ।

# नेतृत्व (अगुवापन)- तपाईंको दलको व्यवस्थापन गर्नु

खम्बाहरूको मुख्य विषयहरूमध्ये एउटा नेतृत्व(अगुवाहरू) हो र नेतृत्वमा महत्त्वपूर्ण भूमिका तपाईंको दलको व्यवस्थापन हो। जब हामी नेतृत्वको बारेमा कुरा गर्छौं, प्रायः हामी दर्शन, विश्वास र रचनात्मकताको बारेमा कुरा गर्छौं र ती जति महत्त्वपूर्ण छन्, तपाईंले आफ्नो दलको नेतृत्व गर्दा मानिसहरूको व्यवस्थापन गर्नु त्यत्ति नै महत्त्वपूर्ण हुन्छ।

येशूले हामीलाई उहाँले आफ्नो दल, उहाँका 12 चेलालाई कसरी व्यवस्थापन गर्नुभयो भन्ने कुराको एउटा नमुना दिनुभयो। त्यो नमुना हाम्रा लागि लूका अध्याय 9 अध्यायमा दिइएको छ। येशू आफ्नो दललाई व्यवस्थापन गर्न चाल्नुभएका सात चरणहरू हेर्न जाँदैछौं, जसबाट हामी आफ्नो दललाई कसरी प्रभावकारी रूपमा व्यवस्थापन गर्न सक्छौं सो सिक्न सक्छौं। त्यो नमुना लूका 9:1 र 2 मा सुरु हुन्छ।

जब येशूले 12 जनालाई एकसाथ बोलाउनुभयो, उहाँले तिनीहरूलाई सबै भूतहरू धपाउने र रोगहरू निको पार्ने शक्ति र अधिकार दिनुभयो र उहाँले तिनीहरूलाई परमेश्वरको राज्यको घोषणा गर्न र बिरामीहरूलाई निको पार्न पठाउनुभयो।

येशूले आफ्ना सबै चेलाहरूलाई एकै ठाउँमा ल्याउनुहुन्छ र जब उहाँले तिनीहरूलाई बाहिर पठाउनुहुन्छ, उहाँले तिनीहरूलाई परमेश्वरमा भर पर्न लाउनुहुन्छ। उहाँले तिनीहरूलाई अधिकार र शक्ति दिनुहुन्छ, तर तिनीहरूले परमेश्वरले हस्तक्षेप गर्नुहुनेछ भनी विश्वास गर्नुपर्थ्यो। उहाँले तिनीहरूलाई केही गर्न आग्रह गरिरहनुभएको छ जुन तिनीहरूको क्षमताभन्दा बाहिरको कुरा थियो र हामीले हाम्रा दलहरू व्यवस्थापन गर्ने हाम्रो कर्तव्यको भाग तिनीहरूको आत्म-सम्मान निर्माण गर्नु नभएर परमेश्वरमा उनीहरूको विश्वासलाई बलियो बनाउनु हो भनेर बुझ्नुपर्छ, ताकि तिनीहरूले आफू सक्षम छन् भनी विश्वास गरून्।

प्रायः हामी आफैलाई मानिसहरूलाई प्रोत्साहित गर्न र सुधार गर्न चाहने अगुवाहरू जस्तो पाउँछौं र हामी उनीहरूलाई हाम्रो भाषासहित निर्माण गर्छौं र यसो गर्नु राम्रै हो, तर म तपाईंलाई बताउन चाहन्छु कि यदि तपाईंले आफ्नो धेरै समय मानिसहरूलाई उनीहरूको आफ्नै क्षमता निर्माण गर्नमा लगाउनुभयो भने तिनीहरू आफैमा निर्भर हुनेछन्।

येशूले परमेश्वरमा भरोसा राख्ने आवश्यकताको बारेमा बताउँदै चेलाहरूलाई निर्माण गर्न थाल्नुभयो।

हामीले हाम्रा मानिसहरूलाई तिनीहरू आफैमा भर पर्नुभन्दा परमेश्वरमा भर पर्न लगाउनुपर्छ। पुरानो करारमा एउटा कथा छ, जहाँ परमेश्वरले मोशालाई इस्राएलीहरूलाई छुटाउनका लागि बोलाउनुहुन्छ र परमेश्वरलाई मोशाले यस्तो जवाफ दिन्छ,"म यो गर्न सक्दिनँ।" तपाईंले सोच्नुहुन्छ, परमेश्वर मोशाको साथमा आउनुहुन्छ र तिनलाई प्रोत्साहन दिनुहुन्छ र खडा गर्दै भन्नुहुन्छ, "मोशा, निश्चय तिमी यो गर्न सक्नेछौ।" तर परमेश्वरले त्यसो गर्नुहुन्न। परमेश्वरले मोशालाई यति मात्र भन्नुहुन्छ,"म तिम्रो साथमा हुनेछु।"

हाम्रो दललाई व्यवस्थापन गर्ने अगुवाको रूपमा हामी तिनीहरूलाई त्यस्तो स्थानमा पुर्‍याउन चाहन्छौं, जहाँ तिनीहरूलाई अह्राएको काममा परमेश्वरले तिनीहरूसँग मिलेर काम गरिरहनुभएको छ भनी विश्वास गर्ने ठाउँमा तिनीहरू पुग्न सकून्। अनि तपाईंले आफ्नो दल र त्यस दलका सदस्यहरूमा विश्वास निर्माण गर्न सक्ने उत्तम तरिकाचाहिं अनुभवद्वारा हो। जसरी येशूले चेलाहरूलाई तिनीहरूका क्षमतादेखि बाहिरको काम गर्न लाउनुभयो त्यसरी तपाईंले पनि तिनीहरूलाई त्यो स्थानमा राख्नुपर्छ। यसमा तपाईंले बुद्धि प्रयोग गर्नुपर्छ। तर अगुवाहरूको रूपमा हामीले हाम्रा दलहरू प्रबन्ध गर्दा धेरै पटक तिनीहरूलाई जोखिमपूर्ण क्षणहरूबाट

जोगाउँछौं र तिनीहरूको आराम क्षेत्रबाट बाहिर जानदेखि रोक्दछौं। येशूले आफ्नो दललाई त्यो ठाउँमा डोऱ्याउँदै सुरु गर्नुहुन्छ जहाँ तिनीहरू पूर्ण रूपमा परमेश्वरमा निर्भर हुनुपर्छ। तर त्यसपछि उहाँ अगाडि बढनुहुन्छ। लूका 9:3 पद हेर्नुहोस्। उहाँले तिनीहरूलाई भन्नुभयो, "तिमीहरूको यात्रामा आफ्नो साथमा केही नलेओ। न लहुरो, न झोली, न रोटी, न पैसा, न त दुई दौरा साथमा होस्।"

उहाँले तिनीहरूलाई बाहिर पठाएर व्यवस्थापन गर्दैहुनुहुन्छ। उहाँले तिनीहरूलाई परमेश्वरमा भरोसा गर्न लाउनुहुन्छ। तर त्यसपछि उहाँले तिनीहरूलाई स्पष्ट निर्देशन दिनुहुन्छ। यो उहाँको नेतृत्व व्यवस्थापन नमुनाको दोस्रो चरण हो। जब तपाईं दलको नेतृत्व गर्दै हुनुहुन्छ, तपाईं तिनीहरूलाई स्पष्ट निर्देशन दिनुपर्छ। कहिलेकहीं दलको नेतृत्व गरिरहँदा र दलले हामीले चाहेको जस्तो प्रकारले कठोर परिश्रम गरिरहेको देखिंदैन, तब हामी तिनीहरूसँग निराश हुन्छौं। तिनीहरू अल्छे छन् भनी हामी सोच्छौं।

तर तिनीहरू वास्तवमा अल्छी हुँदैनन्। तिनीहरू अलमलमा परेका हुन्छन्। उनीहरूलाई स्पष्ट निर्देशन दिइएको हुँदैन। यहाँ येशूले धेरै स्पष्ट निर्देशन दिनुहुन्छ। उहाँले तिनीहरूलाई के-के बोक्ने सो बताउनुहुन्छ। कहाँ जानुपर्छ त्यो पनि बताउनुहुन्छ। तिनीहरूलाई के गर्नुपर्छ त्यो पनि तिनीहरूलाई बताउनुहुन्छ।

यी स्पष्ट निर्देशनहरूसहित चेलाहरू अगाडि बढन सक्छन्। आफ्नो दललाई व्यवस्थापन गर्ने उत्तम तरिका तपाईंले तिनीहरूलाई स्पष्ट निर्देशन दिनुभएको छ भनी सुनिश्चित गर्नु हो।

तपाईंका निर्देशनहरू स्पष्ट छन् भनी जान्ने उत्तम तरिकाचाहिं तपाईंका निर्देशनहरू छोटो बनाउनु हो।

कहिलेकहीं हाम्रा निर्देशनहरूमा धेरै शब्दहरू मात्र हुन्छन् र निर्देशनहरू छरपष्ट हुन्छन् र मानिसहरूले प्राथमिकताहरू बुझ्दैनन्। त्यो छोटो बनाएर भएर स्पष्ट हुनुहोस्।

तर त्यसपछि तपाईंले दिनुभएको निर्देशन तिनीहरूलाई भन्न लाएर पनि ती निर्देशनहरू स्पष्ट भएको तपाईं थाहा पाउन सक्नुहुन्छ। जब तिनीहरूले तपाईंलाई त्यो निर्देशन सुनाउँछन् तब त्यो सुनेर तपाईंले त्यो स्पष्ट भन्नुभयो कि भएन भनी थाहा पाउनुहुनेछ। दलको व्यवस्थापन गर्ने, दललाई डोऱ्याउने येशूको नमुनामा स्पष्ट निर्देशनहरू दिनु पनि सामेल छ। तर त्यसपछि पद 4 र 5 मा हेर्नुभयो भने उहाँ अझै भन्नुहुन्छ, 'जुन घरमा तिमीहरू पस्छौ त्यहीं बस, र त्यहींबाट बिदा होओ। जहाँ तिमीहरूको स्वागत हुँदैन तिमीहरू त्यस शहरबाट निस्कँदा आफ्ना खुट्टाको धूलो तिनीहरूका विरुद्धमा गवाहीका निम्ति टकटक्याइदेओ।'

यो मानिसहरूलाई व्यवस्थापन गर्ने येशूको नमुनाको साँच्चै चाखलाग्दो भाग हो। उहाँले तिनीहरूलाई गाउँ-गाउँमा पठाउँदैहुनुहुन्छ। उहाँले तिनीहरूलाई स्पष्ट निर्देशन दिनुहुन्छ। तर त्यसपछि उहाँले यसो भन्नुहुन्छ, जब तिमीहरू त्यहाँ पुग्छौ तब असफलता हुन सक्छ। उहाँले वास्तवमा तिनीहरूलाई केही गलत भइरहेको कथा बताउनुहुन्छ र तिनीहरूले गर्न चाहेका काम पूरा गर्न नसक्दा तिनीहरूले कस्तो प्रतिक्रिया गर्नुपर्छ भनी बताउनुहुन्छ।

येशूले त्यो कुरा गरिरहनुभएको छ जसलाई म 'सत्य कुरा बोल्नु' भन्दछु। उहाँले चेलाहरू पर्न सक्ने र तिनीहरू आफैले देख्न सक्ने एउटा परिस्थितिको कथा बनाउँदै हुनुहुन्छ। कति पटक दल व्यवस्थापन गर्ने अगुवाको रूपमा हामी सबै भविष्यसित सम्बन्धित कुरा यति सकारात्मक, अचम्म प्रकारले बोल्दछौं, हामीले तिनीहरूले सामना केही कठिनाइहरूका निम्ति तिनीहरूलाई कहिल्यै पनि तयार गर्दैनौं।

हामी वास्तवमा तिनीहरूलाई केही सोझो वा आदर्शवादी बनाएर पठाउँछौं।

तर येशूले तिनीहरूलाई सबै कुरा सहज हुनेछैन भनी बुझाउनुहुन्छ। यो साँच्चै महत्त्वपूर्ण व्यवस्थापन सिद्धान्त बन्दछ।

असफलताको बारेमा कसरी कुरा गर्ने भन्ने विषयलाई हामीले अर्को प्रकारले परिभाषित गर्नुपर्छ। असफलता हुँदै नहुने कुरा होइन। असफलता सधैं नराम्रो कुरा हुँदैन।

असफलताले संघर्षहरू गर्ने चुनौती दिन्छ। त्यो सेवकाइमा हुनुको एउटा हिस्सा हो। यदि हामीले हाम्रा मानिसहरूलाई यस वास्तविकताका लागि तयार गर्न सक्यौं भने तिनीहरूसँग केही चुनौतिहरू र केही संघर्षहरू हुनेछन्, तब हामी त्यस्ता असफलताहरूको सामना गर्दा तिनीहरूले अझ राम्रोसँगले प्रतिक्रिया दिएका हामी देख्न सक्नेछौं। जसरी येशूले उहाँका चेलाहरूलाई असफलताको अर्कै परिभाषा दिनुभयो हामीले पनि त्यसै गर्नुपर्छ, ताकि जब तिनीहरू बाहिर जान्छन्, त्यस बेला तिनीहरू तयार हुन र अपेक्षाहरू पूरा गर्न सकून्।
येशूले त्यत्तिमै कुरा टुङ्ग्याउनुहुन्न। 6 पदमा उहाँ यसो भन्नुहुन्छ, "तब तिनीहरू बिदा भए, र सुसमाचार प्रचार गर्दै र सबै जग्गा रोगीहरूलाई निको पार्दै गाउँ-गाउँ गए।"
मानिसहरूलाई व्यवस्थापन गर्ने येशूको तरिका कहिल्यै कसैलाई एक्लै पठाउने थिएन।
उहाँले आफ्नो दललाई कहिल्यै एकलो पार्नुभएन। उहाँले तिनीहरूलाई सधैं कम्तिमा दुई-दुई जना गरी पठाउनुभयो।
तिनीहरूलाई एक्लै स्थितिहरू अनुमान लगाउने कुराबाट बचाउन उहाँले त्यसो गर्नुभयो। जब तपाईं आफ्नो दल व्यवस्थापन गर्नुहुन्छ र तपाईंको दलमा 10 वा 12 वा अझ बढी व्यक्तिहरू हुन सक्छन्, तपाईं तिनीहरूलाई एक दलको रूपमा कहिल्यै नहेर्नुहोस् र तिनीहरूलाई एक-एक व्यक्तिको रूपमा कहिल्यै नहेर्नुहोस्। तर तिनीहरूलाई बाहिर पठाउन सकिने जोडीको रूपमा हेर्नुहोस्, ताकि तिनीहरूले जे गरिरहेका हुन्छन् त्यसमा तिनीहरू सँगसँगै होऊन्। मानिसहरूको व्यवस्थापनमा अगुवाको सबैभन्दा राम्रो भूमिका भनेको यो कुरा बुझ्नु हो कि तपाईंको उच्च कदको कारण तपाईं अगुवा बन्नुभएको होइन, तर तपाईंले मानिसहरूलाई जोड्न सक्नुहुन्छ र नै अगुवा बन्नुभएको हो। नयाँ करारमा यसका दृष्टान्तहरू छन्। नयाँ करारका उत्कृष्ट अगुवाहरूमध्ये एक बारनाबास नाउँका व्यक्ति थिए। बारनाबासलाई लिएर नेतृत्व(अगुवापन) को विषयमा कुनै पुस्तक लेखिएका छैन। तर प्रेरितको पुस्तकले हामीलाई बताउँछ, कि बारनाबास गए अनि उनले पावल बनेका शाऊललाई भेट्टाए र उनले तिनलाई प्रेरितहरूकहाँ ल्याए। उनी मानिसलाई मानिससँग जोड्ने व्यक्ति थिए। परमेश्वरको सेवकाइलाई अगाडि बढाउनका निम्ति ती दुई समूहका मानिसहरू जोडिनुपर्छ भनी तिनी जान्दथे। यदि तपाईं आफ्नो दल प्रबन्ध गर्ने एक असल अगुवा बन्नु हो भने तपाईंले कसलाई कोसित जोड्ने भन्ने कुरा थाहा हुनुपर्छ, यसरी जब तिनीहरू एकसाथ मिलेर सेवकाइ गर्न जान्छन् त्यसबेला तिनीहरू फलदायी(सफल) हुनेछन्।
फिलिप अर्का महान् अगुवा थिए जसलाई हामी अगुवाको रूपमा प्रायः हेर्दैनौं। किनकि फिलिप निमन्त्रणाकर्ता थिए। तिनी सधैं मानिसहरूलाई समूहमा बोलाउने व्यक्ति र एक असल व्यवस्थापक थिए। सही मानिसहरूलाई सही दलहरूमा बोलाउनुपर्छ। धेरै पटक हामीले मानिसहरूलाई प्रभावकारी ढंगले नडोहोर्‍याएकाले अनि तिनीहरूलाई सही दलमा एकसाथ नराखेकाले सेवकाइमा कठिनाइहरू हुन्छन्।
येशूले चेलाहरूलाई मात्र बाहिर पठाउनुभएन। उहाँले तिनीहरूलाई विशेष दलहरूमा पठाउनुभयो।
उहाँले हामीलाई व्यवस्थापकको रूपमा उहाँको यही नेतृत्व दिनुहुन्छ। उहाँले तिनीहरूलाई परमेश्वरमा भरोसा गर्न लगाउनुहुन्छ। उहाँले तिनीहरूलाई स्पष्ट निर्देशन दिनुहुन्छ। उहाँ तिनीहरूलाई सम्भावित कठिनाइ र समस्याहरूको बारेमा बताउनुहुन्छ। उहाँले तिनीहरूलाई दलमा पठाउनुहुन्छ र अझै उहाँको काम पूरा भएको छैन। पद 10 हेर्नुहोस्।
"अनि प्रेरितहरू फर्केर तिनीहरूले गरेका सबै काम उहाँलाई बताए।" पद 10 ले भन्छ, जब तिनीहरू फर्केर आए, तिनीहरूले येशूलाई आफूले गरेका कामहरूको बारेमा बताए। "त्यसपछि उहाँले तिनीहरूलाई आफूसँगै बेथसेदा भनिने सहरमा अलग्गै लैजानुभयो।" येशूले आफ्नो दलको नेतृत्वमा के गर्नुहुन्छ ध्यानपूर्वक हेर्नुहोस्।

तिनीहरू बाहिर जान्छन् र तिनीहरूले आफ्ना कामहरू गर्छन्। तपाईंका दलहरू जस्तै जुन बाहिर जान्छन् र तपाईंले तिनीहरूलाई दिनुभएको काम गर्छन्।

तर जब तिनीहरू फर्केर आए र उहाँलाई रिपोट दिए, तब येशू तुरुन्तै अगि बढ्नुहुन्न।

त्यहाँ एक समय छ, शिक्षा दिने समय छ, प्रशिक्षण दिने समय छ, सिकाउने समय छ, जे भएको थियो त्यसमा चेलाहरूलाई सहायता गर्ने समय छ भनी उहाँले जान्नुहुन्थ्यो। चेलाहरूलाई जे भएको थियो त्यसमा सहायता गर्ने एउटा समय थियो। अनि उहाँले चेलाहरूसित छलफलको समयलाई कसरी व्यवस्थापन गर्नुभयो त्यो ध्यान लाएर हेर्नुहोस्। उहाँले त्यो तुरुन्तै गर्नुहुन्न।

उहाँले पर्खनुहुन्छ।

उहाँले किन पर्खनुहुन्छ?

किनकि अगुवाहरूको रूपमा धेरै पटक हामी विषय तात्तातै हुँदा नै शिक्षा दिने र छलफल गर्ने कोसिस गर्दछौं। सामान्यतया विषय तात्तातै हुँदा, परियोजना चलिरहेकै बेला, जोश धेरै हुन्छ। तीव्रता धेरै उच्च हुन्छ। यदि चेलाहरू तिनीहरूको नेतृत्वमा र तिनीहरूको सेवकाइमा बढनु हो भने तिनीहरू भावनात्मक रूपमा उत्तेजित नभएका समयमा उहाँले तिनीहरूसँग कुराकानी गर्नुपर्छ भनी येशूले जान्नुहुन्थ्यो। त्यसैकारण उहाँले पर्खनुहुन्छ। उहाँले पर्खनु मात्र हुन्न। उहाँले तिनीहरूलाई कतै लैजानुहुन्छ।

उहाँहरू बेथसेदा भनिने गाउँमा जानुहुन्छ। त्यहाँ तिनीहरूलाई सेवकाइको परिस्थिति(वातावरण)बाट अलग्ग पारिन्छन्।

यस नमुनामा केही महत्त्वपूर्ण कुरा छ, यदि हामीले हाम्रा दलहरूलाई राम्रोसँग व्यवस्थापन गर्ने हो भने, हामीले उनीहरूलाई प्रशिक्षण दिन र उनीहरूको अनुभवको आधारमा उनीहरूलाई सिकाउनका लागि समय निकाल्ने निश्चय गर्नुपर्छ। तर हामीले पर्खनुपर्छ। कहिलेकहीं हामीले तिनीहरूलाई अलग्गै टाउँमा लैजानुपर्छ। अनि त्यसपछि मलाई लाग्छ, येशूले तिनीहरूसँग छलफल गर्नुभएको छ। तिनीहरू केवल ईमेलद्वारा रिपोर्टहरू बुझाउँदैनन्।

उहाँ तिनीहरूसँगै बस्नुहुन्छ। उहाँ तिनीहरूसँग कुराकानी गर्नुहुन्छ। अनि तिनीहरूलाई प्रश्नहरू गर्नुहुन्छ।

उहाँले तिनीहरूलाई तालिम दिन यो सठीक समय प्रयोग गर्नुहुन्छ।

तपाईंको दल व्यवस्थापन गर्नका लागि एक अगुवा बन्नुहोस् जसले तिनीहरूलाई एकसाथ भेला गर्ने, तिनीहरूलाई अलग्गै लैजाने, तिनीहरूलाई प्रश्नहरू गर्ने धेरै अवसरहरू लिनुहोस्। अनि त्यो छलफल के सफल थियो र के सफल थिएन भनी चर्चा गर्ने कार्यक्रम मात्र नहोस्।

यो एउटा यस्तो छलफल होस् जुन बेला तपाईं तिनीहरूलाई तिनीहरूको नेतृत्व र तिनीहरूका वरदान अनि परमेश्वरमा तिनीहरूको विश्वासको बारेमा सिकाउनुहुनेछ। धेरै पटक हामी कार्यक्रमहरूद्वारा प्रेरित भएर यति व्यस्त हुन्छौं कि हामी एउटा कार्यक्रमबाट चाँडोचाँडो अर्को, त्योबाट अर्को कार्यक्रममा सर्दैजान्छौं।

येशूले यो गर्न जुन समय लिनुभयो त्यो समय हामी लिंदैनौं। यसलाई प्राथमिकतामा राख्नुपर्छ। हतारिएर अगाडि बढनु धेरै सजिलो हुन्छ। त्यहाँ समस्याहरू हुँदाहुँदै पनि छलफल मात्र गर्नु धेरै सजिलो हुन्छ। तर हाम्रा दलहरूसँग हाम्रो नेतृत्वको छलफल गर्ने भाग सधैं हामीले गर्नुपर्छ, किनकि यसले हामीलाई हाम्रो दलमा बोल्न र उनीहरूको विकासलाई मार्गदर्शन गर्ने मौका दिन्छ। येशूले अझै पनि तिनीहरूसँग आफ्नो काम पूरा गरिसक्नुभएको छैन। जब तपाईं लूका 9:13 पद हेर्दै जानुहुन्छ, हामी लूकाले उल्लेख गरेका अर्को घटना पाउँछौं। तर यो सबै यस प्रक्रियाको भाग हो जुन हामीलाई सिकाइएको छ। यो घटनामा हजारौं मानिसहरू छन्। अनि येशूले चेलाहरूलाई हेर्नुहुन्छ र भन्नुहुन्छ, "तिमीहरूले नै तिनीहरूलाई खान देओ।" तपाईंले देख्नुहुन्छ, उहाँले तिनीहरूलाई विकासको अर्को चरणमा, विश्वासको अर्को चरण लैजाँदै हुनुहुन्छ, जहाँ

तिनीहरू अध्यायको सुरुमा थिए। पद 13 मा यसो भनिएको छ, "तिनीहरू उहाँकहाँ आएर भने, "हामीसँग पर्याप्त खानेकुरा छैन। हामीसँग पर्याप्त पैसा छैन। हजारौं मानिसहरू छन्।" उहाँले तिनीहरूलाई हेर्नुहुन्छ र भन्नुहुन्छ, "तिमीहरूले नै तिनीहरूलाई खान देओ।"

येशूले चेलाहरूको वृद्धिलाई एउटा गाउँमा गएर सुसमाचार सुनाउनेदेखि अब एउटा आश्चर्यकर्म हिस्सा बन्न चुनौती दिनुहुन्छ।

अगुवाको रूपमा प्रायः हामीले हाम्रा मानिसहरू जहाँ छन् त्यहीं राखिरहने गल्ती गर्छौं। यदि तिनीहरू असल छन् र तिनीहरूले राम्रो काम गरिरहेका छन् भने हामी तिनीहरूलाई त्यही अवस्थामा राख्छौं।

येशूले आफ्ना चेलाहरूसँग कहिल्यै त्यस्तो गर्नुभएन।

उहाँको दलको व्यवस्थापन कार्य सधैं तिनीहरूलाई बढाउनु, तिनीहरूलाई सधैं अगाडि बढाउनु थियो। जहाँ तिनीहरू थिए, त्यहाँ अर्को चरण थियो जसमा तिनीहरू अगाडि बढ्न सक्थे।

त्यसपछि तिनीहरू त्यो चरणमा अगाडि बढेपछि, त्यहाँ अर्को चरण थियो जसमा तिनीहरू अगाडि बढ्न सक्थे।

येशूले चेलाहरूलाई त्यो बाटोको 20 खुड्किला तल तिनीहरूका जीवन र सेवकाइ कस्तो देखिनेछ सो कुरा बताउनुभएन। उहाँले तिनीहरू पवित्र धर्मशास्त्रका लेखकहरू बन्नेछन् भन्ने कुरा तिनीहरूलाई बताउनुभएन। तिनीहरू परमेश्वरको राज्यका खम्बाहरू हुनेछन् भनेर पनि बताउनुभएन। उहाँले आफ्ना चेलाहरूलाई तिनीहरूमध्ये धेरै जना आफ्नो विश्वासको निम्ति सहीद हुने कुरा बताउनुभएन।

उहाँले तिनीहरूलाई यति मात्र भन्नुभयो, "यहाँ तिमीहरूको वृद्धिको अर्को चरण यो हो। हामी दुई अन्तिम कुरामध्ये एउटा गर्छौं। कि त तिनीहरू जहाँ छन् त्यहीं राख्छौं, जस्तो अवस्था छ त्यस्तै राख्छौं,तर त्यसो गर्दा तिनीहरूले ख्रीष्टका निम्ति र तपाईंको काममा गर्न सक्ने सबै कुरामा कहिल्यै वृद्धि हुँदैनन्।

वा हामी तिनीहरूका यस्तो तस्वीर प्रस्तुत गर्छौं, जुन धेरै टाढा जस्तो देखिन्छ वा त्यो बुझ्नै पनि कठिन जस्तो देखिन्छ। हामीले येशूको नमुनालाई पछ्याउनुपर्छ, जसले तिनीहरूलाई तिनीहरू भएको चरणबाट अर्को चरणमा लैजानुभयो, गाउँ-गाउँमा गएर सुसमाचार प्रचार गर्न पठाउनुभयो अनि मानिसहरूलाई तिमीहरूले नै खुवाओ भन्नुभयो। तपाईंको दल व्यवस्थापन गर्ने अगुवाको रूपमा तपाईं आफ्नो दलका सदस्यहरूलाई हेर्नुहुन्छ र तपाईं आफैलाई प्रश्न गर्नुहुन्छ, "तिनीहरूको विकासको अर्को चरण के हो? तिनीहरूको वृद्धिको अर्को चरण के हो? अनि वृद्धिको यो अर्को चरणका निम्ति मैले तिनीहरूलाई कसरी स्थानमा राख्नुपर्छ?"

म तपाईंहरूलाई लूका 9 अध्याय ध्यान लाएर पढने उत्सार दिन्छु, लूका 9 अध्यायमा हामीसँग उहाँको दलमा येशूको नेतृत्व र व्यवस्थापनको नमुना पाइन्छ। यो हाम्रो दलमा हाम्रो व्यवस्थापनका लागि एक उदाहरण र एक नमुनाको रूपमा दिइएको छ। यसद्वारा हामी आफ्नै मूल्याङ्कन गर्न सक्छौं।

के हामी येशूसँग मेल खान्छौं?

उहाँले तिनीहरूलाई जे गर्न अह्राउनुभयो त्यसका निम्ति उहाँले तिनीहरूलाई परमेश्वरमा भरोसा गर्न लगाउनुभयो।

के हामीले तिनीहरूलाई पनि आत्मनिर्भर बनाइरहेका छौं? के हामीले तिनीहरूलाई सेवकाइमा तिनीहरूका भूमिकाका निम्ति परमेश्वरमा भरोसा गर्नुपर्ने स्थानमा फेरि ल्याउनुपर्छ? त्यसपछि येशूले तिनीहरूलाई अति नै स्पष्ट रूपमा निर्देशन दिनुभयो।

के तपाईंले दिनुभएका निर्देशनहरू स्पष्ट छन्? के तपाईंको दलले त्यो तपाईंलाई भन्न सक्छ? त्यसपछि जब येशूले तिनीहरूलाई के हुन गइरहेको थियो भनेर बताउनुभयो, उहाँले वास्तवमा केही सत्यताहरू बताउनुभयो र उनीहरूलाई केही परिस्थितिहरू बताउनुभयो जुन धेरै सकारात्मक थिएनन्, किनकि हुन आउने ती कुराहरूका

निम्ति तिनीहरू पूर्ण रूपमा तयारी होऊन् भन्ने उहाँ चाहनुहुन्थ्यो। उहाँ तिनीहरूसँग इमानदार हुनुहुन्थ्यो र तिनीहरूले आफैले देख्न सक्ने एउटा घटनाको बारेमा बताउनुभयो। तपाईंको इमानदारिको कारण तिनीहरूले तपाईंमाथि अझ बढी विश्वास गरून् र तिनीहरू पनि त्यसका निम्ति तयार होऊन् भनेर के तपाईं तिनीहरूलाई त्यसरी नै पूरा सत्य कुरा बताउनुहुन्छ? त्यसपछि उहाँले तिनीहरूलाई दलमा राख्नुभयो र उहाँको नेतृत्वको भूमिको एउटा काम मानिसहरूलाई एकसाथ जोड्नु हो र त्यसरी दलको रूपमा तिनीहरू सफल हुनेछन् भनी उहाँले जान्नुहुन्थ्यो।

तर हामीमध्ये धेरैलाई येशूको नमुनाको अन्तिम भाग अनुकरण गर्न साँच्चै गाह्रो हुन्छ, जुन तिनीहरूबाट विवरण लिनु, तिनीहरूलाई अलग्गै लैजानु, प्रश्नहरू गर्नु, तिनीहरूका अनुभव बुझ्नु, तिनीहरूलाई प्रशिक्षण दिनु र शिक्षा दिने समय निकाल्नु, आदि हो। के तपाईं आफ्नो दललाई त्यो गर्न सक्षम बनाउनका लागि त्यस्तो समय निकाल्दै हुनुहुन्छ? किनकि तिनीहरूबाट विवरण लिने त्यो छोटो समयमा नै तपाईंले तिनीहरूको वृद्धिको अर्को चरण के हो भनेर राम्रोसँग बुझ्नुहुन्छ, जुन येशूले चेलाहरूलाई दिनुभएको थियो, जब उहाँले भन्नुभयो, "तिमीहरू जान्दछौं, तिमीहरूले नै खुवाउनुपर्छ।" लूका 9 ले दिएको यो नमुना येशूको नेतृत्वको नमुना हो, तर यो कुरा पद 13 मा नै समाप्त हुँदैन। वास्तवमा, त्यस अध्यायको अन्त्यमा येशूले चेलाहरूसँग कुराकानी गर्नुभएको छ। यो कुरा पद 18 ले हामीलाई बताउँछ। यसले यसो भन्छ, "एक पल्ट येशू एकलै प्रार्थना गरिरहनुभएको थियो, चेलाहरू उहाँसँग थिए र उहाँले तिनीहरूलाई सोध्नुभयो,"मानिसहरूले म को हुँ भनी भन्छन्?"

तर तिमीहरू म को हुँ भनी भन्छौ?"

येशूको लूका 9 को नमुना उहाँका चेलाहरूलाई उहाँको बारेमा गहिरो ज्ञान र गहिरो पहिचानतर्फ औंल्याउँदै समाप्त हुन्छ।

येशूको नमुना पछ्याउने अगुवाहरूको रूपमा कहिलेकहीं हामी आफ्ना दलहरूले गर्नुपर्ने कार्यहरू र तिनीहरूले गर्नुपर्ने कार्यक्रमहरू मिलाउन यति उत्साहित हुन्छौं कि हामी येशूको नमुनाको यस अन्तिम भागलाई भुलिपठाउँछौं।

हाम्रो मुख्य जिम्मेवारी हाम्रो दलका सदस्यहरूलाई येशूतिर देखाउनु हो।

तिमीहरू म को हुँ भनी भन्छौ?" किनकि हाम्रो दलका सदस्यहरू, यस सम्पूर्ण नमुनालाई पछ्याउँदै आफैलाई धेरै नै येशूमा निर्भर, येशूप्रति बढी सचेत, येशूको नजिक भएको पाउँछन्। तिनीहरू आफ्नै वृद्धिका लागि मात्र त्यो स्थानमा राखिएका होइनन्, तर सेवकाइमा तपाईंको साथमा सेवा गर्न परमेश्वरद्वारा प्रयोग हुनका निम्ति हो। हामीले हाम्रा दलहरूको नेतृत्व र व्यवस्थापन कसरी गर्नुपर्छ भन्ने विषयमा लूका 9 येशूले हामीलाई दिनुभएको एउटा अति नै सुन्दर नमुना हो।

त्यो नमुनालाई पछ्याउनुहोस् र तपाईं आफ्नो सेवकाइ र आफ्ना मानिसहरूमा उहाँको फलदायिता देख्नुहुनेछ।

# व्यक्तिगत – तपाईंसँग हुनै पर्ने 3 वटा सम्बन्धहरू

खम्बाहरूमा एक प्रमुख विषय तपाईंको व्यक्तिगत जीवन र सेवकाइ हो। तपाईंको व्यक्तिगत जीवन र सेवकाइका लागि प्रमुख क्षेत्रहरूमध्ये एक तपाईंका सम्बन्धहरू हुन्। तपाईं जान्नुहुन्छ, नयाँ करारले हामीलाई येशूको उदाहरणद्वारा सिकाउँछ, कि सेवकाइमा बोलाइएका हामी प्रत्येकलाई यी तीनवटा विशेष सम्बन्धहरू चाहिन्छ। परमेश्वरले हाम्रो जीवनमा यी तीन सम्बन्धहरू प्रयोग गर्दै हामीलाई बढ्न साथै हाम्रो बोलावट पूरा गर्न सहायता गर्नुहुन्छ। यसका लागि येशू हाम्रा आदर्श नमुना हुनुहुन्छ। तर जब उहाँ यस पृथ्वीमा हुनुहुन्थ्यो, उहाँसँग यी तीन सम्बन्धहरू थिए। यी सम्बन्धहरू हाम्रा लागि मत्ती 26:36-39 मा वर्णन गरिएको छ। म यो खण्ड पढ्न चाहन्छु।

तब उहाँले तिनीहरूलाई भन्नुभयो, "मेरो प्राण गहिरो शोकले मरेतुल्य भएको छ। तिमीहरू यहीं बस र मसँग जागा रहो।" अलि उहाँले अलि अगाडि गएर लम्पसार परी प्रार्थना गर्नुभयो, "हे मेरा पिता, हुन सक्छ भने, यो कचौरा मबाट हटोस्। तरै पनि मैले इच्छा गरेबमोजिम होइन, तर तपाईंले इच्छा गर्नुभएबमोजिम होस्।"

यदि तपाईंले यो घटनालाई हेर्नुभयो भने यी तीन सम्बन्धहरू चित्रण गरिएको ढाँचा देख्नुहुन्छ। यो येशू पक्राउ पर्नुभन्दा अघिल्लो रातको घटना हो। अब उहाँ मृत्युहुने क्षणमा प्रवेश गर्दैहुनुहुन्छ। अनि उहाँले आफ्ना बाह्र जना चेलालाई साथमा लैजानुहुन्छ र उहाँ तिनीहरूलाई डाँडाको बगैंचामा लैजानुहुन्छ। अनि उहाँले बाह्र जनालाई भन्नुहुन्छ, "तिमीहरू यहाँ बस र प्रार्थना गर।" तर त्यसपछि उहाँले तिनीहरूमध्ये तीन जना-पत्रुस, याकूब र यूहन्नालाई माथि डाँडामा लैजानुहुन्छ। उहाँले तिनीहरूलाई केही भिन्नै कुरा भन्नुहुन्छ। उहाँले तिनीहरूलाई एउटा अति व्यक्तिगत कुरा भन्नुहुन्छ, उहाँ भन्नुहुन्छ, "मेरो प्राण गहिरो शोकले मरेतुल्य भएको छ।" उहाँले यो के भनिरहनुभएको छ, "मित्र हो, यो बुझ्न मेरो निम्ति साँच्चै कठिन छ।" उहाँले त्यो कुरा बाह्र जनालाई भन्नुभएको छैन। उहाँले ती तीनलाई मात्र यो कुरा भन्नुहुन्छ, जो उहाँको नजिक थिए भनी हामी जान्दछौं। तर त्यसपछि उहाँले ती तीनलाई छोडेर जानुहुन्छ र अझ माथि डाँडामा जानुहुन्छ जहाँ अब उहाँ पितासँग एक्लै हुनुहुन्छ। अनि पितासँग उहाँले केही भन्नुहुन्छ जुन कुरा उहाँले ती तीन जना र बाह्र जनालाई भन्नुभएन। पितालाई उहाँ भन्नुहुन्छ, "यदि अर्को कुनै उपाय छ भने, यस्तो नहोस्।"

"तर मेरो इच्छा होइन, तपाईंकै इच्छा पूरा होस्।" यस संक्षिप्त घटनाको यी केही पदहरूमा, तपाईं येशूसँग भएको तीन सम्बन्धहरूको उदाहरण पाउनुहुन्छ। उहाँको बाह्र जनासँग सम्बन्ध थियो, उहाँको तीन जनासँग सम्बन्ध थियो र उहाँको एक जनासँग सम्बन्ध थियो। ती सम्बन्धहरूले हामीलाई तीनवटा सम्बन्धहरूको उदाहरण दिंदछ। येशूले बाह्र जनासँग सम्बन्ध राख्नुभयो जसको उहाँले सेवा गर्नुभयो, जसलाई उहाँले सहायता गर्नुभयो।

त्यसपछि उहाँका तीन जनासँग सम्बन्ध थियो जससँग उहाँ धेरै खुलस्त हुनुहुन्थ्यो। उहाँले तिनीहरूलाई आफ्नो मनको कुरा भन्नुभयो र तिनीहरूसँग खुलस्त हुनुहुन्थ्यो। त्यसपछि उहाँको एक जनासँग सम्बन्ध थियो, उहाँमाथि अधिकार हुने व्यक्तिसँग। उहाँले सल्लाह मात्र खोज्नुभएन, तर उहाँ अधीनमा बस्नु पनि भयो। सेवकाइमा बोलाइएको प्रत्येक व्यक्तिसँग यी तीनवटा सम्बन्धहरू हुनुपर्छ।

त्यहाँ मानिसहरू छन् जसको तपाईंले सेवा गर्नुहुन्छ, त्यहाँ मानिसहरू छन् जसलाई तपाईंले भरोसा गर्नुहुन्छ र जसको अगि खुलस्त हुनुहुन्छ र त्यसपछि त्यहाँ अधिकार भएका मानिसहरू छन् जसको अधीनमा तपाईं बस्नुपर्छ। यी तीन सम्बन्धहरूलाई हेरौं, ताकि हामी तिनलाई बुझ्न सकौं र हाम्रो जीवनमा यो अभ्यास सुरु

गर्न सकौं। म चाहन्छु, यी तीन सम्बन्धहरू हेर्दा तपाईंले आफैलाई केही मूल्याङ्कन गर्नुहोस्। के तपाईंसँग यी तीन सम्बन्धहरू छन्? ती कतिसम्म बलिया छन्? के ती सम्बन्धहरू बढाउन आवश्यक छ? पहिलो सम्बन्ध त्यो व्यक्तिसँग हो जसको तपाईं सेवा गर्नुहुन्छ। कोही साँच्चै टुटेको हुन्छ। जब हामी अगुवाको पदमा र सेवकाइमा हुन्छौं, प्रायः हामीसँग सामेल हुने व्यक्तिहरूले हाम्रो सेवा गर्दछन्। हामी तिनीहरूको सेवा गर्दछौं भन्छौं अनि केही हदसम्म गर्छौं पनि। तर जब येशू ती बाह्र जनासँग हुनुहुन्थ्यो, ती बाह्र जना साँच्चै टुटेका थिए। तिनीहरूले के गर्दैछन् भन्ने पनि तिनीहरूलाई थाहा थिएन। तिनीहरू घमण्डले भरिएका, क्रोधले भरिएका, तिनीहरू भ्रमले भरिएका थिए। यसले हामीलाई यही उदाहरण दिन्छ कि संसारमा हामीलाई हाम्रो सेवा गर्ने मानिसहरू मात्र चाहिने होइन, तर हामीलाई येशूले हामी र हामीद्वारा जे गर्नुहुन्छ त्यसका निम्ति टुटेका मानिसहरूसँगको सम्बन्ध चाहिन्छ। एक क्षण चेलाहरूको बारेमा विचार गर्नुहोस्। तपाईं पत्रुसलाई देख्नुहुन्छ जसले सधैं येशूसँग बहस गर्दथ्यो। प्रत्येक पटक येशूले कुनै विचार प्रस्तुत गर्नुहुँदा पत्रुसको अर्कै विचार हुन्थ्यो। तिनी सधैं येशूको विरुद्धमा लडिरहेका जस्तो देखिन्थे।

यो एक किसिमको सम्बन्ध हो जुन तपाईंको जीवनमा होस् भन्ने परमेश्वरले चाहनुहुन्छ, किनकि तपाईंले मानिसहरूलाई सत्यतामा डोऱ्याउँदा यसले तपाईंलाई अनुग्रह र बुद्धिको सिकाउँछ। त्यसपछि याकूब र यूहन्ना छन्। याकूब र यूहन्ना दाजुभाइ थिए जो सधैं आफ्नो हैसियत र आफ्नो स्थितिबारे सोचिरहन्थे। त्यहाँ पनि एउटा कथा छ, तिनीहरू आफ्नी आमाकहाँ जान्छन् र तिनीहरूको हैसियत अझ ठूलो बनाउन आफ्नी आमालाई येशूसँग कुरा गर्न लगाउँछन्। यी दुई भाइ असुरक्षित छन्। यदि तपाईंकी आमालाई तपाईंका मालिकसँग कुरा गर्न लगाउन परे कस्तो होला!

कहिलेकहीं हाम्रो जीवनमा टुटेको व्यक्तिको त्यो सम्बन्ध भनेको असुरक्षित वा धेरै अहंकारी व्यक्ति हो। तर त्यस उद्देश्यका लागि येशूले हामीद्वारा जे गर्नुहुनेछ त्यसका निम्ति तिनीहरूसँग हाम्रो सम्बन्ध हुन्छ। ती बाह्र जना चेलामा भएका गुणहरू हाम्रा वरिपरि छन्। जब हामी कहिलेकहीं सेवकाइमा हुन्छौं, हामी आफूलाई टुटेका मानिसहरूबाट अलग्गै राख्ने परीक्षामा पर्छौं। हामी तिनीहरूसँग संलग्न हुन सक्ने दलहरू बनाउँछौं, तर हामी आफैलाई सुरक्षित राख्छौं, किनकि तपाईंको जीवनमा टुटेको व्यक्तिलाई राख्नु गाह्रो हुन्छ। यस्तो व्यक्ति जो भलाइको ठाउँमा, शक्तिको ठाउँमा हुँदैन। येशू कहिलेकहीं चेलाहरूसँग निराश हुनुभयो र भन्नुभयो, "कहिलेसम्म मैले तिमीहरूको विश्वासको कमीलाई सहनु?" किनकि त्यो व्यक्ति, त्यो सम्बन्ध पाउनु तपाईंको जीवनमा ठूलो फाइदाको कुरा हुन्छ। किनकि यसले तपाईंलाई अझ बढी येशूमा भर पर्ने बनाउँछ। येशूले भन्नुभयो, "तिमीहरूले यीमध्ये सानालाई एउटालाई जे-जति गर्छौ, त्यो मलाई नै गर्छौ।" उहाँले भन्दैहुनुहुन्छ, "हामी येशूलाई टुटेका मानिसहरूकहाँ ल्याउँछौं भनी सोच्छौं। तिनीहरूले वास्तवमा येशूलाई हामीकहाँ ल्याउँछन्।"

उहाँले भन्नुभयो, "ठीक छ, म त्यो टुटेको मानिस कहाँ भेट्टाउन सक्छु जोसँग मैले सम्बन्ध राख्नुपर्छ?" तपाईंले धेरै टाढा-टाढा गएर खोज्नुपर्छ जस्तो मलाई लाग्दैन। तिनीहरू सबै तपाईंको वरिपरि छन्।

हुनसक्छ, तपाईंले भर्खर आफ्नो आँखा खोल्नुभयो र परिवारको सदस्य वा सहकर्मी वा तपाईंको छिमेकको कसैलाई देख्नुभयो, र तपाईं भन्नुहुन्छ, "अहो, यो मलाई चाहिने सम्बन्ध हो, किनकि यो जति गाह्रो र कठिन छ, म यसद्वारा येशूको बारेमा अझ बढी जान्नेछु।" काम गर्न गाह्रो हुने मानिसहरूबाट नतर्किनुहोस्,तर तिनीहरूलाई तपाईंको जीवनमा ल्याउनुहोस्, यसरी तपाईं येशूको नजिकमा बढन सक्नुहुन्छ र तपाईंद्वारा येशू तिनीहरूको नजिक हुन सक्नुहुन्छ। येशूसँग 12 जना चेला छन्। तर त्यसपछि येशूले 12 मध्येबाट तीनलाई लिनुहुन्छ र तिनीहरूलाई अलग्गै लैजानुहुन्छ। पत्रुस, याकूब र यूहन्ना- येशूको नजिक थिए भन्ने कुरा हामी

सुसमाचारका पुस्तकहरूबाट थाहा पाउँछौं। उहाँहरूको सम्बन्धमा अझ धेरै घनिष्ठता थियो अनि ती तीन जनाको सामु येशू धेरै पारदर्शी (खुलस्त) हुनुभयो।

परमेश्वरका पुत्रको रूपमा येशू आफू एकलै यो प्रक्रियाबाट भएर जान चाहनुभएन।

धेरै पटक हामी आफैलाई ती 3 जनासँग होइन, तर 12 जनाको साथमा पाउँछौं।

हामी लुकाउँछौं। हामी हाम्रो हृदयमा वा हाम्रो प्राणका गहिरा कुराहरू बताउँदैनौं।

हामीले भोगिरहेका संघर्षहरू बताउँदैनौं।

पछिल्लो समय तपाईंले कहिले आफ्नो जीवनको वास्तविक र ठूलो परीक्षाको बारेमा अरू कसैलाई बताउनुभएको थियो?

येशूले बताउनुभयो। उहाँले संसारलाई बताउनुभयो। जब परीक्षाको कुरा आउँछ, हामी ती कुराहरू गोप्य राख्छौं, किनकि यसले हामीलाई कसरी नराम्रो देखाउन सक्छ वा हाम्रो छविलाई बिगार्न सक्छ।

अझै पनि यो नमुनाले येशूलाई तीन जना साथीहरू चाहिएको थियो भन्ने देखाउँछ, जोसँग उहाँ पूर्ण रूपमा पारदर्शी(खुलस्त) हुन सक्नुहुन्थ्यो।

तपाईंलाई केही व्यक्तिहरूको सम्बन्ध चाहिन्छ जोसँग तपाईं पूर्ण खुलस्त हुन सक्नुहुन्छ। अनि यो तपाईंको बोलावट र तपाईंको जीवनका लागि एक महत्त्वपूर्ण भाग हो। थोरै मानिसहरू मात्र। 12 जना होइन। यो त्यहीं भएका तीन जना हुन्। हो। यो गाह्रो हुन सक्छ, किनकि तपाईंका कमजोरीहरूको बारेमा खुलस्त हुनुपर्छ, तपाईंका कठिनाइहरूको बारेमा खुलस्त हुनुपर्छ।

कहिलेकहीं हाम्रो घमण्डले खुलस्त हुन दिंदैन। तर पारदर्शी हुँदा तपाईंलाई ठूलो फाइदा हुन सक्छ, किनकि तपाईंलाई सेवकाइका कठिनाइहरू एक्लै बोक्न बोलाइएको छैन। परमेश्वर तपाईंले त्यो एकलै बोक्नुहोस् भन्ने आशा गर्नुहुन्न। त्यसैले उहाँले हाम्रो वरिपरि यस्ता मानिसहरू राख्नुहुन्छ जोसँग हामी बोझ बाँड्चुँड गर्न सक्छौं। जब हामी बोझ बाँड्चुँड गर्छौं, यो स्वतन्त्रता हामीकहाँ आउँछ। हामी अब त्यो हाम्रो प्राणभित्र मात्र राखिरहँदैनौं। तर अब हामी त्यो केही व्यक्तिहरूसँग बताउँछौं र जब केही अन्धकारबाट उज्यालोमा आउँछ त्यहाँ स्वतन्त्रता हुन्छ। त्यहाँ छुटकारा हुन्छ। त्यसबाट आनन्द आउन सक्छ।

तर तपाईं होसियार हुनुपर्छ। तपाईंका ती तीन जना व्यक्ति को-को हुन् भन्ने कुरामा बुद्धि प्रयोग गर्नुपर्छ। येशू धेरै स्पष्ट हुनुहुन्थ्यो। म मेरो हृदयको भित्र के भइरहेको छ त्यो 12 जनालाई बताउने छैनँ। म ती तीन जनालाई बताउनेछु।

यी तीन व्यक्ति तपाईंले चाँडै भेट्टाउनुहुन्न। किनकि सेवकाइ अगुवाको रूपमा यदि तपाईंले आफ्नो मनमा रहेको कुरा गलत मानिसहरूलाई भन्नुभयो भने, यसले तिनीहरूलाई बर्बाद पार्न सक्छ। तिनीहरूमा त्यो कुरा सहने परिपक्वता नहुन सक्छ। तिनीहरूसँग तपाईंको भरोसाको सम्बन्ध नहुन सक्छ। सामान्यतया, तपाईंसँगको सम्बन्ध खुलस्त होला जसमा तपाईं बढ्दै जानुहुन्छ। तपाईंले आफूसँग भएका 12 जनालाई हेर्नुहुन्छ र भन्नुहुन्छ, 'त्यो समूहमा कुन व्यक्तिचाहिं प्रमाणिकता र गहिरो साझेदारी र पारदर्शिताको स्थानमा बढ्न सक्छ? ' त्यसपछि मात्र एक-एक चरण गर्दै, समयअनुसार, विश्वास बढ्दै जान्छ र तपाईंले आफूलाई पारदर्शिताको त्यो ठाउँमा पाउनुहुन्छ। आफैलाई मूल्याङ्कन गर्नुहोस्। के तपाईंसँग तीन जना व्यक्ति छन् जोसँग तपाईं येशूजस्तै बसेर आफ्नो मनको कुरा भन्न सक्नुहुन्छ र जसलाई केही गोप्य रहस्यहरू, केही परीक्षाहरू, केही कठिनाइहरू बताउन सक्नुहुन्छ र त्यसो गर्नका निम्ति त्यो एक सुरक्षित ठाउँ र मजबुत ठाउँ हो भनी जान्नुहुन्छ? किनकि यदि तपाईंले त्यसलाई भ्रमपूर्ण बनाउनुभयो भने यसले तपाईंका लागि मात्र होइन, अरूका लागि धेरै कठिनाइ र धेरै समस्याहरू उत्पन्न गर्नेछ। त्यहाँ 12 जना छन्, जो टुटेका छन्, जोसँग येशूले आफ्नो समय बिताउनुभयो र आफ्नो समय लगानी गर्नुभयो। हामीलाई हाम्रो जीवनमा

टुटेका मानिसहरू चाहिन्छ। हामी तिनीहरूबाट आफूलाई अलग गर्न सक्दैनौं। हामीले टुटेका मानिसहरू र हामी आफैबीच पर्खाल खडा गरेर हाम्रा सेवकाइहरूलाई त्यत्ति ठूला बनाउन सक्दैनौ। हाम्रो जीवनमा येशूलाई अझ बढी जान्नका निम्ति तिनीहरू चाहिन्छ। तर त्यसपछि त्यहाँ तीन जना छन् जोसँग तपाईं खुलस्त हुनुहुन्छ, जसलाई तपाईं आफ्नो मनको कुरा भन्न सक्नुहुन्छ। तर त्यो नमुना त्यत्तिमै समाप्त हुँदैन, किनकि येशूले पत्रुस, याकूब र यूहन्नालाई छोडेर उहाँ पितासँग एक्लै कुराकानी गर्न जानुहुन्छ। पितासँग, पूर्ण रूपमा भिन्नै प्रकारको कुराकानी हुन्छ। तपाईं देख्नुहुन्छ, पिता त्यो व्यक्ति हुनुहुन्छ जसको पुत्रमाथि अधिकार छ।

येशूले यो आफ्ना कुरामा झल्काउनुहुन्छ, जुन बेला उहाँले खासगरी त्यहाँ अर्को कुनै उपाय छ कि भनी सोध्नुहुन्छ, तर म तपाईंको इच्छामा समर्पित छु भन्नुहुन्छ। तपाईंलाई कोही चाहिन्छ जो टुटेको छ। तपाईंलाई त्यो व्यक्ति चाहिन्छ जोसँग तपाईं खुलस्त हुन सक्नुहुन्छ। तर तपाईंलाई यस्तो व्यक्ति पनि चाहिन्छ जसको तपाईंमाथि अधिकार हुन्छ। हामी सबैलाई थाहा छ, कि परमेश्वरको हामीमाथि अधिकार छ, तर हामी मानिस हौं। त्यसैले हामीलाई हाम्रो जीवनमा मानिसहरू चाहिन्छ, केवल थोरै, जो परिपक्व, बुद्धिमान् र अनुभव प्राप्त गर्नेहरू भएकाले हामी तिनीहरूमाथि भरोसा राख्छौं। हामी वास्तवमा उनीहरूलाई अधिकारको स्थान दिन्छौं। यो पद(ओहदा)को अधिकार होइन। ऊ तपाईंका हाकिम मात्र होइन।

तर उनीहरू त्यस्ता व्यक्ति हुन् जसमाथि तपाईं भरोसा गर्नुहुन्छ, उनीसँग परमेश्वरका आत्मा छ भनी जान्नुहुन्छ र तपाईंको जीवनका निम्ति परमेश्वरको योजना के छ भन्नेबारे उनीहरूले भनेको कुरा सही प्रकारले बुझ्न तपाईं उनीहरूका कुरा सुन्नुहुन्छ।

शाऊलले ख्रीष्टियनहरूलाई सताउँदैथिए र त्यसपछि तिनले मुक्ति पाए अनि परमेश्वरले बारनाबासलाई शाऊलको जीवनमा ल्याउनुभयो, जो शाऊलमाथि अधिकारको आवाज थिए, पावलको सेवकाइको सुरुतिर बारनाबासले नै तिनलाई निर्देशन दिए।

दाऊदले बतशेबासँग पाप गरे अनि तिनी त्यसमा यति अन्धो भए र तिनलाई पश्चात्ताप र पुनर्स्थापना गराउन परमेश्वरले नातानलाई अधिकारको आवाजको रूपमा तिनको जीवनमा ल्याउनुभयो भन्ने कुरा समेत तिनलाई थाहा थिएन। अधिकारको यो सम्बन्ध भनेको सल्लाह दिनुमा मात्र सीमित हुँदैन।

परमेश्वरका पुत्र येशूले पितालाई भन्नुहुन्छ,"म तपाईंको इच्छाको अधीनमा छु, मेरो इच्छाको अधीनमा होइन।" वास्तवमा तपाईंले आफ्नो जीवनमा कसैलाई यस्तो स्थान दिनुहुन्छ, कि जब तिनीहरू बोल्छन्, तपाईंले त्यो अधिकारलाई सम्मान गर्नुहुन्छ जुन परमेश्वरले वास्तवमा स्थापना गर्नुभएको हुन्छ। एक पास्टरको रूपमा, मेरो एक जना साथी थिए जो हाम्रो चर्चमा एक असल आत्मिक अगुवा थिए। उनले एउटा घर किन्न लागेका थिए र उनी मकहाँ आए र मलाई आफ्नो आर्थिक अवस्था देखाए र उनी धनी थिए। उनले किन्न लागेका घरको दाम धेरै भयो कि भनी मलाई सोधे। उनी धेरै धनी थिए।

मलाई थाहा भयो, त्यो क्षण उनले मलाई उनको निर्णयमाथि आत्मिक अधिकार दिइरहेका थिए। यदि मैले, "मलाई त्यो दाम धेरै भयो जस्तो लाग्छ" भनेको भए उनले घर किन्ने थिएनन्। मैले उनी आफैले त्यस्तो महत्त्वपूर्ण निर्णय नगरेकोमा उनको प्रशंसा गरें। तर परमेश्वरले हाम्रो जीवनमा मानिसहरू भएको चाहनुहुन्छ र तिनीहरूलाई ल्याउनुहुन्छ, जसलाई हामीले आत्मिक अधिकार दिनुपर्छ। मेरो एकजना साथी छन् जो एक पास्टर हुन् र मैले उनलाई त्यस्तो प्रकारको आत्मिक अधिकार दिएको छु र एक पटक हामी अरू पास्टरहरूको समूहसँग सेवामा थियौं र म सेवामा निराश भएँ र पछि उनले मलाई एकातिर लगेर भने,"जोएल, तपाईंले यस प्रकारका कुराहरू भनेको मैले सुनेको छु," र उनले मैले प्रयोग गर्ने गरेको केही सोर र शब्दहरूका निम्ति होसियार गराए। यदि अरू कसैले पनि त्यसो गर्दछ भने सायद मैले त्यसलाई त्यति गम्भीरतापूर्वक लिनुहुँदैन।

उनी मेरा साथी थिए, जसलाई मैले आफूमाथि आत्मिक अधिकार दिएको थिएँ, जब उनले आफ्ना कुराहरू भने, ती कुराहरूमा गम्भीर वजन थिए र परमेश्वरले मलाई विचार गर्न साथै सिक्न र बढन सहायता गर्नका निम्ति ती कुराहरू प्रयोग गर्नुभयो।

तपाईंको पनि त्यस्तै भूमिका छ? हाम्रो जीवनमा पनि टुटेको कोही व्यक्ति छ भने हामी चाँडै यो कुरा बुझ्दछौं। पारदर्शी(खुलस्त) व्यक्तिहरू छन् भने पनि हामी बुझ्दछौं। तर जब हामीले अधिकार दिएको कसैको अधीनमा बस्ने कुरा आउँछ तब हामी धेरै हिचकिचाउँछौं, किनकि हामी व्यक्तिगत जीवनमा आफ्नो नियन्त्रण गुमाउन चाहँदैनौं।

तिनीहरू हामीसँग सहमत भएर सबैभन्दा ठूलो र महत्त्वपूर्ण भूमिका खेल्छन् भन्ने होइन, तर असहमत हुँदा पनि त्यस्तो भूमिका खेल्छन्। जब तिनीहरूले दिने निर्देशनले हामीलाई हाम्रो सोचको दिशाभन्दा विपरीत हुन्छ तब त्यो धेरै गाह्रो कुरा हुन्छ, किनकि हामीमध्ये कोही पनि आफ्नो निर्णय लिने अधिकार गुमाउन चाहँदैनौं, तर जब तपाईंको जीवनमा कोही हुन्छ जसको आधिकारिक आवाजको अधीनमा तपाईं बस्नुहुन्छ भने त्यो ठूलो फाइदाको कुरा हुन्छ।

तपाईंले बुझ्नुहुन्छ, त्यस बेला तपाईं आवाजको अधीनमा मात्र बसिरहनुभएको हुँदैन।

यो तिनीहरूद्वारा आएको परमेश्वरको आवाज हो। तपाईं यो व्यक्तिलाई मात्र भरोसा गरिरहनुभएको हुँदैन, तर धेरै प्रार्थना र सम्बन्ध अनि समयद्वारा तपाईंले बुझ्नुभएको हुन्छ कि परमेश्वरले यो व्यक्तिलाई तपाईंको जीवनमा ल्याउनुभएको हो र परमेश्वर तपाईंसँग यो व्यक्तिद्वारा बोल्नुहुनेछ। परमेश्वर नै सधैं हाम्रो सर्वोच्च अधिकार हुनुहुन्छ, तर हामी मानिस हौं।

उहाँको आधिकारिक आवाज सबैभन्दा स्पष्ट रूपमा सुन्नका लागि, हामीलाई कहिलेकहीं त्यो आवाज मानिसद्वारा आउनु आवश्यक हुन्छ।

येशूको नमुनाले भन्छ, कि तपाईंलाई अख्तियार भएको व्यक्ति चाहिन्छ। त्यो व्यक्ति तपाईं कहाँ भेट्टाउनुहुन्छ? तपाईं अनुभवद्वारा तिनीहरूलाई भेट्टाउनुहुनेछ। तपाईं जीवनमा सेवकाइ गर्दा विभिन्न आवाजहरू सुन्नुहुनेछ र कुनै-कुनै आवाजहरू वास्तवमा तपाईंका लागि परमेश्वरको तर्फबाट बोलिएको थाहा पाउनुहुनेछ। तिनीहरूले तपाईंलाई ठूलो बुद्धि र ठूलो स्पष्टता दिन्छन्, तर तपाईंले यी आवाजहरू खोज्नुपर्छ र अन्त्यमा तपाईंले साँच्चै तिनीहरूलाई अनुमति दिनुपर्छ। तपाईं तिनीहरूसँग बस्नुहुन्छ र भन्नुहुन्छ, "मलाई मेरो जीवनमा तपाईंको आवाज(सल्लाह) चाहिन्छ र म तपाईंलाई आत्मिक अधिकारको भूमिका खेल्न र मेरो जीवन र मेरो बाटोमा बोल्ने अनुमति दिँदैछु।" अनि जब त्यहाँ त्यो आवाज त्यहाँ हुन्छ, तपाईं त्यो व्यक्तिद्वारा परमेश्वरको आवाजलाई सम्मान गर्नुहुन्छ।

तपाईंसँग तीनवटा सम्बन्ध हुनैपर्छ- 12 जना, 3 जना र 1 जना।

टुटेका मानिसहरू ती हुन् जोसँग तपाईं धेरै खुलस्त हुन सक्नुहुन्छ र एक वा दुई जना त्यस्ता व्यक्तिहरू जसलाई तपाईंले आफ्नो आत्मिक अधिकारको अधीनमा राख्नुहुन्छ।

तपाईंलाई मेरो यो प्रश्न छः के त्यहाँ कुनै सम्बन्धहरूको कमी छ, कुनै हुन नसकेका सम्बन्धहरू छन्, वा धेरै कम सम्बन्धहरू छन्? मेरो अनुभवले मलाई सिकाएको छ, कि संसारमा हामीमध्ये धेरै जनासँग टुटेका मानिसहरू हुन्छन्, तर हामी उनीहरूलाई हाम्रा लागि कतिको आवश्यक छ भनेर महत्त्वपूर्ण रूपमा हेर्दैनौं। हामी उनीहरूका निम्ति आवश्यक छौं भनी सोच्छौं। वास्तवमा तिनीहरू हाम्रा लागि आवश्यक हुन्छन्।

हामीसँग कहिलेकहीं त्यस्ता मानिसहरू हुन्छन् जोसँग हामी खुलस्त हुन सक्छौं र त्यसपछि कहिलेकहीं चोट लाग्छ, विश्वासघात हुन्छ, त्यसैले हामी खुलस्त हुन छाड्छौं र हामी भन्छौं, "म फेरि कहिल्यै कसैलाई मेरो कुराहरू भन्नेछैनँ।" शत्रुले तपाईंलाई निष्क्रिय नबनाओस्।

फेरि बुद्धिमानी बनेर एक-एक चरण गर्दै भरोसा गर्न थाल्नुहोस्, तर तपाईंसँग कुरा गर्न सक्ने साथी भएको स्वतन्त्रता पाउन फेरि भरोसा गर्न थाल्नुहोस्।

सेवकाइमा बोलाइएका धेरैजसो मानिसहरूलाई हुने समस्याहरूमध्ये एउटा आधिकारिक आवाज हो।

तर यो बुझ्नुहोस्, कि परमेश्वरसित तपाईंमाथि अधिकार छ र उहाँले तपाईंलाई उहाँको निर्देशन दिनका निम्ति सही व्यक्ति खोज्नुहुन्छ। तपाईं त्यो सम्बन्ध निर्माण गर्नुहोस्।

परमेश्वरले तपाईंको जीवनमा सही व्यक्ति राख्नुहुनेछ भनेर उहाँमाथि भरोसा राख्नुहोस्। जब तपाईंसँग यी तीन सम्बन्धहरू हुन्छन्, तपाईंले येशूमाथिको आफ्नो विश्वासमा र तपाईंको सेवकाइमा प्रगति गर्नुभएको थाहा पाउनुहुनेछ, येशूले पनि त्यसै गर्नुभयो, किनकि उहाँसँग यी तीन सम्बन्धहरू थिए।

# व्यक्तिगत विकासका लागि येशू नमुना

खम्बाहरूको एक प्रमुख क्षेत्र तपाईंको आफ्नै व्यक्तिगत जीवन र बोलावट हो। त्यसमा, एक अति महत्त्वपूर्ण विषय भनेको तपाईंको आफ्नै व्यक्तिगत वृद्धि र विकास हो, अर्थात् तपाईं कसरी परिपक्व र एक व्यक्तिको रूपमा र तपाईंको सेवकाइमा र बोलावटमा कसरी अझ राम्रो बन्नुहुनेछ भन्ने कुरा हो। येशू आफैले पनि यो गर्नुभएकोले उहाँले हामीलाई यसको एउटा नमुना दिनुहुन्छ। यो कुरा लूका 2:52 मा उल्लेख गरिएको छ। त्यहाँ यसो भनिएको छ। 'अनि येशू बुद्धिमा, कदमा र परमेश्वर र मानिसहरूको अनुग्रहमा बढ्दैजानुभयो।'

यहाँ पाइने क्रिया शब्द 'बढ्दैजानुभयो' को अर्थ उहाँले कहिल्यै बढ्न छोडनुभएन भन्ने हुन्छ। उहाँ परमेश्वरका पुत्र हुनुहुन्छ। हामी सधैं यो कल्पना गर्छौं, कि उहाँको किशोरावस्थाको अन्त्यतिर वा उहाँ 20 वर्षको हुनुहुँदा त्यस्तो अवस्थामा पुग्नुभयो, जुन बेला उहाँ बलिया र असल हुनुभएको थाहा पाउनुभयो र उहाँलाई अझ बढनु आवश्यक भएन। हामी यस्तै सोच्छौं।

तर सुसमाचारका पुस्तकहरूमा लेखिएको छ, येशूले व्यक्तिगत वृद्धि र विकास उहाँको पहिचानको भाग हो भनी जान्नुहुन्थ्यो, यसैले यो हाम्रो पनि पहिचानको भाग हुनुपर्छ। हामी उहाँको नमुनालाई पछ्याउन सक्छौं, तर त्यसो गर्नअघि, हामीले यो प्रश्न पनि गर्नुपर्छ- कुन कुराले हामीलाई हाम्रो व्यक्तिगत विकासका लागि उत्प्रेरित गरिरहेको छ? यसबाट के-के फाइदाहरू हुन्छन्? किनकि धेरै पटक जब हामी राम्रो हुनु, बलियो बन्नु, बढ्दै जानुका फाइदाहरूबारे सोच्दछौं, तब त्यसले हामीलाई अझ दक्ष बनाउँछ, यसले हामीलाई निरन्तर परिवर्तन भइरहने संसारका निम्ति सुहाउँदो बनाउँछ, यसले हामीलाई अझ धेरै मौकाहरू दिन्छ भनी सोच्छौं। ती सबै साँचो कुरा हुन्, तर हामीले आफैलाई सधैं व्यक्तिगत रूपमा बढ्दैजाने स्थितिमा राख्नुको उद्देश्य त्यो होइन। म विश्वास गर्छु, यो हाम्रा लागि एउटा धेरै महत्त्वपूर्ण जग हो। अगुवाहरूको रूपमा, हामी सधैं बढ्नेछौं। तर हामी बढछौं भन्ने कुरा मर्कूस 14 अध्यायको एउटा घटनामा हाम्रो लागि राम्रोसँग देखाइएको छ। येशू भोजन खाँदैहुनुहुन्छ र चेलाहरू त्यहाँ छन् र त्यहाँ एउटी महिला आउँछिन् र उनले महङ्गो अत्तरको शीशी फुटाएर येशूको पाउमा घस्छिन् (अभिषेक/आराधना गर्छिन्), जुन कुरा देखेर चेलाहरू रिसाउँछन्।

पत्रुस र चेलाहरूले यसो भनिरहेका छन्, "पर्ख, यो बेचेर त्यसको पैसा गरिबहरूलाई दिन सकिन्थ्यो। यहूदा भन्छन्, "यो कस्तो बर्बादी हो।" अनि येशूले तिनीहरूलाई रोक्नुभयो र उहाँले तिनीहरूलाई हप्काउँदै भन्नुभयो, "त्यसले मप्रति असल काम गरेकी छ।" त्यहाँ त्यो महिला र उनको कार्य अनि चेलाहरू र यहूदाबीच एउटा भिन्नता छ।

त्यो भिन्नताले हामी व्यक्तिगत वृद्धि र व्यक्तिगत विकास किन गर्छौं भन्ने कुराको पछि रहेको हाम्रो उद्देश्य प्रकट गर्दछ। तपाईंले यहूदालाई देख्नुहुन्छ, हामी जान्दछौं, तिनी सधैं आफ्नो व्यक्तिगत लाभका लागि त्यहाँ थिए। यस घटनाको केही समयपछि तिनी जान्छन् र येशूलाई पक्राउनका निम्ति 30 वटा चाँदीको टुक्रा लिन तयार हुन्छन्। तिनी सधैं आफ्नो फाइदाको पछि थिए। हामी फाइदाका निम्ति मात्र व्यक्तिगत विकासको पछि लाग्दैनौं। हामी यस प्रकारको लाभको विश्लेषण गर्दैनौं। यदि मैले यी अतिरिक्त अध्ययनहरू गर्छु भने, म यति धेरै बुद्धिमान् हुनेछु र त्यसले कुनै न कुनै प्रकारले मलाई फाइदा पुऱ्याउनेछ। व्यक्तिगत विकास भन्ने कुरा आशिष् पाउनका निम्ति मात्र हुँदैन। त्यसपछि तपाईंका चेलाहरू थिए। त्यो समयमा, जुन निस्तार-चाडको समय थियो, त्यो समयको धार्मिक चलनअनुसार गरिबहरूलाई भेटी दिइन्थ्यो। यसैले जब

तिनीहरूले यो धेरै मूल्यको अत्तर येशूमाथि खन्याइएको देख्छन्, तिनीहरूले संस्कृति र गरिबहरूलाई भेटी दिने आवश्यकताबारे सोच्छन्, त्यसैले रिसाउँछन्। त्यसद्वारा हामी संस्कृतिले माग गरेको कुरा गर्न सक्थ्यौं। हामीले आफ्नो धार्मिक कार्य र दायित्व पूरा गर्न सक्थ्यौं भनी सोच्छन्।

कहिलेकहीं त्यो कुरा व्यक्तिगत विकासमा हाम्रो प्रेरणा बन्छ। अनि हामी यदि "म मेरो कर्तव्य र जिम्मेवारीको कारण मेरो बोलावट र सेवकाइमा अझ राम्रो बन्नुपर्छ" भन्छौं भने त्यो एउटा धेरै नराम्रो प्रेरणा हुन्छ।

तपाईंले आफ्नो बोलावटलाई सही ठहराउन वा प्रमाणित गर्न व्यक्तिगत विकास गर्नुहुँदैन।

किनकि तपाईंसँग यहूदा छ, जसले भन्छ,'यसले कसरी मलाई फाइदा पुर्‍याउँछ?' तपाईंसँग चेलाहरू छन्, जसले भन्छन्,'यो हाम्रो कर्तव्य हो। यो हाम्रो जिम्मेवारी हो।'

त्यसपछि तपाईंसँग यो महिला छिन्।

उनले असलपनको कारणले गर्दा यस्तो गरेकी थिइन्।

येशूले यसो पनि भन्नुभयो, "उनले मेरो लागि असल काम गरेकी छ।" त्यहाँ स्वतन्त्रता थियो। त्यहाँ आनन्द थियो। यो कथाले हामीलाई बताउँछ,यस महिलाले अरू मानिसहरूले उनको बारेमा के सोच्छन् भन्ने कुनै वास्ता गरिनन्। उनले कठिनाइ, चुनौती र आलोचना सहनुपर्नेछ भनी उनी जान्दथिन्। त्यसले कुनै फरक पारेन। के तपाईं यस्तो जीवन जिउने कल्पना गर्न सक्नुहुन्छ जहाँ अरूले तपाईंको बारेमा के सोच्छन् भन्ने कुराको तपाईं कुनै वास्ता गर्नुहुन्न? यी महिलाले उदार बनेर यो कार्य गरिन्। त्यो अत्तर सायद उनको परिवारको सम्पत्ति र भविष्यका लागि परिवारको सुरक्षा थियो। उनले ती सबै दिइन्। उनले परमेश्वरले नै जुटाउनुहुनेछ भनी भरोसा राखिन्। उनले येशूमा देखेकी असलपनको कारणले आराधनास्वरूप त्यो कार्य गरिन्। उनको मनमा कुनै डर छैन। उनमा स्वतन्त्रता छ। त्यहाँ यो आनन्द छ। उनी हाम्रा निम्ति हामी किन बढ्न चाहन्छौं भन्ने कुराको एउटा तस्वीर हुन्।

ख्रीष्टियन अगुवाहरूको रूपमा हामी बढन चाहन्छौं र व्यक्तिगत विकासका लागि आफूलाई समर्पण गर्न चाहन्छौं, तर कर्तव्य र जिम्मेवारी सम्झेर होइन बरु येशूको असलपन(सुन्दरता)का निम्ति उहाँको आराधना र महिमाका निम्ति त्यसो गर्दछौं।

येशूले मर्कूस 14 अध्यायमा यस महिलाको बारेमा बोल्दै भन्नुहुन्छ, "उनले जे गर्न सक्थी, त्यही गरेकी छ।" येशू जसरी बढनुभयो म त्यसरी नै बढ्नुपर्छ, किनकि त्यसो गर्दा नै उहाँको महिमा हुन्छ।

कहिले सेवकाइमा, कहिले ख्रीष्टियन अगुवाहरूको रूपमा प्रभुसँग हाम्रो सम्बन्ध धेरै परिचित हुन्छ।

कहीं न कहीं त्यो सुन्दरता(असलपना) घटेको हुन्छ।

हामी यस महिलालाई देखेर भन्छौं, "वाह, म पनि त्यसै गर्ने गर्थें।" हामी व्यक्तिगत विकास र वृद्धि साथै येशूको नमुनासम्बन्धी हाम्रो अध्ययनमा हामीलाई कुन कुराले प्रोत्साहित गर्छ- कर्तव्य वा जिम्मेवारीले होइन, व्यक्तिगत लाभले होइन, तर उहाँको सुन्दरताले उहाँको महिमा हुँदछ भन्ने कुराद्वारा जग बसाल्दै सुरु गर्दछौं। त्यस जगमाथि हामी लूका 2:52 मा हामीलाई दिइएको उहाँको नमुनालाई पछ्याउन सक्छौं। यस पदले हामीलाई येशू बढ्दैजानुभएको चारवटा विशेष क्षेत्रहरू देखाउँछ। ख्रीष्टियन अगुवाहरू, ख्रीष्टियन सेवकहरूको रूपमा हामी चार क्षेत्रहरूमा बढनु आवश्यक छ। पहिले, यसले भन्छ, "उहाँ बुद्धिमा बढ्नुभयो। उहाँ आफ्नो ज्ञान(विचार)मा बढ्नुभयो। उहाँ आफ्नो ज्ञानमा बढनुभयो। उहाँ झन्-झन् वृद्धि हुँदै र बढदैजानुभयो। उहाँ आफ्नो समझमा बढ्दैजानुभयो।"

जब तपाईं आफ्नो नेतृत्वमा बढ्दैजानुहुन्छ, तब तपाईं आफ्नो दिमागमा बढ्नु पनि साँच्चै महत्वपूर्ण हुन्छ, जसले गर्दा तपाईं येशूले तपाईंलाई दिनुभएको दिमागद्वारा अझ राम्रो सोचविचार गर्न तपाईंको दिमागमा बढनुहुनेछ।

अझ जोरदार र अझ राम्रोसँग सोचविचार गर्नु भनेको वास्तवमा तपाईंद्वारा काम गर्नुहुने पवित्र आत्माको विरोध गर्नु होइन। यो वास्तवमा पवित्र आत्मालाई तपाईंद्वारा बोल्न र तपाईंद्वारा काम गर्नका लागि अझ धेरै मौकाहरू दिनुजस्तै हो, किनकि के भइरहेको छ भन्ने कुरा तपाईं स्पष्ट बुझ्नुहुन्छ।

यदि तपाईं मस्तिष्क सर्जनकहाँ जान पर्‍यो भने तपाईं त्यस्तो सर्जन खोज्नुहुन्छ जसले मस्तिष्कको बारेमा अध्ययन गरेर सबै कुरा जानेका र मस्तिष्कको शल्यक्रिया पनि गर्न जानेको हुन्छ। तपाईं भर्खरै त्यो काम गर्ने कोसिस गरिरहेको डाक्टरकहाँ जान चाहनुहुन्न।

तपाईंसँग एउटा बोलावट र सेवकाइ छ। तपाईं विशेष प्रकारका मानिसहरूसँग काम गर्दैहुनुहुन्छ। तपाईंले विशेष प्रकारका कार्यक्रमहरू गर्दैहुनुहुन्छ।

तपाईंले जे गर्नुहुन्छ त्यस विषयमा अध्ययन गर्नुहोस्, सिक्नुहोस्, होसियार बन्नुहोस्, र त्यसबारे धेरै ज्ञान प्राप्त गर्नुहोस्। त्यसो गरेर तपाईंले पवित्र आत्मालाई तपाईंको दिमागमा ठूलो संसाधन दिइरहनुभएको हुन्छ, जसको कारण तपाईं स्पष्ट रूपमा सोच्न र सुन्न सक्नुहुन्छ र तपाईंले बुद्धिमा बढिरहनुभएकोले साँच्चै असल निर्णयहरू गर्न सक्नुहुन्छ।

त्यहाँ येशू बढनुभयो भन्ने एउटा सामान्य कुरा छ, त्यो भनेको उहाँ वास्तवमा आफ्नो शारीरिक कदमा बढनुभयो भन्ने हो।

येशूका लागि उहाँको भौतिक पहिचान र उहाँको भौतिक शरीरमा ध्यान दिनु महत्त्वपूर्ण थियो।

प्रायः हाम्रो नेतृत्व र हाम्रो सेवकाइमा हामी आफ्नो भौतिक शरीरलाई येशूले झैं सम्मान गर्दैनौं र ध्यान दिंदैनौं।

हामीले बुझ्नुपर्छ, भौतिक शरीर परमेश्वरका लागि धेरै महत्त्वपूर्ण हुन्छ। यो उहाँको विचार थियो। उहाँले सबै मानव जातिका लागि आफ्नो स्वरूप प्रकट गर्न चाहनुहुन्थ्यो। त्यसैले उहाँले आफ्नै स्वरूपमा नर र नारी सृष्टि गर्नुभयो। शरीर साँच्चै परमेश्वरका लागि महत्त्वपूर्ण छ। शरीर परमेश्वरका लागि यति महत्त्वपूर्ण छ कि उहाँले भन्नुहुन्छ कि हामी भयानक र अचम्मरीतिले बनाइएका छौं अनि परमेश्वरले तपाईंको शरीरलाई कसरी हेर्नुहुन्छ र तपाईं आफ्नो शरीरलाई कसरी हेर्नुहुन्छ भन्ने कुरा नबुझेसम्म परमेश्वरमा तपाईंको सुन्दरता र पहिचान कहिल्यै बुझ्न सक्नुहुनेछैन। धेरै मानिसहरू ऐनामा हेर्छन् र जब तिनीहरू आफ्नो शरीरलाई हेर्छन्, तिनीहरू शर्म अनुभव गर्छन् र त्यसबाट बच्नका निम्ति तुरुन्त त्यहाँबाट हिंडिहाल्छन्। तर परमेश्वरले तपाईंलाई सुन्दर देख्नुहुन्छ र उहाँले शरीरलाई दिनुभएको महत्त्वलाई तपाईंले बुझ्नुपर्छ। उहाँले तपाईंलाई कसरी सृष्टि गर्नुभयो भन्ने कुरा केही नबुझी तपाईं ख्रीष्टमा को हुनुहुन्छ भन्ने कुरा कहिल्यै थाहा पाउनुहुनेछैन। शरीर परमेश्वरका लागि यति महत्त्वपूर्ण छ कि उहाँले आफ्नै लागि एउटा शरीर सृष्टि गर्नुभयो, अनि परमेश्वरका पुत्र मानिसको शरीरमा तपाईं र मजस्तै भौतिक शरीरमा आउनुभयो। शरीर यति महत्त्वपूर्ण छ कि जब येशू मर्नुभयो र पुनरुत्थान गर्नुभयो, उहाँ केवल एउटा आत्मिक प्राणी हुनुहुन्नथियो। उहाँको एउटा शरीर थियो। शरीर परमेश्वरका लागि यति महत्त्वपूर्ण छ कि अनन्तकालमा हामीसँग शरीरहरू हुनेछन्। ती शरीरहरू नयाँ शरीरहरू हुनेछन्, जुन सुन्दर शरीरहरू हुनेछन्, तापनि ती भौतिक शरीर हुनेछन्। हामी डिजिटल प्राणी मात्र हुनेछैनौं। त्यसैले म भन्छु, यी सबै कुराले शरीरको मूल्य र महत्त्व बुझाउँछ। व्यावहारिक रूपमा, यो पनि धेरै महत्त्वपूर्ण छ, कि जब तपाईं राम्रोसँग सुत्नुहुन्न र आफ्नो शरीरलाई आराम दिनुहुन्न, तब प्रभुको आवाज सुन्न साँच्चै कठिन हुन्छ।

जब तपाईं राम्रोसँग खाइरहनुभएको हुँदैन र जब तपाईंको शरीरले परमेश्वरले चाहनुभएको जस्तो प्रकारले काम गरिरहेको हुँदैन, तब परमेश्वरले तपाईंलाई दिनुभएको सेवकाइ पूरा गर्ने ऊर्जा पाउन धेरै गाह्रो हुन्छ। लूका 2 अध्यायमा भनिएको छ, कि येशू उहाँको शारीरिक कदमा बढ्नुभयो।

तपाईंलाई थाहा छ, बाइबलले यस्तो शिक्षा दिंदैन, तर कहिलेकहीं म सोच्ने गर्छु कि उहाँले क्रूसको सामना गर्नुहुने क्रूरता र उहाँलाई क्रूसमा टाँग्नअघि उहाँलाई गरिने कुटपिट र कोर्राबाजी सहनका निम्ति उहाँको शरीर बलियो हुनुपर्छ भनेर उहाँले जान्नुहुन्थ्यो कि!

शरीर परमेश्वरका लागि महत्त्वपूर्ण छ। यो हाम्रा लागि पनि महत्त्वपूर्ण हुनुपर्छ।

त्यसैले तपाईंले आफ्नो भौतिक शरीरलाई हेर्दा त्यसलाई राम्रोसँग व्यवहार गर्नुहोस्। त्यसबारे सचेत हुनुहोस् र स्वस्थ रहनुहोस् र स्वस्थ बन्नुहोस्, किनकि परमेश्वरले हाम्रा सबै आत्मा, मन, शरीर, हृदय, आत्मा, सबै एकसाथ जोडेर सृष्टि गर्नुभएको छ। हाम्रो शरीरको महत्त्व छ र त्यसले उहाँको महिमा गर्दछ।

त्यसपछि त्यो पदले उहाँ परमेश्वरको अनुग्रहमा बढ्नुभयो पनि भन्दछ। यसको अर्थ उहाँ आत्मिक रूपमा बढ्नुभयो। उहाँ बुद्धिमा, मानसिक रूपमा, ज्ञानमा बढनुभयो। उहाँ बुद्धिमान् हुनुभयो। उहाँ शारीरिक कदमा बढनुभयो, उहाँले शरीरद्वारा जे गर्नुपर्थ्यो त्यो गर्न शारीरिक रूपमा उहाँ बढनुभयो। उहाँ परमेश्वरको अनुग्रहमा बढनुभयो। उहाँ आत्मिक रूपमा बढ्नुभयो।

यो मेरो लागि एक आकर्षक विचार हो। परमेश्वरका पुत्र पितासँग घनिष्ठतामा बढ्दैजानुभयो।

उहाँले हामीलाई देखाउनुभएको नमुना धेरै महत्त्वपूर्ण बन्छ, त्यो हो हामीले हाम्रो आत्मिक निर्माण र हाम्रो आत्मिक विकासलाई प्राथमिकता दिनुपर्छ। मैले यो धेरै पटक सेवकाइका अगुवाहरूले, विशेष गरी युवाहरूले गरेका देखेको छु।

तपाईं सेवकाइमा सुरु गर्नुहुन्छ र तपाईंसँग ठूल्ठूला मागहरू गरिन्छ। ती मागहरूमा एउटा धेरै समय दिनुपर्ने मागहरू पनि हुन्छन्। गर्नुपर्ने कामहरू धेरै हुन्छन्। अनि आज, यो हप्ता पूरा गर्नुपर्ने मागहरू हुन्छन्। यी कामहरू गरिनुपर्छ। जब हाम्रो जीवनमा यस्तो अवस्था हुन्छ, त्यस बेला सबैभन्दा पहिले बलि चढने भनेको येशूसितको हाम्रो सम्बन्ध, अर्थात् परमेश्वरको अनुग्रहमा बढने कुरा नै हुन्छ। किनकि हामीसँग अहिले रहेको सम्बन्धले हामीलाई केही समयसम्म टिकाउन सक्छ। हामी आफ्नो मनमा सधैं यस्तो सोचिरहेका हुन्छौं, "अहो, तपाईंलाई थाहा छ, म चाँडै शबाथका निम्ति समय निकाल्नेछु। म चाँडै प्रार्थना गर्नेछु र बाइबल पढ्नेछु।"

तर त्यो चाँडै भनेको समय कहिल्यै नआएको जस्तो लाग्छ। यदि तपाईं होसियार हुनुभएन भने तपाईंको हृदय सुक्न थाल्छ र तपाईंको आत्मा सुक्खा हुन थाल्छ। येशूलाई उहाँले हरप्रकारका आत्मिक कठिनाइहरूको सामना गर्नुहुनेछ भनी थाहा थियो। त्यसैले सबैभन्दा महत्त्वपूर्ण कुरा, व्यक्तिगत वृद्धि र व्यक्तिगत विकास, परमेश्वरको अनुग्रहमा बढ्दैजानु हो। हामी सबै कुराभन्दा आत्मियतालाई महत्त्व दिने अगुवाहरू हुनुपर्दछ। किनकि सबैभन्दा पहिलो र महत्त्वपूर्ण कुरा तपाईंको सेवकाइ मानिसहरूका लागि होइन। तपाईंको सेवकाइ कुनै कार्यक्रम वा संस्थाका लागि होइन। तपाईंको सेवकाइ परमेश्वरका लागि हो। सेवकाइ भनेको यही हो। यदि हामीले येशूको नमुना पछ्याउँछौं भने त्यो अझ बुद्धिमान् बन्नु र किताबहरू पढ्नु र सुन्ने सामग्रीहरू सुन्नु मात्र होइन। यो केवल हाम्रो भौतिक शरीरमा राम्रो हुने विषय होइन, तर यो परमेश्वरको अनुग्रहलाई प्राथमिकता दिने कुरा हो।

यसरी नै हामी सधैं बढ्न चाहन्छौं। यदि तपाईं जिम (व्यायामशाला)मा जानुहुन्छ र तपाईं निश्चित व्यायाम गर्नुहुन्छ भने, तपाईंको शरीर यस्तो हुन्छ कि जुन व्यायाम गर्न छ महिना अघि तपाईंलाई गाह्रो हुन्थ्यो त्यो अब सजिलो हुन्छ। त्यसैले तपाईंले अब नयाँ प्रकारको व्यायाम खोज्नुपर्छ, जसले तपाईंलाई बढ्दै जान चुनौती दिन्छ। सेवकाइ नेतृत्वमा, जब परमेश्वरसँगको हाम्रो घनिष्ठताको कुरा आउँछ तब यो कुरा महत्त्वपूर्ण हुन्छ। तपाईं एक स्थानमा पुग्नुहुन्छ जहाँ तपाईं बाइबल पढ्नुहुन्छ, प्रार्थना गर्नुहुन्छ, तपाईंसँग एक निश्चित स्तरको आत्मियता, परमेश्वरसँगको अनुग्रह हुन्छ। तर त्यसपछि तपाईंले त्यो सीमा केही बढाउनुपर्छ। म

उहाँलाई अझ धेरै जान्न कसरी बढन सक्छु? म उहाँसँग अझ नजिक हुन कसरी बढन सक्छु? म कसरी उहाँलाई अझ ठूलो महिमा दिन सक्छु? तपाईंले त्यो सीमा बढाउँदै लैजानुपर्छ। येशूले परमेश्वरको अनुग्रहमा झन्-झन् बढी निरन्तर बढ्दै जानुभयो।

त्यसपछि अन्त्यमा, एक ख्रीष्टियन अगुवाहरूको रूपमा यो यस्तो कुरा हो जसलाई हामी प्रायः पूर्ण रूपमा बेवास्ता गर्छौं- येशू मानिसहरूको अनुग्रहमा बढ्नुभयो। उहाँ परमेश्वरसित उहाँको सम्बन्धमा, उहाँको शारीरिक स्वास्थ्यमा र उहाँको मानसिक क्षमतामा मात्र बढनु भएन।

येशूलाई उहाँको व्यक्तिगत विकास नमुनाको हिस्सा सामाजिक थियो भन्ने थाहा थियो।

यो सम्बन्धमा नै उहाँले हामी सबै मानिसहरूसँग कसरी बातचित गर्छौं त्यस तरिकामा हामी बढ्नुपर्छ भनी जान्नुभयो। मानिसहरूसित व्यवहार गर्ने कलामा हामी अझ राम्रो हुनुपर्छ। हामीले मानिसहरूलाई बुझ्ने कुरामा राम्रो हुनुपर्छ। हामी मानिसहरूलाई चिन्ने कुरामा अझ राम्रो हुनुपर्छ। हामी सुन्न र उत्तम प्रश्नहरू सोध्न अझ राम्रो हुनुपर्छ। हामी जुन बातचित गर्छौं त्यसलाई ठूलो महत्त्व दिनुपर्दछ।

त्यसैले हामी आफैलाई अझ राम्रो हुने यो बाटोमा लगाउँछौं। प्रेरित अध्याय 13 अध्यायमा एक ठूलो तस्वीर छ, पाँच वा छ जना मानिस एउटा कोठामा भेला भएका छन्। बारनाबास र शाऊल त्यहाँ अरू केही व्यक्तिसँग छन्। तपाईं त्यसलाई मानिसहरूको एउटा झुण्ड भन्न सक्नुहुन्छ। तिनीहरू भेला भएर परमेश्वरको आराधना गरिरहेका छन् र तिनीहरूले परमेश्वरको वचन पढिरहेका छन्। अनि तिनीहरूले बारनाबास र शाऊलमाथि हात राख्छन् र तिनीहरूलाई प्रचार कार्यमा पठाउँछन्। मैले यो 13 अध्यायको चित्रलाई अध्यायको सुरुमा आत्मिक साथीहरूलाई ईश्वरीय उद्देश्यका लागि पवित्र भेटघाटहरू गरेको रूपमा वर्णन गरेको छु। यी साथीहरू थिए, तर तिनीहरू आत्मिक साथीहरू थिए, तर तिनीहरूले यो पवित्र भेटको बारेमा बताइरहेका थिए। तिनीहरू त्यो कोठामा परमेश्वरसँग भेटिरहेका थिए, तर त्यहाँ त्यसको एउटा ईश्वरीय उद्देश्य थियो। तिनीहरूले पावल र बारनाबासलाई बाहिर पठाउँदैथिए। येशूको वृद्धिको नमुनामा उहाँ मानिसहरूको अनुग्रहमा बढ्नुभयो भनिएको छ, मलाई लाग्छ कि यसले हामीलाई प्रेरित 13 अध्यायबाट यो तस्वीर दिइरहेको छ।

ख्रीष्टियन अगुवाहरूको रूपमा हाम्रा लागि परमेश्वरको इच्छा हामीसँग आत्मिक साथीहरू होस्, ताकि हाम्रो एकसाथ यस्ता पवित्र भेटघाटहरू होस् र त्यहाँ ईश्वरीय उद्देश्य होस् भन्ने छ। तपाईं यसलाई कसरी बढ्न आवश्यक छ भनेर मूल्याङ्कन गर्ने साधनको रूपमा प्रयोग गर्न सक्नुहुन्छ? म कसरी अझ राम्ररी येशूको नमुना पछ्याउन सक्छु?

येशू यी चार क्षेत्रमा बढनुभयो। उहाँ आफ्नो ज्ञानमा, बुद्धिमा बढनुभयो। उहाँ शारीरिक कद बढनुभयो। उहाँले जुन कुरा सहनु पर्थ्यो त्यसका निम्ति आफ्नो शरीरलाई वास्ता गर्नुभयो। उहाँ परमेश्वरको अनुग्रहमा बढनुभयो। त्यो उहाँका निम्ति उच्च प्राथमिकता बन्यो। उहाँको आत्मियता सधैं बढ्दैजाँदैछ। उहाँ अरू मानिसहरू, आत्मिक साथीहरू, ईश्वरीय उद्देश्यका लागि पवित्र भेटघाटमा भाग लिंदै उनीहरूको अनुग्रहमा बढनुभयो।

मलाई लाग्छ, यी चार क्षेत्रहरू अर्को एउटा पदमा पनि झल्किएको छ जुन सबै सुसमाचारका पुस्तकहरूमा पाइन्छ, जहाँ बाइबलले हामीलाई आफ्नो मन, हाम्रो शरीर, हाम्रो हृदय र हाम्रो प्राणले परमप्रभु हाम्रा परमेश्वरलाई प्रेम गर्नुपर्छ भन्दछ।

यसले येशूको नमुना झल्काएको जस्तो देखिन्छ, व्यक्तिगत विकास वास्तवमा हाम्रो बुद्धि, हाम्रो शरीर, हाम्रो आत्मिक घनिष्ठता र हाम्रा सम्बन्धहरूद्वारा ख्रीष्टलाई प्रेम गर्नु हो। अब, म तपाईंलाई आफ्नो व्यक्तिगत विकास नमुनामा अगाडि बढनका निम्ति केही व्यावहारिक सल्लाहहरू दिन्छु। तपाईंले चारैवटा एक समान रूपले गर्न सक्नुहुन्न। हाम्रो जीवनमा समय(मौसम)हरू छन्। मौसममा ध्यान दिनुहोस् र तपाईंलाई मार्गदर्शन

गर्न पवित्र आत्मालाई मौका दिनुहोस्। तपाईं जुन समयमा हुनुहुन्छ त्यसमा यी चारमध्ये कुन एउटालाई तपाईंले प्राथमिकता दिनुपर्छ, जसको कारण तपाईं त्यसको विकासमा साँच्चै ध्यान दिन सक्नुहुन्छ? यो गर्न तपाईं पर्याप्त समय लिनुहोस्। त्यो बिस्तारै गर्नुहोस्। मैले तपाईंलाई लूका 2 अध्यायमा येशू 'बढदै जानुभयो' भन्ने पदमा बताएझैं त्यो वाक्यांश एक निरन्तर क्रिया हो। उहाँ बढन कहिल्यै रोकिनुभएन। तपाईंको अगाडि बढ्नका लागि तपाईंको सारा जीवन बाँकी छ। यसैले ठीक गतिमा तपाईंको वृद्धि गर्दैजानुहोस्। त्यो एउटा आराधनाको कार्य हो।

यो सुन्दरताको एक कार्य हो। यो प्रेमको कार्य हो। आफैलाई फराकिलो बनाएर बढाउनुहोस्।

अरू सँगसँगै बढनुहोस्। येशूले हामीलाई एउटा नमुना दिनुहुन्छ। उहाँले आफै नगर्नुभएको काम हामीलाई गर्न लाउनुहुन्न। तपाईंको बुद्धिमा बढनुहोस्। तपाईंको शारीरिक कदमा बढनुहोस्। परमेश्वरसँग तपाईंको घनिष्ठतामा बढनुहोस्। अरू सँगको तपाईंको सम्बन्धमा बढनुहोस्। जब तपाईं त्यसो गर्नुहुन्छ, तपाईं येशूको पाउमा सुगन्धित अत्तर घस्ने महिलाजस्तो बन्नुहुनेछ।

तपाईंले उहाँका निम्ति एउटा सुन्दर कुरा गर्नुहुनेछ, किनकि तपाईंले आफैलाई एक जिउँदो बलिको रूपमा उहाँमा अर्पण गर्नुभएको छ।

यसद्वारा उहाँको ठूलो महिमा हुनेछ र यसले तपाईंलाई ठूलो आनन्द दिनेछ।

# परमेश्वरसँग व्यक्तिगत कुश्ती

खम्बाहरूमा एक प्रमुख विषयवस्तु तपाईंको व्यक्तिगत जीवन, तपाईंको व्यक्तिगत बोलावट हो। तपाईंको व्यक्तिगत जीवनको र सेवकाइमा बोलावटको एउटा क्षेत्र भनेको तपाईंले परमेश्वरसँग कसरी भेट गर्नुहुनेछ भन्ने हो। परमेश्वरसँग भेट नगरी तपाईंले दिनुपर्ने धेरै केही हुँदैन, त्यत्ति धेरै परिवर्तन हुँदैन।

त्यसैले परमेश्वरसँगका भेटहरू तपाईंको व्यक्तिगत जीवन र तपाईंको बोलावटका लागि धेरै महत्त्वपूर्ण हुन्छन्। अनि बाइबलले सिकाउँछ, साथै अनुभवद्वारा हामी जान्दछौं, हामीले परमेश्वरलाई भेट्ने धेरै तरिकाहरू छन्। हामी आराधनाद्वारा भेट गर्छौं, हामी वचनद्वारा भेट गर्छौं, हामी पवित्र आत्माद्वारा भेट गर्छौं। हामीले उहाँको सेवा गर्दै उहाँसित भेट गर्छौं। तर त्यहाँ अर्को एउटा तरिका छ, विशेष गरी सेवकाइमा, जुन हामीले बुझ्नुपर्छ। किनकि वास्तवमा हामी यसलाई परमेश्वरसँग भेटने क्षणको रूपमा हेर्दैनौं। हामीले यसलाई गुमायौं भने परमेश्वरले हाम्रा लागि जे गर्नुभएको छ त्यो पनि गुमाउनेछौं। तपाईंहरूमध्ये कतिले अहिले नै परमेश्वरसँग भेट गरिरहनुभएको होला तर तपाईंलाई त्यो थाहा नहुन सक्छ।

त्यो यही हो कि परमेश्वरले हामीसँग कुश्ती लडेर हामीसँग भेटनुहुन्छ। परमेश्वरले हामीलाई आशिष् दिन चाहनुहुन्छ। उहाँले हामीलाई शान्ति, विश्वास र आनन्द, सुरक्षा र विश्वास र बोलावटका साथ उहाँको प्रशस्त भलाइसहित सित्तैंमा आशिष् दिन चाहनुहुन्छ। तर कहिलेकहीं यस्ता समयहरू हुन्छन् जब परमेश्वरले हामीलाई आशिष् दिनुहुन्छ भनी भरोसा गर्नुको सट्टा हामी बाहिर जान्छौं र त्यो आफ्नै बुतामा प्राप्त गर्ने कोसिस गर्दछौं। हामी उहाँका सित्तैंमा पाइने आशिषहरूलाई अस्वीकार गर्छौं र हामी त्यो आफ्नै शक्ति, हाम्रो आफ्नै चलाखीद्वारा प्राप्त गर्ने कोसिस गर्छौं। जब हामी त्यसो गर्छौं, तब परमेश्वरसँग हामीसित कुश्ती लडनुबाहेक अर्को विकल्प हुँदैन।

मेरो विवाहको सुरुसुरुमा केही समस्या भयो। मेरी पत्नी अति नै उदार हृदयकी छन्। उदार हुने कुरामा हामी पति-पत्नीलाई केही कठिनाइहरू, केही तनाउहरू भए। हामीले सधैं दशांश दिन्थ्यौं, हामी ख्रीष्टियन थियौं र हामीले सधैं दिन्थ्यौं। तर म भन्थें,"हामीले बुद्धि चलाउनुपर्छ। हामीले भविष्यका निम्ति तयारी गर्नुपर्छ।" म सोच्छु, त्यो बेला मैले पत्नीसँग पैसा र कति दिने भन्ने विषयमा झगडा गरिरहेको थिएँ।

मैले बुझें, वास्तवमा म मेरी पत्नीसँग झगडा गरिरहेको थिइनँ। म परमेश्वरसँग लडिरहेको थिएँ। मैले उहाँको आशिष् सित्तैंमा प्राप्त नगर्ने निर्णय गरेकोले मैले परमेश्वरसँग झगडा गरिरहेको थिएँ। पुरानो करारमा एउटा घटना छ, जसले यो कुरालाई चित्रण गर्दछ। यो याकूबको कथा हो। याकूब सधैं त्यस्ता व्यक्ति थिए, जसले आफ्नो जीवन र उद्देश्यलाई आफूले चाहेको परिणाम पाउनका लागि नियन्त्रण र चलाखी गर्न चाहन्थे। अब त्यो नतिजालाई परमेश्वरले आशिष् दिन चाहनुहुन्थ्यो। परमेश्वरले तिनलाई जन्मसिद्ध अधिकार, तिनले अनिवार्य रूपमा पाउने आशिष् दिन चाहनुहुन्थ्यो। तर परमेश्वरले तिनलाई ती आशिषहरू दिनुहुनेछ भनी भरोसा गर्नुको सट्टा, याकूब अगि सरेर आफै ती प्राप्त गरे।

याकूबको कथा तिनी आमाको गर्भमा हुँदादेखि कै सुरु हुँदछ, जुन बेला आमाको गर्भमा तिनले आफ्ना दाजुको कुर्कुच्चो समातेका थिए। अनि याकूबले जन्मसिद्ध अधिकार र आशिषहरू पाउनका निम्ति आफ्ना दाजु र परिवारका सदस्यहरूलाई धोका दिन्छन्। आफूले चाहेको पत्नी पाउने कोसिसमा तिनले धोखा दिन्छन् र तिनले अर्कै पत्नी पाउँछन्। हामी होसियार नहुँदा धेरै पटक सेवकाइमा हाम्रो जीवन पनि प्राय: यस्तै हुन्छ। हामी चलाखी गर्छौं, हामी नियन्त्रण गर्छौं, परमेश्वरले हमीलाई यी कुराहरूले आशिष दिन चाहनुहुन्छ भनी नबुझेर हामी आफूले चाहेको कुरा प्राप्त गर्न आफ्नै युक्तिले काम गर्दछौं।

उहाँका छोराछोरीले उहाँको सित्तैंको आशिष् लिन इन्कार गर्दै र बाहिर गएर आफैले आशिष् प्राप्त गर्ने कोसिस गरे भने परमेश्वरले के गर्नुहुन्छ?

उहाँ हामीसँग कुस्ती लडनुहुन्छ। त्यो कथा उत्पत्ति 32 अध्याय वर्णन गरिएको छ, जहाँ याकूब धरै वर्षपछि आफ्ना दाजु एसावलाई भेट्न जान्छन् र याकूब अहिले धेरै डराउँछन्, किनकि तिनले आफ्ना दाजुको जन्मसिद्ध अधिकार र आशिष् चोरेका छन् र धोखा दिएका छन्। अब तिनले भोलिपल्ट दाजुलाई भेट्नुपर्छ र तिनले आफ्नो परिवारका सबै सदस्यहरू र आफ्ना सबै सरसामानहरू नदीपारि पठाउँछन्। र याकूब एक्लो छैनन् र परमेश्वरले तिनीसँग कुश्ती लडनुहुन्छ। उत्पत्ति 32 अध्यायको यस कथामा, परमेश्वर हामीसँग कसरी कुश्ती लड्नुहुन्छ भन्ने सम्बन्धमा सेवकाइको हाम्रो आफ्नै तस्वीर छ, यसलाई परमेश्वरले हामीसँह गुनुहुने एक मुठभेटको रूपमा बुझ्नुपर्छ। यो कथामा साँच्चै तीन भाग छन्। त्यहाँ लडाइँ, आत्मसमर्पण र विजय छ।

सेवकाइका अगुवाहरूको रूपमा जब परमेश्वरले कुश्ती खेलद्वारा हामीसँग मुठभेट गर्नुहुन्छ, हामीसँग लडाइँ हुनेछ, हामी यसमा छौं भनी जानेर हामी आत्मसमर्पण गर्छौं र त्यसपछि विजय हुन्छ, त्यसद्वारा परमेश्वरले हामीलाई आशिष् दिनुहुन्छ। पहिलो, त्यहाँ लडाइँ हुन्छ। याकूबले परमेश्वरले तिनलाई आशिष् र जन्मसिद्ध अधिकार दिनुहुन्छ भनेर विश्वास गरेनन्, तिनी आफै गएर यो प्राप्त गर्नुपर्‍यो। धर्मशास्त्रले हामीलाई सिकाउँछ, परमेश्वर अति नै असल पिता हुनुहुन्छ।

उहाँ तपाईंलाई शान्ति दिन चाहनुहुन्छ।

तर उहाँले शान्ति दिनुहुन्छ भनी विश्वास नगरेर हामी बाहिर जान्छौं र त्यो प्राप्त गर्दछौं। हामी परिस्थितिहरूलाई हेरफेर गर्दछौं र हामीमा मानसिक शान्ति होस् भनेर पैसालाई टाढा राख्ने कोसिस गर्दछौं, हृदयमा शान्ति होस् भनेर सम्बन्धहरूमा चलाखी गर्दछौं।

परमेश्वर भन्नुहुन्छ,'म तिमीलाई यसद्वारा आशिष् दिन चाहन्छु।' उहाँले हामीलाई अनुग्रह, आत्मियताको साथ आशिष् दिनुहुन्छ, तर हामी बाहिर गएर त्यो प्राप्त गर्दछौं। त्यसकारण हामी असल ख्रीष्टियनहरू हौं, हामी उहाँको अनुग्रहका योग्य छौं भनी परमेश्वरलाई प्रमाणित गर्न हामीले जे गर्न सक्छौं त्यो गर्दछौं। उहाँ हामीले त्यो कुरा प्रमाणित नगरी हामीलाई आशिष् दिन चाहनुहुन्छ। परमेश्वरले तपाईंलाई समृद्धिको आशिष् दिन चाहनुहुन्छ, तर हामी त्यो आशिषमा भरोसा गर्दैनौं।

त्यसैले हामी समृद्धि पाउनका निम्ति परमेश्वरको आशिषमा भरोसा गर्नुको सट्टा हाम्रो रूपियाँपैसालाई यस्तो प्रकारले नियन्त्रण र व्यवस्थापन गर्ने कोसिस गर्छौं जसद्वारा हामीलाई समृद्धि मिलोस्। जब हामी उहाँको आशिषलाई अस्वीकार गर्छौं र आफैलाई नियन्त्रण गर्ने, यहाँसम्म कि चलाखी गर्ने स्थानमा राख्छौं तब परमेश्वर त्यसरी हामीसँग कुश्ती लडनुहुन्छ जसरी उहाँ याकूबसँग लड्नुभयो। जब तपाईं उत्पत्ति ३२ अध्यायमा त्यो कथा पढ्नुहुन्छ, तपाईं परमेश्वरबाट हुने कुश्ती अति व्यक्तिगत भएको थाहा पाउनुहुनेछ। तपाईंको पक्ष लिएर कोही पनि त्यो कुश्ती लडन सक्दैन।

परमेश्वर तपाईंसँग धेरै सोझै र जोरदार रूपमा कुश्ती लडनुहुन्छ। त्यसमा गलित, थकित बनाउने कोसिस हुन्छ। मैले के कुरा गरिरहेको छु तपाईं बुझ्नुहुन्छ, जब तपाईं कुश्ती लड्नुपर्ने यस्तो समयमा हुनुहुन्छ तब तपाईं केही परिस्थितिहरू बुझ्ने कोसिस गर्नुहुन्छ। त्यस बेला अझ ठूलो निराशा पनि हुन सक्छ, किनकि एक ख्रीष्टियन अगुवाको रूपमा तपाईं प्रार्थना गर्दैहुनुहुन्छ, तर तपाईंले आफ्नो प्रार्थनामा विश्वासभन्दा बढी डर भएको पाउनुहुन्छ।

तपाईं काम गर्दै हुनुहुन्छ, तर तपाईं उत्तरहरू खोज्दैहुनुहुन्छ र विभिन्न कुराहरू गर्नुहुन्छ, ती कुराले सेवकाइ र जीवनमा काम गर्नेछ भनी आशा गर्नुहुन्छ, परमेश्वरमा विश्वास गर्नुहुन्न। तपाईं परमेश्वरको आज्ञापालन गर्दैहुनुहुन्छ, तर तपाईंको आज्ञाकारितामा प्रायः तीतोपन छ। जब हामीले आफैलाई आफ्नो जीवन र सेवकाइमा हाम्रा परिणामहरू नियन्त्रण गर्न कोसिस गरिरहेका र परमेश्वरले हामीसँग कुश्ती लडिरहनुभएको पाउँछौं तब ती याकूबका विशेषताहरू र हाम्रा विशेषताहरू हुन्। परमेश्वर हामीसँग लडिरहनुभएको थाहा पाउँदा हामीले के गर्नुपर्छ भन्ने कुरा हामीलाई थाहा हुनुपर्छ।

फिलिप्पी 2 अध्यायमा एउटा खण्ड छ, जसले यो कुरा बताउँछ। पद 12 ले यसो भन्छ- "जसरी तिमीहरूले सधैं आज्ञापालन गरेका छौ, मेरो उपस्थितिमा मात्र गरेजस्तो होइन, तर अब झन् बढी मेरो अनुपस्थितिमा डर र कम्पसाथ तिमीहरूको आफ्नो मुक्तिको काम पूर गर्न परिश्रम गर। किनकि तिमीहरूलाई उहाँको असल अभिप्रायअनुसार इच्छा गर्ने र काम गर्ने दुवै तुल्याउनलाई परमेश्वर तिमीहरूमा काम गर्नुहुन्छ।" हामी यो बुझेर भन्छौं, 'अहो, म मात्र यो काम गर्ने कोसिस गरिरहेको छैनँ। वास्तवमा परमेश्वर मसँग कुश्ती लडिरहनुभएको छ। लडाइँ गर्नबाट उम्कन नखोज्नुहोस्। आफ्नो परिस्थिति मिलाउनका लागि चाँडो-चाँडो परिवर्तन गर्ने कोसिस नगर्नुहोस्, तर त्यो व्यक्तिको पछि रहेर तपाईंलाई दुःख दिनुहुनेलाई चिन्नुहोस्, त्यहाँ वास्तवमा तपाईंलाई परिवर्तन गर्नका लागि परमेश्वर कुश्ती लडिरहनुभएको हुन्छ।

आर्थिक समस्याको पछाडि वास्तवमा तपाईंलाई परिवर्तन गर्न परमेश्वर कुश्ती लडिरहनुभएको हुन्छ। त्यो प्रश्न, जसको जवाफ दिनुपर्छ जस्तो लाग्दैन, त्यसको पछाडि वास्तवमा तपाईंलाई परिवर्तन गर्न परमेश्वर कुस्ती लडिरहनुभएको हुन्छ। लडाइँबाट नभाग्नुहोस् र परमेश्वरले तपाईंमा के गर्न चाहनुहुन्छ त्यसमा ध्यान दिनुहोस्। कहिलेकहीं जब हामी यस्तो समयमा हुन्छौं जहाँ परमेश्वर हामीसँग वास्तवमा कुश्ती लडिरहनुभएको हुन्छ। त्यस बेला हामी अरू मानिसलाई दोष दिन्छौं। तिनीहरूमा इमानदार नभएको, तिनीहरूमा प्रतिबद्धता नभएको, तिनीहरूमा सहभागिताको कमी भएको दोष लाउँछौं।

तपाईंले रोकिएर यो बुझ्नु जरूरी छ, 'अहो, यो मेरो बारेमा र परमेश्वरले ममा के गर्न चाहनुहुन्छ त्यसको बारेमा हो। उहाँले मसँग कुश्ती लडिरहनुभएको छ। याकूबले कुस्ती लडे अनि र तिनले छोड्दैछोडेनन्। वास्तवमा परमेश्वर नै तिनीसँग कुश्ती लडिरहनुभएको रहेछ भनी थाहा पाएपछि तिनले छोडेनन्। हामीले के गर्नुपर्छ भने परमेश्वर मसँग कुश्ती लड्दैहुनुहुन्छ भनेर बुझ्नुपर्छ। एक उदार ख्रीष्टियनको रूपमा मेरो पहिचानसँग परमेश्वर मसँग कुश्ती लड्दैहुनुहुन्छ। अनि एक पटक मैले यसलाई स्पष्ट पारेपछि, त्यसबारे मैले के गर्नुपर्छ भनी थाहा पाएँ। त्यसपछि मलाई के भइरहेको छ सो थाहा पाएँ। तपाईं अहिले कुश्ती खेलमा हुनुहुन्छ र यो निराशाजनक छ र यो थकाउने किसिमको छ।

तपाईंले अरू मानिस वा परिस्थितिहरूलाई दोष दिंदै आउनुभएको छ। तर सायद तपाईं नै दोषी हुन सक्नुहुन्छ। तपाईं त्यो काम गर्न सक्नुहुनेछैन।

तर सायद परमेश्वरले तपाईंसँग कुश्ती लडिरहनुभएको हुन सक्छ, किनकि उहाँले तपाईंलाई त्यो आशिष् दिन चाहनुहुन्छ जुन विगतमा तपाईंले परिस्थितिलाई नियन्त्रण र चलाखी गर्ने कोसिस गर्दै अस्वीकार गर्नुभएको थियो। लडाइँ त्यही नै हो।

एकपटक लडाइँमा संलग्न भएपछि हामीले आत्मसमर्पण गर्नैपर्छ भनी हामीलाई थाहा हुन्छ।

हामीलाई उत्पत्ति 32 अध्यायको कथा थाहा छ, परमेश्वरले एसावलाई पहिलेबाटै तयार पार्नुभएको थियो। याकूबले कुनै कुराको चिन्ता लिनु आवश्यक थिएन। याकूबले परिणामलाई नियन्त्रण गर्नु आवश्यक थिएन। तिनले एसावलाई घूस दिने कोसिस गर्नु आवश्यक थिएन। सबै कुरा परमेश्वरको नियन्त्रणमा हुन्छ। उहाँ नियन्त्रणमा हुनुभएकोले नै आत्मसमर्पण गर्नुपर्छ। नयाँ करारले याकूब 4:10 मा हामीलाई यसको सन्दर्भ

दिन्छ, जहाँ भनिएको छ, "प्रभुको सामने आफूलाई विनम्र तुल्याओ र उहाँले तिमीहरूलाई उच्च पार्नुहुनेछ।" त्यहाँ आत्मसमर्पण गर्ने कार्य छ। आत्मसमर्पण गर्ने कार्य निष्क्रिय हुँदैन। तपाईंले हार मानिरहनुभएको हुँदैन।

तपाईंले आफूलाई परमेश्वरमा भरोसा गर्नका लागि तयार पारिरहनुभएको हुन्छ। कल्पना गर्नुहोस्, कि तपाईं सर्कसमा हुनुहुन्छ र तपाईं अग्लो डोरीमा पिङ खेलेको हेर्दैहुनुहुन्छ। त्यो पिङको खेलमा दुई जना व्यक्ति छन्। पिङ खेल्ने व्यक्तिले झुण्डिएर काठमा आफ्नो खुट्टा अडाएर हात फैलाउँदै पिङमा अघि-पछि गर्छ, उसले पिङ खेल्ने अर्को व्यक्तिलाई समात्ने काम गर्छ। पिङ खेल्ने दोस्रो व्यक्ति हावामा उडेर आउँछ, जसलाई समात्ने व्यक्तिले समात्ने गर्छ। यी दुईवटा नियम हुन्छन्। अनि जब पिङ खेल्दै उडेर आउने व्यक्ति आउँछ तब झुण्डिएर समात्ने व्यक्तिले उसलाई समात्छ, यसरी तिनीहरूको प्रदर्शन सफल हुन्छ। अब त्यो तस्वीरलाई सेवकाइमा परमेश्वरसँगको तपाईंको सम्बन्धसित दाँजाउनुहोस्। तपाईं पिङमा उडने व्यक्ति हुनुहुन्छ।

परमेश्वर समात्ने व्यक्ति हुनुहुन्छ।

तपाईं पिङ खेल्दै मच्चिएर हात छोड्नुहुन्छ। मैले सर्कसमा पिङमा झुण्डिएर खेल देखाउनेहरूको बारेमा अध्ययन गर्दा जे थाहा पाएँ त्यो धेरै महत्त्वपूर्ण छ। जब उडेर आउने व्यक्तिले हात छोडेर अर्को व्यक्तिद्वारा समातिनका निम्ति हात बढाउँछ, त्यस बेला तिनीहरू स्थिर हुन्छन्। यदि तिनीहरूले पाखुराहरू समात्ने कोसिस गरे भने तिनीहरू तल खस्नेछन्। तिनीहरू स्थिर हुनुपर्छ। तिनीहरूले अति कडा परिश्रम गर्ने त्यो समात्ने व्यक्तिलाई विश्वास गर्नुपर्दछ, जोसँग झुण्डिएर तिनीहरूका हातहरू पक्रन बलिया मांसपेशीहरू हुन्छन्। तिनीहरू दुवै सफलतापूर्वक मञ्चमा फर्कन सक्छन् र सफल प्रदर्शन गर्न सक्छन्। समर्पण भनेको के हो यो त्यसैको तस्विर हो, जहाँ तपाईं हात छाड्नुहुन्छ र स्थिर बस्नुहुन्छ।

अनि तपाईं भन्नुहुन्छ, 'हे परमेश्वर यो सेवकाइ तपाईंको हो। यी सम्बन्धहरू तपाईंका हुन्। हे परमेश्वर, म तपाईंको हुँ।' हामी आत्मसमर्पण गर्ने कार्य उत्पत्ति 32 अध्यायमा याकूबबाट सिक्छौं।

त्यहाँ यी तीनवटा पाठ छन्।

पहिलो, याकूबले परमेश्वरलाई आफ्नो स्रोतको रूपमा देखे। आत्मसमर्पण आराधनाको एक रूप हो वा हाम्रा प्रार्थनाहरू अहिले उहाँको आराधनाको रूप हो। मैले यो कुरा मानिलिनु पर्‍यो कि भविष्यमा आर्थिक अवस्था संकटमा पर्ला भन्ने डरले गर्दा म धेरै उदार बन्न चाहँदिनथें। त्यसपछि याकूबले आशिष् पाउनका निम्ति पुकारा गर्दछन्।

यो हामीलाई असामान्य जस्तो लाग्छ। हामी त्यस्ता मानिसहरू बन्न चाहन्छौं जसलाई परमेश्वरले आशिष् दिनुहुन्छ। तापनि स्वर्गका पिताको रूपमा परमेश्वर हामीले उहाँलाई आशिषका निम्ति पुकारौं भनेर पर्खिरहनुभएको छ। आशिष् पाउनका लागि परमेश्वरलाई पुकार्नु स्वार्थी हुनु होइन। यसो गर्नु अहंकारी हुनु होइन। आशिषका लागि उहाँलाई पुकार्नु भनेको उहाँ एक मात्र स्रोत हुनुहुन्छ र उहाँ मात्र हुनुहुन्छ जसले तपाईंलाई त्यस प्रकारको आशिष् दिन गर्न सक्नुहुन्छ भनेर स्वीकार गर्नु हो। आत्म समर्पण गर्नु भनेको केही प्राप्त गर्नु हो।

हामीसँग म केही पाउने योग्यको छैनँ भन्ने बाधा वा म गएर त्यो प्राप्त गर्नेछु भन्ने अहंकारको बाधा छैन। हामीसँग यो आत्मसमर्पण छ।

त्यसैले, हामी याकूबले जस्तै पुकारा गर्छौं। हे परमेश्वर, म मेरो सेवकाइ बढाउन सक्दिनँ।

मलाई तपाईंले अभिषेकको साथ आशिष् दिनु आवश्यक छ, ताकि सेवकाइ बढ्न सकोस्। हे परमेश्वर, म जुन कुरा लिएर तपाईंकहाँ आउनुपर्छ त्यो लिएर आउन सक्दिनँ। तपाईंले मलाई तपाईंको उपस्थिति, पवित्र आत्माले आशिष् दिनु आवश्यक छ।

आत्मसमर्पण निष्क्रिय हुँदैन। आत्मसमर्पण धेरै सक्रिय हुन्छ, जहाँ हामी आफैलाई समातिने स्थानमा राख्छौं र हामी याकूबले जस्तै आशिषका लागि पुकारा गर्छौं। त्यसपछि कथामा तपाईंले याकूबलाई रातभरि कुश्ती खेलको देख्नुहुनेछ।

आत्मसमर्पण गर्नुहोस्, यो तपाईंले साँझमा पाँच मिनेटका निम्ति गर्ने र त्यसपछि सकिने कार्य होइन।

आत्मसमर्पण भनेको जीवनमा तपाईंले लिनुहुने एउटा आसन हो।

याकूबको कथा हाम्रा लागि शिक्षाको रूपमा बाइबलमा छ। ख्रीष्टियन नेतृत्वमा, सेवकाइमा, हामी सधैं नियन्त्रण र चलाखी गर्ने कोसिस गर्ने साथै परमेश्वरले हामीलाई दिन चाहनुहुने आशिषहरू प्राप्त गर्ने परीक्षामा पर्नेछौं। जब हामी सम्बन्धहरू बनाउन, परिणामहरू निर्धारण गर्न आफै बाहिर जाने निर्णय गर्छौं, जब हामी आफ्नो हृदयमा हामी परमेश्वर र उहाँले हामीलाई सेवकाइका आशिषहरू दिनुभएकोमा भरोसा गर्ने स्थितिमा छैनौं भनी थाहा पाउँछौं, तब त्यहाँ लडाइँ हुन्छ र त्यो लडाइँले आत्मसमर्पण गर्नेतिर डोऱ्याउँछ।

अनि यस आत्म समर्पणमा हाम्रो आसन यस्तो हुन्छ जहाँ हामी उहाँको आशिष पाउनका लागि पुकारा गर्दछौं र त्यसका लागि रातभरको समय लाग्छ। याकूबको यो कथाको अर्थ हामीले एक रातमा आठ घण्टा प्रार्थना गर्नुपर्छ हो जस्तो मलाई लाग्दैन। मलाई लाग्छ, यो त्यो उदाहरण हो जसले यो हाम्रो जीवनशैलीको आसन हुनुपर्छ भन्दछ। अब जुन क्षण हामी आत्मसमर्पण गर्ने स्थितिमा पुग्छौं, तब त्यहाँबाट वृद्धि हुन थाल्छ।

जब म मेरो विवाह भएको सुरुसुरुका दिनहरूमा उदार हुने विषयमा परमेश्वरसँग कुश्ती लडिरहेको थिएँ र यो परमेश्वरका लागि कुश्ती हो भनी बुझें तब म आत्मसमर्पण गर्ने ठाउँमा आउनु पऱ्यो। सायद 10 वर्षपछि हुन सक्छ, परमेश्वरले मलाई सम्झाउनुभयो कि उदार हुने विषयमा मेरो हृदयमा र मेरो मन अझ धेरै विकास हुनु आवश्यक छ भनी बुझें।

त्यो सम्झाउने कुरा उत्पत्ति 32 अध्यायमा याकूबको कथामा वर्णन गरिएको छ, किनकि परमेश्वरले याकूबको कम्मर छुनुहुन्छ र तिनी लङ्गडो हुन्छन्। हामी जान्दछौं, त्यो कुश्तीमा जित्नका लागि परमेश्वरले त्यसो गर्नु आवश्यक थिएन, तर हामी जान्दछौं, परमेश्वरले त्यो जानाजानी गर्नुभएको थियो। मलाई लाग्छ, यसले याकूबलाई पनि आफ्नो सेवकाइ र जीवनमाथि नियन्त्रण गर्ने परीक्षा सधैं भइरहन्छ भनी स्मरण गराएको हुनुपर्छ र तपाईं पनि यस्तो ठाउँमा आइपुग्नुहुन्छ जहाँ तपाईं भन्नुहुन्छ,

"हे परमेश्वर, तपाईं सर्वोच्च हुनुहुन्छ।"

"म तपाईंका सामु आत्मसमर्पण गर्दछु।"

अनि तपाईं त्यस्तै प्रकारले जिउनुहुन्छ।

के अहिले तपाईंको सेवकाइमा कुनै यस्तो ठाउँ छ जहाँ तपाईंले यसलाई कठिनाइको रूपमा हेर्नुभएको छ? तपाईंले त्यसलाई कठिनाइको रूपमा मात्र हेर्नुभयो?

वास्तवमा तपाईंले परमेश्वरसँग त्यसलाई हटाउन, ती मानिसहरूलाई हटाउन, यो प्रार्थनाको उत्तर दिनुहोस् भनेर प्रार्थना गर्नुभयो।

तपाईंले यो शिक्षा सुनिरहँदा र उत्पत्ति 32 अध्यायमा याकूबको कथाको बारेमा सोच्नुहुँदा तपाईंले "त्यसलाई गलत बुझेको। त्यसलाई बाहिरी रूपमा हेरेको" थाहा पाउनुहुनेछ।

पर्दापछाडि, परमेश्वर मसँग कुश्ती गर्दै हुनुहुन्छ।

उहाँले मसँग कुश्ती गरिरहनुभएको छ र मेरो भलाइ र उहाँको महिमाका लागि परमेश्वरसँग मेरो मुठभेट हुँदैछ, वास्तवमा यो परमेश्वरसँगको मुठभेट हो।

लडाइँको नाम भन्नुहोस्।

यसको बारेमा सचेत हुनका लागि यसलाई भाषा(शब्द) दिनुहोस् र यो तपाईंको भलाइका लागि परमेश्वरसँगको भेटघाट हो भनी बुझ्नुहोस्। त्यसपछि आत्मसमर्पण गर्ने ठाउँमा जानुहोस्।

आफैलाई आशिषका लागि प्रभुलाई पुकार्ने स्थानमा राख्नुहोस्, किनकि तपाईं उहाँको आराधना गर्दैहुनुहुन्छ र तपाईं जान्नुहुन्छ उहाँ मात्र तपाईंको स्रोत हुनुहुन्छ।

जब तपाईं त्यसो गर्नुहुन्छ, तपाईं आफैलाई याकूबको कथाको तेस्रो भागको स्थान राख्नुहोस्।

त्यहाँ लडाइँ भएको थियो, आत्मसमर्पण भएको थियो, तर त्यसपछि त्यहाँ विजय हुन्छ।

यो विजयमा, दुवै पक्ष बराबर भएको छैन। याकूब र स्वर्गदूत प्रभु, दुवै विजयी भएका छन्। तपाईंले देख्नुहुन्छ, परमेश्वरले याकूबलाई कहिल्यै पराजित गर्न चाहनुभएन। उहाँ याकूबलाई विजयीतर्फ डोर्‍याउन चाहनुहुन्थ्यो। परमेश्वरले तपाईंलाई पराजित गर्न चाहनुहुन्न। उहाँ तपाईंलाई विजयतर्फ डोर्‍याउन चाहनुहुन्छ, तर उहाँले तपाईंलाई कुश्ती खेलेर मात्र त्यहाँ पुर्‍याउन सक्नुहुन्छ। अनि याकूबले प्राप्त गरेका विजयको अर्थ तिनी एसावबाट मुक्त गरिए भन्ने होइन।

तिनलाई तिनी आफैबाट स्वतन्त्र गराइएको थियो।

तिनले प्राप्त गरेको विजय तिनको नाउँ परिवर्तनमा थियो। तिमी याकूब थियौ, धोका दिने व्यक्ति थियौ।

अब तिमी इस्राएल हुनेछौ, जो परमेश्वरको साथमा विजय हुन्छ।

हामी उहाँसँग कुश्ती खेलमा हुँदा उहाँले हामीलाई दिनुहुने विजय वास्तवमा हाम्रो व्यक्तिगत परिवर्तनसित सम्बन्धित हुन्छ। जोएल, तिमी आज्ञाकारी थियौ, तर उदार थिएनौ। अब तिमी आफ्नो हृदयमा र तिम्रो आत्मामा र तिम्रो दानमा उदार व्यक्ति भएका छौ।

परमेश्वरका लागि नाउँहरू साँच्चै महत्त्वपूर्ण छन्। ती यति महत्त्वपूर्ण छन् कि नयाँ करारमा, येशूले वास्तवमा आफ्ना चेलाहरूलाई उपनाम दिनुभयो। तपाईं जान्नुहुन्छ, कि तपाईंसँग राम्रो मित्रतामा हुँदा साथीहरूद्वारा तपाईंलाई उपनाम दिइन्छ। येशूले भन्नुभयो, "ए सिमोन, तिमी चट्टान कहलाइनेछौ।" याकूब र यूहन्ना, तिमीहरू गर्जनका छोराहरू कहलिनेछौ।" परमेश्वरका लागि नाउँहरू साँच्चै महत्त्वपूर्ण छन्। ती धेरै महत्त्वपूर्ण छन्। म प्रकाश 21:7 पद पढेर सुनाउन चाहन्छु, त्यसले भन्छ, "जसले विजय प्राप्त गर्छ, म त्यो व्यक्तिलाई नयाँ नाउँ दिनेछु, त्यो पाउनेले त्यसलाई जान्दछ।"

परमेश्वरसँगको अहिले तपाईंको जुन मुठभेड छ, जुन लडाइँ छ, परमेश्वरले तपाईंलाई एउटा नाउँ दिन चाहनुहुन्छ। उहाँले तपाईंको पहिचान बदल्न चाहनुहुन्छ। उहाँसँग तपाईंका लागि एउटा नयाँ नाउँ छ। मेरो लागि यो उदार थियो। तपाईंमध्ये कसैका लागि यो प्रिय, क्षमा पाएको, शक्तिशाली, बुद्धिमान्, सुन्दर हुन सक्छ। त्यो नाउँ जे भए पनि यति जान्नुहोस् कि वास्तवमा त्यही कुराले विजय सुनिश्चित गर्दछ। सेवकाइमा परिणामहरू हुनेछन्, तर विजय तपाईंको व्यक्तिगत परिवर्तन हो।

कहिलेकहीं सेवकाइमा हामी बाहिर जान्छौं र हामीले प्राप्त गर्न चाहेको नतिजा प्राप्त गर्न नियन्त्रण र चलाखी गर्ने कोसिस गर्छौं। जब परमेश्वरले भने हामीलाई उहाँको साथमा आशिष् दिन चाहनुभएको हुन्छ। जब हामी त्यसो गर्छौं, उहाँले हामीलाई त्याग्नुहुन्न। उहाँले हामीलाई छाड्नुहुन्न। उहाँले हामीसँग कुश्ती लड्नुहुन्छ। हामी आफूले लड्न परेको लडाइँलाई परमेश्वरसँगको मुठभेडको रूपमा लिन्छौं। हामी आत्मसमर्पण गर्छौं र उहाँसँग आशिष् माग्छौं र हामी विजय पाउँछौं, अनि त्यसैमा हामी परिवर्तन हुन्छौं।

परमेश्वरसँग मुठभेड गर्नुहोस् र उहाँसँग तपाईंका निम्ति नयाँ नाउँ छ भनी जान्नुहोस्।

# ईश्वरशास्त्र- शत्रुमाथि विजय पाउनु

खम्बाहरूमा एउटा महत्त्वपूर्ण विषय हाम्रो धर्मशास्त्रको शिक्षा(ईश्वरशास्त्र) हो। ख्रीष्टियन अगुवाहरूको रूपमा, हामी जान्दछौं, कि हाम्रो वरपर प्राकृतिक संसार मात्र चलिरहेको छैन। त्यो प्राकृतिक संसारको पछाडि एक आत्मिक क्षेत्र छ। त्यो आत्मिक क्षेत्रमा एउटा लडाइँ छ, जसको बारेमा बाइबलले स्पष्ट रूपमा बताउँछ। तर बाइबलले हामीलाई अगुवाको रूपमा हामी कसरी शत्रुमाथि विजय प्राप्त गर्न सक्छौं र त्यस युद्धमा कसरी विजय हुन सक्छौं भन्ने स्पष्ट निर्देशन पनि दिन्छ।

ती धेरै निर्देशनहरू हामीलाई वास्तवमा एउटा खण्डमा दिइएको छ जुन हामी यस क्लासमा एक अगुवाको दृष्टिकोणबाट हेर्दै हामी आफ्नो जीवनमा र हाम्रा सेवकाइहरूमा र हाम्रा दलहरूसँग यस विजयसहित कसरी जिउन सक्छौं सो हेर्नेछौं। यो निर्देशन एफिसी 6:10 मा सुरु हुन्छ। यहाँ पावलले चर्चलाई यसरी लेख्दछन्, "प्रभुमा र उहाँको शक्तिको सामर्थ्यमा बलवान् होओ। दियाबलस(शैतान)का युक्तिहरूका विरुद्धमा खडा हुन सक्नलाई परमेश्वरका सारा हातहतियार धारण गर। किनकि हाम्रो युद्ध शरीर र रगतको विरुद्ध होइन, तर प्रधानताहरूका विरुद्ध, शक्तिहरूका विरुद्ध, वर्तमान अन्धकारका सांसारिक शासकहरूका विरुद्ध र स्वर्गीय स्थानहरूमा भएका दुष्ट्याइँका आत्मिक सेनाहरूका विरुद्ध हो। यसैकारण परमेश्वरका सारा हातहतियार उठाओ र यसरी खराब दिनको सामना गर्न सक र सबै काम गरेर खडा हुन सक्ने होओ।"

"खडा हुन सक्नालाई सबै कुरा गरिसकेपछि सत्यको कम्मर-पेटी,धार्मिकताको छाती-पाता,मिलापको सुसमाचारको जुत्ता लाएर तयार होओ। यी सबै कुरा गर्नबाहेक विश्वासको ढाल उठाओ, जसबाट तिमीहरू दुष्टका सबै अग्निबाण निभाउन सक्नेछौ।

मुक्तिको टोप लगाओ र पवित्र आत्माको तरवार लेओ, जोचाहिं परमेश्वरको वचन हो।" यो खण्ड हामीले राम्रोसँग जानेका खण्ड हो र तापनि हामीले यसलाई भक्ति(आराधना)को दृष्टिकोणबाट मात्र नहेरेर एक अगुवाको दृष्टिकोणबाट पनि हेर्नु जरूरी छ। पावलले हातहतियारको बारेमा कुरा गर्छन्, तर हतियारको बारेमा कुरा गर्दागर्दै तिनले आफैलाई विजय प्राप्त गर्ने ठाउँमा राख्नका निम्ति सातवटा आज्ञा दिन्छन्, जुन सातवटा आज्ञा यस खण्डमा उल्लेख गरिएको छ। सबैभन्दा पहिले तिनी भन्छन्,"सतर्क रहो।"

त्यहाँ एउटा आत्मिक क्षेत्र छ जहाँ लडाइँ चलिरहेको छ भन्ने कुराबारे सचेत हुनुहोस्। यसबारे सचेत हुनुभयो भने त्यसले तपाईंलाई के भइरहेको छ भनी बुझ्न सहायता गर्दछ। त्यो थाहा नपाउने गरी नसुत्नुहोस्। अगुवाको रूपमा दैनिक कार्यहरूमा मात्र नफस्नुहोस्। कुनै अति महत्त्वपूर्ण कुरा भइरहेको समेत थाहा नपाउने दिन-दिनका कार्यक्रमहरू मिलाउने कार्यमा नफस्नुहोस्, किनकि यदि तपाईं सचेत हुनुभयो भने पवित्र आत्माले तपाईंलाई एक अगुवाले लिनुपर्ने निर्णय लिनका निम्ति आवश्यक पर्ने समझ र जानकारीहरू दिन सक्नुहुन्छ। दोस्रो कुरा तिनी भन्छन्,"प्रभुमा बलवान् होओ।"

तपाईं अगुवापनको सेवकाइमा हुँदा विजय बनेर जिउन सक्ने हुनका निम्ति अरू कुनै अधिकारमा भरोसा नपर्नुहोस्। तपाईंलाई पद(ओहदा)को अधिकार दिइएको छ। तपाईं जति लामो समयसम्म सेवकाइमा हुनुहुन्छ, कहिलेकहीं तपाईंले त्यत्ति नै धेरै अधिकार प्राप्त गर्नुहुन्छ। कहिलेकहीं हामी आफ्नो काम गर्नका निम्ति प्रभुको अधिकारमा भर पर्नुको साटो पदको अधिकारमा भर पर्दछौं। प्रभुमा भएको हाम्रो अधिकारद्वारा नै मानिसहरूको हृदय परिवर्तन हुँदछ, त्यो अधिकारले मानिसहरूको जीवनमा भएको दुष्टको शक्तिलाई तोड्दछ।

पावलले अगुवाहरूलाई भनिरहेका छन्,"सुन, तिमीहरूको पदको अधिकारमा होइन तर प्रभु र उहाँको अधिकार बलवान् बन।" एफिसी 6 अध्यायमा तिनले दिएका तेस्रो आज्ञाले भन्छ, हामीले सम्पूर्ण हातहतियार धारण गर्नुपर्छ।

त्यो भनेको एउटा हतियार वा अर्को हतियार धारण गर्नु भनेको होइन। एक ख्रीष्टियन अगुवाको रूपमा आत्मिक युद्ध लड्दै आत्मिक क्षेत्रमा प्रभुको सेवकाइलाई पूरा गर्नका निम्ति तपाईंले इमानदारिपूर्वक आफैलाई मूल्याङ्कन गर्नुपर्छ। तपाईंले आफैलाई हेर्नुपर्छ र तपाईंले आफ्ना हातहतियार हेर्दै भन्नुपर्छ,"सुन्नुहोस्, मैले सारा हातहतियार धारण गरेको छु?" कहिलेकहीं अगुवाको रूपमा हामी एक वा दुई क्षेत्रमा राम्रो भएको देखिन्छौं। हामीमध्ये केहीले प्रचारकको वरदान पाएका छौं, जब जुत्ता र खुट्टाको र सुसमाचारको कुरा आउँछ त्यस विषयमा हामी धेरै कुरा गर्दछौं। तर हुन सक्छ, आत्माको तरवार जुन परमेश्वरको वचन हो त्यस विषयमा त्यत्ति ध्यान दिंदैनौं।

पावलले अगुवाहरूलाई आफ्नो आदेशमा यसो भन्छन्,"तिमीहरूले आफैलाई जाँच्नुपर्छ र पूर्ण रूपमा सँगसँगै बढ्नुपर्छ, यसरी तिमीहरू सारा हातहतियार बोक्न सक्नेछौ, किनकि कुनै एउटा हतियारको कमी छ भने त्यसले गर्दा एक अगुवाको रूपमा तपाईंको पहिचानमाथि आक्रमण गर्न शत्रुका निम्ति सजिलो हुन्छ।

पावलले चौथो आज्ञा दिन्छन्। तिनले भने, "शैतानको युक्तिहरूको विरुद्धमा तिमीहरू दृढ भएर खडा हुनुपर्छ।"

दृढ भएर उभिनु एउटा यस्तो वाक्यांश हो जुन तिनले सधैं प्रयोग गर्दछ, त्यसले भन्छ तिमीहरूले सत्यमा जरा गाडेका छौ।

जब आरोप र छलका कुराहरू तपाईंको विरुद्धमा आउँछन् र ती आउने नै छन्, ती दुई शत्रुका औजारहरू हुनेछन् र त्यसले आरोप र छलका कुराहरू प्रयोग गर्नेछ र ती कुराहरू तपाईंको विरुद्धमा आउनेछन्। अनि मानिसहरूले तपाईंलाई विभिन्न कुराहरूको आरोप लगाउनेछन् वा तपाईंको बारेमा चारैतिर फैलिएका झुटा कुराहरू फैलाउँछन्। तिनी भन्छन्,"तिमीहरू दृढ भएर खडा रहनू।" यसको अर्थ तपाईंले सत्यमा जरा गाडनुपर्छ भन्ने हो। तपाईं झुटो दोष सहनु हुनेछैन।

झुटो कुरा सहनुहुनेछैन।

तपाईंले आफ्नो प्रतिक्रियालाई व्यक्तिगत चोटद्वारा प्रभावित हुन दिनुहुनेछैन, तर एक अगुवाको रूपमा, तपाईंको जीवनका निम्ति परमेश्वरको योजना जे छ भनी जान्नुहुन्छ त्यस कुरामा दृढ रहनुहुनेछ। अनि तिनी भन्छन्,"तपाईंले यो बानी बसाल्नुपर्छ। जब त्यो आक्रमण हुन्छ र डगमगाउने सम्भावना हुन्छ, तब तपाईंले दृढतापूर्वक खडा हुने संकल्प गर्नुपर्छ।" तिनले पाँचौं आदेश दिन्छन्। मुख्य रूपमा तिनी भन्छन्,"लडाइँको अपेक्षा राख।"

हामी लडाइँमा छौं र हामी लडाइँमा हुनेछौं त्यसैकारण यो सम्पूर्ण खण्ड लेखिएको हो। तिनी भन्छन्,"तिमीहरूले त्यहाँ लडाइँ हुनेछ भनी आशा गर्नुपर्छ र कहिलेकहीं त्यो लडाइँ धेरै चर्को हुनेछ, तर तपाईंले यो बुझ्नुपर्छ कि यदि तपाईं आफ्नो अगुवापनको सेवकाइमा अगाडि बढ्नु हो भने त्यहाँ त्यस्तो समय हुनेछ जब शत्रु तपाईंको विरुद्धमा आउनेछ। र तपाईंका अपेक्षा(चाहना)हरू नियन्त्रण गर्दा तपाईंलाई युद्धको आशा गर्न सहायता गर्नेछ।"

सेवकाइमा बढदैजाँदा कहिलेकहीं अगुवाहरूले सबै कुरा राम्रो हुनेछ, सबैले हाम्रा अगुवाहरूलाई स्वीकार गर्नेछन्, सबै कुरा सिद्ध(पूर्ण) हुनेछ। ठूलो प्रतिफल प्राप्त हुनेछ भनी आशा राख्छन्।

हामी मानिसहरूद्वारा आउने शत्रुको आक्रमणद्वारा देख्न नसक्ने भएकोले त्यसका निम्ति तयार हुँदैनौं।

यो पाँचौं आदेश धेरै महत्त्वपूर्ण छ। लडाइँ हुनेछ भनी आशा गर्नुहोस्, किनकि यसले तपाईंलाई बलियो ठाउँमा राख्छ, तपाईं अन्धाधुन्ध रहनुहुन्न, तपाईं अचम्मित हुनुहुनेछैन। तपाईंले आफ्नो सेवकाइको तयारी गर्दैगर्दा वास्तवमा शत्रु तपाईंको विरुद्ध कसरी लड्न सक्छ भन्ने कुरा जान्न र त्यसका निम्ति तयार हुन सक्नुहुन्छ, अर्थात् तपाईं त्यसको विरुद्ध लडन तयार हुनुहुन्छ।

तिनले छैटौं आज्ञा दिन्छन्, जहाँ तिनी भन्छन्, "तिमीहरूले आफ्नो शत्रुलाई चिन्नुपर्छ।" एफिसी 6 अध्यायमा शत्रुले कसरी काम गर्छ भनी गरेका वर्णनले हामीलाई शत्रु र त्यसको काम अनि त्यसले धेरै प्रकारले काम गर्छ भन्ने जानकारी दिन्छ। तपाईंसे शत्रु को हो भनेर चिन्नुपर्छ। तर मलाई लाग्छ कि पावलले हामी ख्रीष्टियन अगुवाहरूलाई यो पनि शिक्षा दिइरहेका छन् कि यदि हामीले शत्रु को हो भनेर जान्यौं भने शत्रु को होइन भन्ने पनि जान्नेछौं। मैले देखको छु, धेरै ख्रीष्टियन अगुवाहरूले गलत शत्रुसँग लड्न गर्न धेरै ऊर्जा नष्ट गर्दछन्।

वास्तविक शत्रु को हो सो चिन्नुहोस्। त्यो शत्रु, दुष्ट, दुष्ट शक्तिसित होसियार रहनुहोस् र तपाईंले शत्रु चिन्न भुल गर्नुभएको छैन र आफ्नो ऊर्जा गलत शत्रुमा नष्ट पारिरहनुभएको छैन भनी निश्चित हुनुहोस्। कहिलेकहीं ख्रीष्टियन अगुवाहरूको रूपमा हामी अरू मानिसहरू हाम्रा शत्रु हुन् भनी सोच्दछौं।

हामी त्यो शत्रु सरकारी संस्थाहरू पनि हुन सक्छन् भनी सोच्छौं।

हामीलाई आफ्नो शत्रु परिस्थिति हुन सक्छ भन्ने लाग्छ।

पावल भन्छन्, शत्रु एक जना मात्र छ र जब तपाईंले त्यो शत्रुलाई चिन्नु र जान्नुहुन्छ, तब तपाईं त्यो शत्रु विरुद्ध लड्न सक्ने बनेर तयार हुनुहुन्छ। गलत शत्रुमा आफ्नो ऊर्जा नष्ट नगर्नुहोस्। त्यसपछि तिनले यस खण्डमा सातौं आज्ञा दिँदै भन्छन्,

"कहाँ लड्ने भन्ने तपाईंलाई थाहा हुनुपर्छ।"

तिनी भन्छन्, यी सबै लडाइँहरू स्वर्गीय क्षेत्रहरूमा भइरहेका हुन्छन्।

एक ख्रीष्टियन अगुवाको रूपमा हामीसँग प्राकृतिक परिस्थितिहरू भन्दा उता, तीभन्दा पर, तीभन्दा पछाडि रहेका अर्थमा हेर्ने क्षमता र आत्मिक परिपक्वता छ। अनि हामी जान्दछौं, स्वर्गीय स्थानहरूमा लडाइँ भइरहेको छ र त्यो लडाइँ गलत विचार वा गलत शब्दहरू भएका मानिसहरूमा परिणत हुन्छ। त्यो लडाइँ गलत तरिकामा व्यवहार गर्ने मानिसहरूमा परिणत हुन्छ, तर त्यो केवल तिनीहरूको व्यवहार वा तिनीहरूका विचारहरू वा तिनीहरूका शब्दहरू होइनन्। तर त्यसको पछाडि केही भइरहेको हुन्छ।

कहाँ लड्नुपर्छ भनेर जान्नुहोस्,यसरी तपाईंलाई के भइरहेको छ भन्ने कुरा थाहा हुन्छ। यसैले तिनले हामीलाई स्वर्गीय स्थानहरूमा, त्यो आत्मिक क्षेत्रमा कसरी लड्ने भनेर जान्नका लागि यो हातहतियार दिनुहुन्छ। अब, यो हातहतियार साँच्चै महत्त्वपूर्ण तस्वीर हो, जुन पुरानो करारमा दिइएको छ, जुन शत्रुमाथि विजय हासिल गर्न नयाँ करारको शिक्षाको तयारी गर्न दिइएको हो। सायद यस हातहतियारको स्पष्ट चित्रहरूमध्ये एउटा पुरानो करारको कथा हो, जहाँ दाऊदले वास्तवमा कवच(झिलम) पहिरिन अस्वीकार गरे।

तपाईंहरूमध्ये धेरैले दाऊद र गोल्यतको कथा जान्नुहुन्छ।

तर धेरै पटक त्यो कथा पढदा हामी यसलाई गलत दृष्टिकोणबाट पढ्छौं।

हामी आफैलाई दाऊदको रूपमा हेर्छौं र हाम्रो जीवनमा गोल्यतहरू छन् र हामीले ती गोल्यतहरूसँग लडाइँ गर्नुपर्छ र परमेश्वरले हाम्रो जीवनमा भएका ती शत्रुहरूलाई नाश पार्ने शक्ति दिनुहुन्छ। अनि म धार्मिक रूपमा प्रयोगमा ल्याउनुपर्ने कुरा पनि बुझ्दछु, तर म तपाईंलाई यो कथाको अर्को व्याख्या दिन्छु।

तपाईंले देख्नुहुन्छ, मलाई लाग्छ यो कथा येशू ख्रीष्टको बारेमा हो।

कथा यस्तो छ- त्यहाँ एउटा देश, इस्राएल छ, जसमाथि आक्रमण भइरहेको छ र आक्रमण गर्ने देशसित दैत्यजस्तो व्यक्ति गोल्यत छ, जसको कारण इस्राएलको फौज डराउँछ। सबै सिपाहीहरू निष्क्रिय भएका छन्। शाऊललगायत कुनै पनि सिपाही शत्रुसँग लड्न जाँदैन।

तपाईं बुझ्नुहुन्छ, यो कथामा हामी सिपाहीहरू हौं।

निष्क्रिय भएका सिपाहीहरू हामी हौं। काँपिरहेका सिपाहीहरू हामी नै हौं।

शत्रु हाम्रा लागि धेरै ठूलो छ, हामीले सामना गर्नै नसकिने छ। अनि त्यसपछि कथामा एक गोठालो केटो आउँछ।

यसैले मलाई लाग्छ कि यो येशूको तस्वीर हो।

दाऊद, गोठालो केटो भित्र आउँछ। हामी जान्दछौं, बाइबलले दाऊदलाई प्रायः येशूको अगमवाणीय तस्वीरको रूपमा वर्णन गर्दछ। अनि दाऊद अन्योलमा छन्। तपाईं किन डराउनुहुन्छ? के तपाईंलाई परमेश्वर को हुनुहुन्छ र उहाँको शक्ति के हो भन्ने कुरा थाहा छैन र?

तर दाऊदले सिपाहीहरूलाई हप्काउनुको सट्टा, सिपाहीहरूको गिल्ला गर्दै घर फर्कनुको सट्टा,

भने, "म तिमीहरूको पक्षमा लड्नेछु।

म तिमीहरूका निम्ति प्रतिनिधि हुनेछु।" र शाऊलले दाऊदलाई हातहतियार दिन खोज्छन्, तर हतियार मात्र प्राकृतिक माध्यम हो।

यो दाऊदको पहिचानसँग मिल्दैनथ्यो।

दाऊद हाम्रा लागि प्रतिनिधित्व गर्नुहुने येशूको तस्वीर हुन्। हामी शक्तिहीन भयौं भने शत्रुसँग लड्न सक्नेछैनौं, त्यस बेला येशू आउनुहुन्छ र उहाँ भन्नुहुन्छ,"म तिमीहरूको पक्षमा शत्रुसँग लड्नेछु।" अनि तपाईंलाई थाहा छ, दाऊदले गोल्यतलाई मार्छ।

एक पटक दाऊदले गोल्यतलाई मारेर विजय प्राप्त गरेपछि सिपाहीहरूमा अचानक त्यहाँ विश्वास र साहस उत्पन्न हुन्छ। अनि सिपाहीहरू लडाइँमा सामेल हुन्छन् र आक्रमणकारी शत्रु सेनालाई लखेट्न थाल्छन्।

हामीसँग पनि त्यस्तै हुन्छ।

ख्रीष्टको विजयको कारण हामी डराउने र निष्क्रिय सिपाहीहरूबाट विश्वास र साहस भरिएका सिपाहीहरू हुन सक्छौं।

तर यो ख्रीष्टको विजयबाट सुरु हुन्छ।

अनि त्यो विजयमा हामीलाई दिइएको हातहतियारका भागहरू हामी बुझ्दछौं, किनकि पावलले एफिसी 6 अध्यायमा चर्चा गरेका परमेश्वरका हातहतियार वास्तवमा त्यो कवच हो जसले हामीलाई शत्रुसँग लड्न ख्रीष्टको विजयको स्थानमा राख्दछ। उदाहरणका लागि, तिनले सत्यको कम्मर पेटीको बारेमा कुरा गर्छन्। यशैया 11:5 ले यो कुरा यसरी भन्दछ,"उहाँको पेटी धार्मिकता हुनेछ र उहाँको कम्मरको पटुका सत्यता हुनेछ।"

शत्रुको एक मात्र हतियार भनेको आरोप लाउनु र छल गर्नु हो। तर जब तपाईंसँग सत्यको कम्मर पेटी हुन्छ र ख्रीष्ट को हुनुहुन्छ र ख्रीष्टले के गर्नुभयो अनि ख्रीष्टको कारण तपाईंको निम्ति उपलब्ध शक्ति र उहाँले आफ्नो वचनद्वारा तपाईंलाई दिनुभएको सत्यता जान्नुहुन्छ, तब तपाईं ख्रीष्टको काममा खडा हुनुहुन्छ। पावलले धार्मिकताको छाती-पाता र मुक्तिको टोपको बारेमा कुरा गर्छन्।

यशैया 59:17 ले यो कुरा यसरी भन्छ,"उहाँले धार्मिकताको छाती-पाता र शिरमा मुक्तिको टोप पहिरिनुभयो।"

यशैयाले ख्रीष्टको बारेमा अगमवाणी गर्दै ख्रीष्ट कसरी हाम्रो धार्मिकता हुनुहुन्छ भन्ने कुरा बताउँछन्। तपाईं जान्नुहुन्छ, कवच लगाउने अगुवाको रूपमा यो हामी येशूमा विश्वास गर्नेबाट येशूको जस्तो विश्वास भएको व्यक्तिमा परिवर्तन भएको जस्तो हो।

जब म येशूमा विश्वास गर्छु, मलाई उहाँले गर्नुभएको काम थाहा हुन्छ र म त्यो काम आफ्नै बनाउँछु र म उहाँको कामका लागि आभारी हुन्छु। तर जब म येशूको विश्वास प्राप्त गर्नका लागि मेरो परिपक्वतामा बढ्छु, तब म त्यो काम गर्न सक्षम हुन्छु। म शत्रुसँग लड्न सक्छु, किनकि म मेरो धार्मिकता र मेरो मुक्तिको पहिचानमा दृढ छु। शत्रुले मानिसहरूद्वारा ममाथि लगाउने कुनै पनि आरोप वा गर्ने कुनै पनि छलले कुनै मलिलो भूमि भेट्टाउनेछैन, किनकि म येशूमा मात्र विश्वास गर्दिनँ।

मसँग येशूको विश्वास छ, जसले मलाई यसरी जिउन सक्षम बनाउँछ। अगुवाको रूपमा, हामीले हाम्रा मानिसहरूलाई हातहतियार धारण गर्न सहायता गर्नुपर्छ। हामीले तिनीहरूलाई येशूले तिनीहरूका लागि जे गर्नुभयो त्यसका लागि येशूमा विश्वास गर्नु मात्र होइन, तर तिनीहरूले संसारमा र आत्मिक क्षेत्रमा लडाइँमा लड्न सक्छन् भन्ने येशूको जस्तो विश्वास राखेर उनीहरूलाई बढ्न सहायता गर्न आवश्यक छ। त्यसपछि उनी भजन 91 अध्याय विश्वासको ढालको बारेमा कुरा गर्छन्। यहाँ हामी यसरी पढछौं, "उहाँले तिमीलाई आफ्नो ढाल(प्वाँख)ले छोप्नुहुनेछ।

उहाँको पखेटामुनि तिमीले शरण पाउनेछौ।

उहाँको विश्वसनीयता तिम्रो ढाल र पर्खाल हुनेछ। तिमी रातको ठूलो त्रासदेखि र दिनमा उडेर आउने बाणसँग डराउनेछैनौ।"

यस्तो लाग्छ, भजनकारलाई यो कुरा थाहा थियो।

तपाईं जान्नुहुन्छ, अबको सयौं वर्षपछि शत्रुका अग्निबाणहरूको बारेमा लेखिएको खण्ड हुनेछ।

तर त्यहाँ एउटा ढाल छ। तर जब भजनसंग्रहले त्यो ढालको वर्णन गर्दछ, तिनले आत्मियता, आवरण, शरणस्थानको वर्णन गर्दछ।

सेवकाइमा अगुवाको रूपमा, तपाईं आक्रमणमा पर्नुहुनेछ।

प्रायः एफिसी 6 अध्यायलाई लिएर "मैले सधैं शैतानसँग लडाइँ गरिरहेको हुनुपर्छ" भनेर व्याख्या गर्न सजिलो हुन्छ।

तर मलाई लाग्छ, विश्वासको ढालले हामीलाई शैतानसँग लड्नुभन्दा पनि येशूसँग घनिष्ठ हुनमा ध्यान केन्द्रित गर्नु महत्त्वपूर्ण छ भनेर सिकाउनका लागि त्यहाँ छ।

यदि हामीले आफ्नो सम्पूर्ण शक्ति शत्रुसँग लड्नुमा लगायौं भने, हामीले त्यो घनिष्ठता पनि गुमाउन सक्छौं। तर यदि हामीले येशूसँगको घनिष्ठतामा आफ्नो सम्पूर्ण शक्ति लगायौं भने, हामीमा यो विश्वास हुन्छ।

यदि तपाईंले इच्छा गर्नुभयो भने येशूसँगको हाम्रो सम्बन्धको कारण हामीसँग यो गहिरो जरा गाडेको विश्वास, यो ढाल छ।

अगुवाहरूको रूपमा, हामी मानिसहरूलाई त्यहाँ यो अर्को संसार छ र हामीसँग त्यो संसारमाथि अधिकार छ भनी जानकारी दिन्छौं, हाम्रो नेतृत्वको प्रभावको हिस्सा उनीहरूलाई शैतानसँग कसरी लड्ने भनेर सिकाउनु मात्र होइन, तर उनीहरूलाई साँच्चै शिक्षा दिनु र येशूसँगको घनिष्ठतातर्फ डोऱ्याउनु हो, जुन घनिष्ठताबाट तिनीहरूले सामर्थ्य र अधिकार प्राप्त गर्छन्। त्यसपछि पावलले आत्माको तरवारको बारेमा कुरा गर्छन्। यशैया 49:2 ले यो कुरा यसरी भन्दछः

"उहाँले मेरो मुख धारिलो तरवार जस्तै बनाउनुभयो। उहाँले मलाई आफ्नो हातको छहारीमुनि लुकाउनुभयो। उहाँले मलाई चिल्लो र टल्कने काँढ बनाउनुभयो र मलाई आफ्नो ठोक्रेमा लुकाइराख्नुभयो।"

पावल भन्छन्, आत्माको यो तरवार वचन हो।

एक ख्रीष्टियन अगुवाको रूपमा, यो अत्यन्त महत्त्वपूर्ण छ।

तपाईं परमेश्वरको वचनमा हुनु कति महत्त्वपूर्ण छ भनेर मैले जति नै जोड दिए पनि त्यो कम हुन्छ। मैले धेरै ख्रीष्टियन अगुवाहरू भेटेको छु जो आफ्नो सेवकाइ चलाउन धेरै व्यस्त छन्, कार्यक्रमहरूमा यति व्यस्त छन्, कि उनीहरूले वास्तवमा परमेश्वरको वचन राम्रोसँग बुझ्न र खानुमा समय बिताउँदैनन्। निस्सन्देह, तिनीहरूलाई केही वचन जानेका हुन्छन्।

तिनीहरूले प्रचार गर्नका लागि पनि अरू मानिसहरूका सन्देशहरू सापट लिन्छन्।

तर हामी परमेश्वरको वचनमा यसकारण हुन्छौं किनकि यसले हामीमा सत्यता भण्डार गरेर राख्छ।

जब सत्य तपाईंमा हुन्छ, तब आरोप र छलहरूको तपाईंमा कुनै असर हुँदैन। तपाईं दृढ भएर खडा रहन सक्नुहुन्छ। तपाईंसँग यसो भन्ने क्षमता हुन्छ,"तपाईंलाई थाहा छ, म यो सुन्छु। म यो बुझ्छु। तर धर्मशास्त्र बाइबलले यसो भन्छ। परमेश्वरको वचनले जे भन्छ म त्यसैमा खडा हुन्छु।" मलाई लाग्छ, त्यहाँ यस्ता समयहरू हुन्छन् जब हामी दुश्मनका लागि धेरै खुल्ला हुन्छौं।

यदि हामीलाई परमेश्वरको वचन थाहा छैन भने, त्यो समयमा परमेश्वरको वचनमा पढन धेरै गाह्रो हुन्छ। आत्माको तरवार, अर्थात् परमेश्वरको वचन हामीलाई सामर्थी बनाउनका निम्ति नै हो, यसले त्यस्तो समय आउँदा हामीलाई साँच्चै शक्तिका साथ अगाडि बढन सक्ने बनाउँछ। म त्यो वचन पूर्ण रूपमा बुझ्छु र त्यो वचन ममा भएकोले ती आरोपहरू लाग्दा म त्यसका लागि तयार हुन्छु।

एक अगुवाको रूपमा अबको एक महिनापछि त्यस्तो आरोपका लागि तयार हुनका निम्ति तपाईंले वचनको बारेमा के जान्नु आवश्यक छ?

त्यसपछि यो हातहतियारको अन्तिम भाग 'तयार खुट्टाहरू' हुन्। यशैया 52:7 ले यो कुरा यसरी भन्दछः"सुसमाचार प्रचार गर्नेहरूका पाउ डाँडाहरूहुँदो कति सुन्दर छन्, जसले शान्तिको घोषणा गर्दछन्, जसले शुभ समाचार ल्याउँछन्, जसले उद्धारको घोषणा गर्दछन्, जसले सियोनलाई भन्दछन्, 'तेरा परमेश्वरले राज्य गर्नुहुन्छ'।" पावलले विशेष गरी यसो भन्छन्,"शत्रुको विरुद्धमा रक्षा गर्ने सबैभन्दा राम्रो तरिका भनेको येशू ख्रीष्टको सुसमाचारमा केन्द्रित अगाडि बढदैजाने योजना हुनु हो। एक ख्रीष्टियन अगुवाको रूपमा येशू ख्रीष्टको सुसमाचार हरसमय तपाईंको ओठमा हुनुपर्छ। ख्रीष्टियन सेवकाइको रूपमा येशू ख्रीष्टको सुसमाचारको उद्देश्य हरसमय तपाईंको कार्यसूचीमा हुनुपर्दछ, जब तपाईंसँग यस संसारमा सुसमाचार ल्याउनमा जरा गाडेको आक्रमण(तपाईंले गर्ने)हुन्छ तपाईंसँग शत्रुको विरुद्ध प्रतिरक्षा हुनेछ।

त्यहाँ एउटा शत्रु छ, तर हामीसँग अधिकार छ, हामीसँग शक्ति छ र हामीसँग विजय छ।

एफिसी 6 अध्याय एउटा महत्त्वपूर्ण खण्ड हो, जसले हामीलाई ख्रीष्टियन अगुवाहरूको रूपमा शत्रुलाई जित्न र विजयको साथमा सेवा गर्नका निम्ति कसरी खडा हुने र अगाडि बढ्ने भन्ने कुरा देखाउँछ।

# ईश्वरशास्त्र- युद्ध विश्वदृष्टि

खम्बाहरूमा महत्त्वपूर्ण विषय ईश्वरशास्त्र(बाइबल धर्मशास्त्रको शिक्षा) हो।

बाइबलले वास्तविकता र जीवनको बारेमा के सिकाउँछ भनेर हामीले बुझ्नु धेरै महत्त्वपूर्ण छ। कहिलेकहीं हामी परिस्थितिहरूलाई सीमित दृष्टिकोणले हेर्दछौं।

म तपाईंलाई एउटा कथा भन्न चाहन्छु, तपाईंलाई थाहा भएकै कथा हो, तर त्यो कथाको अर्को पाटो बताउँछु। यो उत्पत्तिदेखि प्रकाशको पुस्तकसम्मको परमेश्वरको कथा हो।

तपाईंलाई चलिरहेको लडाइँको सन्दर्भबाट परमेश्वरको कथाको व्यापक दृष्टिकोण दिनका लागि 1 यूहन्ना 5:19 ले यसबारे भनेको कुरा हेरौं,"हामी जान्दछौं, हामी परमेश्वरका हौं र सारा संसार त्यस दुष्टको अधीनमा परेको छ।"

यूहन्नाले स्पष्ट भन्छन्, कि यहाँ कुनै तटस्थ(बीचको) स्थान छैन, त्यहाँ यो युद्ध चलिरहेको छ। यसका दुई पक्ष छन्। त्यहाँ दुष्ट छ र त्यसपछि उहाँको ईश्वरत्वमा परमेश्वर हुनुहुन्छ। हामीले उत्पत्तिदेखि प्रकाशको पुस्तकसम्मको कथालाई यही युद्धको विश्व दृष्टिकोण(सन्दर्भ)सहित बुझ्नुपर्छ, किनकि यसले हामीलाई हाम्रा सेवकाइहरू र हाम्रा अगुवापनका कार्यहरू पूरा गर्न सहायता गर्नेछ।

मानवताको कथा मानवताबाट नै सुरु हुँदैन, यो सृष्टिभन्दा अघि सुरु हुन्छ। लूका 10:18 मा यो कुरा यसरी बताइएको छ।

तब येशूले तिनीहरूलाई भन्नुभयो,"मैले शैतानलाई स्वर्गबाट बिजुली जस्तै खसेको देखें।"

यहाँ हामी एउटा दृष्टिकोण पाउँछौं, जसले भन्छ, मानिसलाई सृष्टि गर्नअघि पनि त्यहाँ लडाइँ भएको थियो, त्यहाँ क्रोध थियो, हामी लडाइँमा प्रवेश गर्न अघिदेखि नै युद्ध भइरहेको थियो र त्यसपछि हामी त्यससँग परिचित हुन थाल्छौं। बाइबलले उत्पत्तिको पुस्तक हाम्रो कथा बताउँछ र यो लडाइँ जारी रहन्छ, किनकि हामीले सृष्टिको कथामा शत्रुलाई देख्छौं, जससँग ज्ञान छ, जो धूर्त छ, त्यसलाई परमेश्वरले आदम र हव्वासँग गर्नुभएको कुराकानीको बारेमा थाहा छ र त्यसले तिनीहरूलाई त्यही कुरा फेरि सुनाउँछ। त्यो कुनै प्रकारले तिनीहरूलाई आफ्नो अधीनमा ल्याउन सबैभन्दा कमजोर व्यक्ति हव्वाकहाँ जान्छ र अर्को कुरा उत्पत्ति 3 अध्यायको सुरुदेखि नै त्यो शत्रु श्रापित छ भनी हामी जान्दछौं, अर्थात् परमेश्वर र शत्रुको लडाइँमा उनीहरू समान स्तरमा हुँदैनन्, परमेश्वर उच्च हुनुहुन्छ र शत्रु एक पराजित शत्रु हो अनि यो कथा अगि बढदैजाँदा हामीले त्यो उदाहरणलाई मनमा राख्नुपर्छ।

उत्पत्तिको पुस्तकबाट त्यो कथा पुरानो करारमा सर्छ र जब तपाईं साँच्चै पुरानो करार र इस्राएलको इतिहास पढ्नुहुन्छ, जुन पुरानो करारको कथा हो, त्यसमा बुनिएको अलौकिक ब्रह्माण्ड युद्धको निरन्तरता पाउनुहुन्छ। त्यहाँ दानिएल 10 अध्यायको जस्तो असाधारण कथाहरू छन्, जब दानिएललाई सहायता गर्न एक स्वर्गदूत पठाइन्छ, तर तिनले तीन हप्तासम्म ढिलाइ गर्छ र अर्को स्वर्गदूत, मिखाएल आएर दानिएललाई सहायता गर्नुपर्छ, किनकि उसले दुष्टसँग लडिरहेको हुन्छ र तपाईंले यो दृश्यको पछाडि स्वाभाविक रूपमा एउटा आत्मिक युद्ध चलिरहेको देख्नुहुन्छ।

हामी अय्यूबको कथा पाउँछौं र अय्यूबको चरित्रको विषयमा परमेश्वर र शत्रुहरू बीचको कुराकानी पाउँछौं र यसले हामीलाई यस्तो ठाउँमा पुर्‍याउँछ, जुन धेरै रहस्यमय छ। हामी मानिसले त्यो पूर्ण रूपमा बुझ्न सक्दैनौं, तर हामी जान्दछौं, त्यहाँ वास्तविकताको एउटा अर्को पक्ष छ र उत्पत्तिदेखि प्रकाशको पुस्तकसम्मको हाम्रो कथामा यो युद्धको दृष्टिकोण छ, जुन दृष्टिकोण हामीमा हुनुपर्छ। तपाईं नयाँ करारमा प्रवेश गर्नुहुन्छ र

क्रिसमसको कथाले पनि यो कुरा झल्काउँछ। म  प्रकाश 12:3 र 4 पढ्न चाहन्छु र "अनि स्वर्गमा अर्को एउटा चिन्ह देखियो। सातवटा शिर, दशवटा सिङ र शिरमा सातवटा मुकुट लाएको एउटा ठूलो रातो अजिङ्गर देखा पर्‍यो। त्यसको पुच्छरले स्वर्गको एक तिहाइ ताराहरूलाई सोहोरेर पृथ्वीमा फालिदियो। बालक जन्मनसाथ त्यसलाई निलिहालूँ भनी त्यो अजिङ्गर बालक जन्माउन लागेकी स्त्रीको सामुन्ने खडा थियो। सामान्यतया चर्च सेवाहरूमा बाल-बालिकाको कार्यक्रमहरूमा क्रिसमसको जुन कथा प्रदर्शन गरिन्छ त्यो त्यति मात्र होइन।

आत्मिक लडाइँ चलिरहेको छ र शत्रुले यो बच्चालाई नाश पार्न चाहन्छ र क्रिसमसको समयमा र परमेश्वरका पुत्रको जन्म हुन लाग्दा पर्दा पछाडि भइरहेको वास्तविकता यही हो। लूका 4 अध्यायमा पनि जब येशूलाई उजाड-स्थानमा लगिन्छ र शत्रुद्वारा उहाँको परीक्षा हुन्छ, त्यस बेला येशूले शत्रुले लिएको स्थानलाई अस्वीकार गर्नुहुन्न र यो त्यही चलिरहने युद्धको तस्वीर हो। त्यसपछि ख्रीष्टले सेवकाइ गर्नुभएको तीन वर्ष छ, जहाँ हामी येशूलाई र उहाँका शिक्षाहरू, उहाँका आश्चर्यकर्महरू र आखिरमा हामी उहाँको मृत्यु र उहाँको पुनरुत्थान देख्छौं।

तर यदि तपाईंले सुसमाचारका पुस्तकहरूमा येशूको सेवकाइका तीन वर्षको अवधिलाई ध्यानपूर्वक पढ्नुभयो भने सबैभन्दा महत्त्वपूर्ण कुरा, तपाईं त्यहाँ लडाइँ भइरहेको पाउनुहुनेछ। त्यहाँ एक लडाइँ चलिरहेको छ। यसलाई 1 यूहन्ना 3:8 मा यसरी भनिएको छ,"दियाबलस(शैतान)का कामहरू नष्ट पार्नलाई नै परमेश्वरका पुत्र प्रकट हुनुभएको हो।"

येशू त्यसैका निम्ति आउनुभएको हो र शैतानका कामहरूलाई बाइबलमा दुई प्रकारले परिभाषित गरिएको छ। त्यसले व्यक्तिगत रूपमा मानिसहरूसँग छल गर्दै तिनीहरूलाई परमेश्वरको विरुद्धमा विद्रोह गर्न उक्साउँछ, जुन काम त्यसले हव्वा र आदमबाट सुरु गरेको थियो।

तर त्यसले समाजका ढाँचाहरू साथसाथै यस संसारका प्रधानताहरू र शक्तिहरूका ढाँचाहरू निर्माण गर्ने पनि काम गर्दछ, जसमा त्यसले छल र दुष्टता गर्न सक्ने परिस्थितिहरू निर्माण गर्दछ। येशू मानिसमाथि हुने पापको शक्ति र समाजमाथि हुने दुष्टताको शक्तिलाई नष्ट गर्न आउनुभयो र यो कुरा उहाँको तीन वर्षको सेवकाइमा देखियो। यसको उत्कृष्ट उदाहरणहरूमध्ये एउटा त्यो घटना हो जहाँ भूतात्माहरूको फौज दुई हजार सुँगुरहरूमा पस्दछ र जब तपाईं मर्कूस 5 अध्यायमा त्यो घटना पढ्नुहुन्छ तब त्यो शत्रुको बारेमा के थाहा पाउनुहुनेछ भने त्योसँग आफ्नो सैन्य दल पनि छ। त्यसले कुनै पनि कुरा विनाउद्देश्य गर्दैन।

उहाँले जे गर्नुहुन्छ त्यसको पछाडि एउटा उद्देश्य र कार्यक्रम हुन्छ। शत्रु एक प्रकारको परजीवी हो। त्यसको बस्ने कुनै ठाउँ हुँदैन, त्यसैले अस्तित्वमा रहने उपायको रूपमा वस्तुहरूमा बस्दछ। तर त्यो शत्रु पनि शक्तिहीन र हतास अनि निरास छ, किनकि त्यो शत्रु ख्रीष्टमा परमेश्वरको राज्यको उपस्थितिबाट पराजित हुँदैछ र यो शत्रुले यातना दिन्छ।

यो तस्वीर(उदाहरण)नयाँ करारभरि छ र यसलाई बुझ्नु महत्त्वपूर्ण छ।

येशू बिरामीहरूलाई निको पार्न, भूतहरू धपाउन, मानिसहरूमा कठिनाइ देख्दा परमेश्वरको अधिकारको घोषणा गर्दै गाउँ-गाउँमा जानुभयो।

भलो परमेश्वरले किन यस्तो हुन दिनुहुन्छ त्यसबारे येशूले कहिल्यै केही भन्नुभएन।

येशूले भन्नुभयो हामी लडाइँमा छौं र हामीले अधिकार लिनु आवश्यक छ।

यस युद्धको दृष्टिकोणलाई बुझ्दा हामीलाई प्राकृतिक दृश्यको पछाडि के भइरहेको छ भनेर बुझ्न सहायता गर्दछ। अहिले हामी जिइरहेको चर्च युगमा र प्रेरितको पुस्तकदेखि भएको यस्ता धेरै सन्दर्भहरू देख्छौं, जसले हामीलाई शत्रुले कसरी काम गर्दछ र त्यसका प्रक्रियाहरू बुझ्न सहायता गर्दछ जसद्वारा शत्रुसँग कसरी लड्ने

भनी हामी जान्दछौं। हामी के भइरहेको छ भनेर सही व्याख्या गर्न जान्दछौं। उदाहरणका लागि, त्यो चित्रण देखाउने केही पदहरू छन्। 1 थेसलोनिकी 2:18 मा पावलले चर्चलाई लेख्दै भन्छन्, "हामी तिमीहरूकहाँ आउन खोजेका थियौं - म पावलचाहिं बारम्बार आउन चाहें - तर शैतानले हामीलाई रोक्यो।"

पावल भन्छन्, शत्रुले परिस्थितिहरूलाई असर पार्छ र एक अगुवाको रूपमा तपाईंले विशेष परिस्थितिहरूमा 'के त्यसको पछि शत्रुले त काम गरिरहेको छैन' भनी आफैलाई प्रश्न गर्दै मूल्याङ्कन गर्नुपर्छ, यसरी तपाईं कसरी उचित प्रक्रिया गर्नुपर्छ भनी जान्नुहुनेछ। त्यसपछि एफिसी 6:12 मा पावलले लेख्छन्,"किनकि हाम्रो युद्ध शरीर र रगतको विरुद्ध, शक्तिहरूको विरुद्ध, वर्तमान अन्धकारका सांसारिक शासकहरूको विरुद्ध र स्वर्गीय स्थानहरूमा भएका दुष्ट्याइँका आत्मिक सेनाहरूको विरुद्ध हो।" पावलले यसो भनेका छन्, "सुन, एक अगुवाको रूपमा जब तिमीहरू अगाडि बढछौ, तब तिमीहरू लडाइँमा पर्छौ, तर तिमीहरूको लडाइँ अरू मानिसहरूसँग हो भनी नसोच।

त्यो लडाइँ सरकारी अधिकारीहरूसँग मात्रै हो भन्ने नसोच्नुहोस्।

यो लडाइँ तपाईंको सेवकाइका अगुवाहरूसँग मात्रै हो भनेर नसोच्नुहोस्। त्यो लडाइँको केन्द्रमा एक आत्मिक लडाइँ छ, जुन त्यहाँ रहेको शत्रुको विरुद्ध चलिरहेको छ।"

2 कोरिन्थी 11:14 मा पावलले भने, "यो कुनै अचम्मको कुरा होइन, किनकि शैतानले पनि ज्योतिर्मय स्वर्गदूतहरू भेस धारण गर्छ।"

पावल भनिरहेका छन् कि यस युद्धलाई यसरी बुझ्नुपर्छ कि शैतानको काम यति धूर्त छ कि त्यसले आफैलाई ख्रीष्टियन जस्तो देखिने, ख्रीष्टियन जस्तै बोल्ने र व्यवहार गर्ने व्यक्तिको भेस लिन सक्छ, जो तपाईंको दल वा तपाईंको सेवकाइमा पनि सुटुक्क पस्न पनि सक्छ।

शत्रुले यसरी नै काम गर्दछ।

2 कोरिन्थी 4:4 मा हामीलाई भनिएको कुरा अरू केही पदहरूमा पनि पाइन्छ। तिनी भन्छन्,"ख्रीष्ट, जो परमेश्वरको रूप हुनुहुन्छ, उहाँको महिमाको सुसमाचार तिनीहरूले नदेखून् भनेर यस संसारको देवले अविश्वासीहरूको समझलाई अन्धो तुल्याइदिएको छ।"

पावलले स्पष्ट रूपमा भने, "शत्रुले मानिसहरूलाई देख्नबाट रोक्ने काम गरिरहेको छ।" के तपाईं मानिसहरूले ध्यान नदिंदा वा तिनीहरूले तपाईंको कुरा नसुन्दा अनि त्यो परिस्थितिको पछाडि यस संसारको देवले मानिसहरूलाई अन्धो बनाइदिएको छ र तिनीहरूले सुसमाचारको विरोध गर्दैछन्, जुन विरोधको अपेक्षा गर्नुपर्छ र त्यसको जवाफ दिनुपर्छ भन्ने दृष्टिकोण तपाईंमा नभएकोले निराश हुन थाल्नुहुन्छ?

प्रेरित 10:38 ले यसो भन्छ,"परमेश्वरले नासरतका येशूलाई पवित्र आत्मा र शक्तिलाई अभिषेक गर्नुभयो। उहाँ सुकर्म गर्दै र दियाबलस(शैतान)बाट पेलिएकाहरूलाई निको पार्दै हिंड्नुभयो, किनकि परमेश्वर उहाँको साथमा हुनुहुन्थ्यो।" बाइबलले स्पष्ट भन्छ, केही रोगहरू यस दुष्ट शक्ति र त्यहाँ भएको दुष्टसँग जोडिएका हुन्छन् र अगुवाहरूको रूपमा त्यस परिस्थितिलाई बुझ्दा र सचेत हुँदा त्यसको सामना गर्न हामी सहायता पाउँछौं।

यूहन्ना १०:१०,"येशूले भन्नुभयो चोर त चोर्न, मार्न र नाश पार्न मात्र आउँछ। म त तिनीहरूले जीवन पाऊन् र त्यो प्रशस्त मात्रामा पाऊन् भन्ने हेतुले आएँ।"

शत्रुको वर्णन गर्दै येशू भन्नुहुन्छ,"शैतानले मृत्युको डर मनमा हालिदिन्छ र नयाँ जन्म पाएका र तपाईंसँग सेवा गर्ने मानिसहरूमा पनि मृत्युको डर हुन्छ, तर यसको पछाडि यो दुष्ट शक्ति हुन्छ र जब हामी यो बुझ्छौं र वास्तविकतालाई यसरी अर्थाउँछौं तब हामी मानिसहरूप्रति कम कठोर, उनीहरूलाई दोष नलगाउने र आत्मामा हाम्रो नेतृत्वको भूमिकाको बारेमा बढी सचेत हुन सक्छौं, किनकि हामीसँग यो युद्धको बारेमा यस्तो

दृष्टिकोण हुन्छ।" प्रेरित 5:3 त्यस्तै अर्को पद हो। तब पत्रुसले भने,"ए हनानिया, पवित्र आत्मासँग झुट बोल्ने र जमिनको बिक्रीको मोलबाट केही हिस्सा आफूसँग राख्ने कुरा शैतानले कसरी तिम्रो मनमा भरिदियो?"

बाइबलले भन्छ, शत्रुले वास्तवमा हव्वा र आदमदेखि लिएर सबै मानिसहरू, यहाँसम्म कि ख्रीष्टियनहरूको मनमा पनि पापका विचारहरू, परमेश्वरको मापदण्डभन्दा विपरीत व्यवहार गर्ने र जिउने विचारहरू हालिदिन्छ।

शत्रु यस्तो शक्तिशाली तरिकामा छल गर्ने काममा लागेको छ। यूहन्ना 13:27 ले यसो भन्छ, "यहूदाले रोटीको टुक्रा लिएपछि शैतान त्यसभित्र पस्यो।" त्यसैले येशूले त्यसलाई भन्नुभयो,"तिमीलाई जे गर्नु छ, सो चाँडै गरिहाल।"

शत्रुले मानिसहरूलाई थिचोमिचो गर्दछ।

कहिलेकहीं शत्रुले पनि मानिसलाई आफ्नो अधीनमा पार्दछ।

ख्रीष्टियन अगुवाको रूपमा हामी जुन कुराहरूबाट गुज्रिरहेका छौं त्यो एउटा प्राकृतिक अभ्यास होइन भन्ने एउटा समझ, एउटा दृष्टिकोण प्रदान गर्नका निम्ति यी सबै दिइएका हुन्। यो प्राकृतिक परिवर्तन र प्राकृतिक कार्यक्रमहरू मात्र होइन, तर हामी वास्तवमै महत्वपूर्ण युद्धको बीचमा छौं जुन मानिस सृष्टि हुनु अघिदेखि नै हुँदैआएको छ। बाइबलले जुन लडाइँको बारेमा हामीलाई सिकाउँछ त्यो पहिले नै जितिसकिएको छ, तर हामी यस चरणमा छौं जहाँ हामी अझै पनि त्यो विजयमा जिइरहेका छौं। 2 तिमोथी 2:26 ले यसरी भन्छ, "तिनीहरू चेतना पाएर दियाबलस(शैतान)को पासोबाट उम्कनेछन्, जसले तिनीहरूलाई त्यसको इच्छाअनुसार चल्नलाई कैदी बनाएको छ।"

येशूले लूका 22:31 मा यो कुरा उद्धृत गर्नुभयो, उहाँले भन्नुभयो,"सिमोन, सिमोन, हेर, शैतानले तिमीलाई गहूँजस्तै निफन्ने अनुमति मलाई मागेको छ।" उहाँले भन्नुभयो, "सुन पत्रुस, शैतान तिमीलाई परीक्षामा पार्न चाहन्छ। त्यसले तिमीलाई बहकाउन चाहन्छ। त्यसले तिम्रो परीक्षा लिइरहेको छ। त्यसमा तिमी सचेत रहो। एक अगुवाको रूपमा, तपाईंलाई यो सत्य पनि भन्न सकिन्छ कि शत्रु सक्रिय छ र कहिलेकहीं तपाईंको मनमा यस्ता विचारहरू आउँछन् र त्यस बेला तपाईंले आफैलाई सोध्नुपर्छ, त्यो विचार कहाँबाट आउँदैछ?

यो स्वर्गबाट आएको होइन।

यो परमेश्वर र उहाँको वचनबाट होइन।

त्यो विचार नरकको खाडलबाट आउँदैछ। त्यो विचार दुष्ट स्रोतबाट आउँदैछ र तपाईंले त्यो विचारलाई कैदी बनाउन सक्नुहुन्छ। एफिसी 4:26 मा भनिएको छ,"क्रोधमा गर, तर पाप नगर। घाम अस्ताउन अघि नै तिमीहरूको रीस मरोस्, दियाबलसलाई मौका नदेओ," किनकि शैतानले त्यो पवित्र रीसलाई लिएर नराम्रो घृणामा परिणत गर्न सक्छ।

मैले ख्रीष्टियन अगुवाहरूमा यस्तो भएको देखेको छु, जब कुनै गलत कुरा हुन्छ तपाईंमा धार्मिक रीस उत्पन्न हुन्छ, तर चाँडै त्यो यस्तो रीस बन्छ जसद्वारा परमेश्वरको महिमा हुँदैन, अनि त्यो परिस्थितिको पछाडि शत्रुले काम गर्दछ।

चर्च युगमा जे भइरहेको हुन्छ ती सबैको विवरण हामी पाउँछौं र हामीसँग भएका धेरैवटा अनुभवहरू, यी अनुभवहरूमा वास्तवमा शैतानले ती परिस्थितिहरूको पछाडि बसेर काम गरिरहेको हुन्छ।

शत्रुसँग केवल दुईवटा हतियार छन्, आरोप लगाउने र छल गर्ने। बाइबलले भन्छ, त्यो हाम्रो छेउमा आउनेछ र हामीलाई दोष लगाउनेछ वा त्यसले अरूलाई दोष लगाउनेछ वा धोका दिनेछ।

हामीले धर्मशास्त्रको शिक्षालाई बुझ्नु जरूरी छ, हाम्रो बाइबल शिक्षाको एक भाग हामीसँग यो लडाइँको दृष्टिकोण हुनु हो। यो महत्त्वपूर्ण कुरा यो छ कि प्रकाश 20 मा वर्णन गरिएको अन्तिम युग आउँदैछ। जहाँसम्म लडाइँको दृष्टिकोणको कुरा आउँछ, त्यो यस कथाको हाम्रो बुझाइको भाग हुनुपर्दछ।

प्रकाश 20:1-3 ले भन्छ,"त्यसपछि अतल कुण्डको साँचो(चाबी) र एउटा ठूलो साङलो हातमा लिएका एउटा स्वर्गदूत स्वर्गबाट ओर्लेर आएको मैले देखें र तिनले त्यो अजिङ्गर, त्यो प्राचीन सर्प, जो दियाबलस वा शैतान हो, त्यसलाई पक्रे अनि एक हजार वर्षका निम्ति बाँधेर राखे। तिनले त्यसलाई अतल कुण्डमा फालिदिए र त्यो कुण्ड बन्द गरी मोहोर लगाइदिए, ताकि एक हजार वर्ष अन्त्य नभएसम्म जाति-जातिहरूलाई त्यसले बहकाउन नपाओस्।"

अन्तिम समयको विषयमा तपाईंको विशेष धर्मशास्त्रीय धारणा जेसुकै भए पनि एउटा कुरामा हामी सबै सहमत हुन सक्छौं, शैतानले अन्तिम युगमा हुने घटनाहरू र गतिविधिहरूमा प्रमुख भूमिका खेल्दछ।

हामी एउटा लडाइँको बीचमा छौं भन्ने कुरा हामीलाई थाहा होस् भनेर मैले तपाईंलाई पुरानो करारको रहस्य अर्थात् सृष्टि-पूर्वदेखि सृष्टिको कथा, ख्रीष्टको जीवन, चर्चको युगदेखि अन्तिम युगसम्मको कथा बताउँछु।

यदि तपाईं युद्धग्रस्त देशमा बस्नुहुन्छ भने, यदि तपाईं हरेक बिहान उठ्नुहुँदा तपाईंको छेउछाउमा बम बारुदहरू पड्किरहेका छन् भने, त्यसले तपाईंको परिस्थितिलाई हेर्ने, तपाईंको भविष्यलाई हेर्ने, तपाईंको आफ्ना छोराछोरीलाई हेर्ने दृष्टिकोण परिवर्तन हुनेछ। तपाईं लडाइँको बीचमा हुनुभएकोले त्यसले तपाईंको प्रार्थना गर्ने तरिकालाई पनि बदल्छ।

येशू भन्नुहुन्छ, तपाईं युद्धको बीचमा हुनुहुन्छ र त्यो युद्धले हाम्रो वास्तविकतालाई हेर्ने, मानिसहरूलाई हेर्ने, परिस्थितिहरूलाई हेर्ने हाम्रो दृष्टिकोण बदलिनुपर्छ, त्यसरी हामी प्राकृतिक रूपमा भइरहेको कुरालाई मात्र स्पष्ट नबुझेर आत्मिक स्थानहरूमा के भइरहेको छ भन्ने कुरा पनि बुझ्छौं।

तपाईं भन्नुहुन्छ,"तर हामीले विजय पाइसकेका छौं होइन र?"

म इतिहासको उदाहरण दिंदै यो बुझाउने कोसिस गर्नेछु।

दोस्रो विश्वयुद्धको बेला त्यहाँ दुईवटा अति विशेष मितिहरू थिए, जसको बीचमा लगभग 11 महिनाको अन्तराल थियो। एउटा दिनलाई V-Day (विजयको दिवस)भनिन्थ्यो र अर्को दिनलाई D-Day(निर्णयको दिवस) भनियो। पहिलो दिन डी-डे- त्यो दिन थियो जब मित्रराष्ट्रका सेनाहरू फ्रान्सको समुद्रतटमा उत्रिएर ठूलो सैनिक कार्यबाही सुरु गरे अनि यदि तिनीहरू सफल भएमा लडाइँ सकियो भनी सबैलाई थाहा हुन्थ्यो। तर V-Day, अर्थात् विजय दिवस आउन 11 महिना लाग्थ्यो। 11 महिनापछि त्यो मितिमा सबै अधिकारीहरू बस्थे र 11 महिना अघि नै सबैले जानेका कुरामा हस्ताक्षर गरी अनुमोदन गर्थे। तापनि त्यो प्राप्त विजयमा सहमत भएर हस्ताक्षर र अनुमोदन गर्न तिनीहरूलाई 11 महिना लाग्थ्यो।

D-Day अर्थात्, निर्णयको दिन र V Day, विजय दिवस।

हामीले हाम्रो डी-डे मनाएका छौं। त्यो D-Day क्रूस, येशूको मृत्यु र उहाँको पुनरुत्थान हो। बाइबलले स्पष्ट बताउँछ, त्यो निर्णायक घटना थियो र सबैले जान्दछन्, येशूको मृत्यु र पुनरुत्थानद्वारा क्रूसमा विजय प्राप्त भएको थियो तर हामीले अहिलेसम्म हाम्रो विजयको दिनको अनुभव गरेका छैनौं।

जब फेरि आउनुहुनेछ, त्यो हाम्रो विजयको दिन हुनेछ। यदि तपाईंले दोस्रो विश्व युद्धको इतिहास अध्ययन गर्नुभयो भने जीत तय भइसकेर पनि त्यसको अनुमोदन(पुष्टि)नभएकोले त्यो निर्णयको दिन र विजय दिवस बीचको 11 महिनामा त्यहाँ लगातार झडपहरू, ससाना लडाइँहरू, मानिसहरू हताहत भइरहेको पाउनुहुनेछ। हामी त्यो 11 महिना बीचको चर्चको रूपमा बाँचिरहेका छौं। उहाँको मृत्यु र पुनरुत्थान एक निर्णय हो। हामी

जान्दछौं, हामीले विजय पाएका छौं, तर उहाँको पुनरागमन त्यो विजयको पूर्णता हुनेछ र हामी यस बीचमा बाँचिरहेका बेला त्यहाँ हताहतहरू हुनेछन् र त्यहाँ अझै झडपहरू र लडाइँहरू जित्न बाँकी छ।

अझै पनि चुनौतीहरू आउँछन् तर हामी जान्दछौं, हामीसँग विजय छ र एक दिन त्यो विजयलाई पूर्ण रूपमा अनुमोदन(पुष्टि)गरिनेछ। त्यसैले आज हामी त्यो विजयमा हिंड्न सक्छौं, तर हामीसँग त्यस्तो दृष्टिकोण हुनुपर्दछ जसले प्राकृतिक दृश्य पछाडिको युद्ध चलिरहेको छ, हामी हाम्रो सेवकाइमा प्रवेश गर्न बोलाइएका छौं, हामी आफ्नो सेवकाइमा विजय प्राप्त गर्न बोलाइएका छौं भनी बुझ्दछ।

■